# ‘दुर्गम उचाइमा फूलको आँधी’ कवितासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**लक्ष्मी बराल**

क्याम्पस रोल नं. २१
त्रि.वि. दर्ता नं. ९–१–२४०-२६७-९९
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

२०६८

# त्रिभुवन विश्वविद्यालय

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग,**

**भरतपुर, चितवन**


# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनकी छात्रा लक्ष्मी बरालले स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरेको **'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कनसमिति

**प्रा.डा. नारायणप्रसाद खनाल** ______________ हस्ताक्षर
विभागीय प्रमुख

**सहप्राध्यापक दामोदर रिजाल** ______________ हस्ताक्षर
शोधनिर्देशक

**गोविन्दराज विनोदी** ______________ हस्ताक्षर
बाह्यपरीक्षक

मिति : २०६८/ /

‘दुर्गम उचाइमा फूलको आँधी, कवितासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन    लक्ष्मी बराल    २०६८

# पहिलो परिच्छेद

# शोधपरिचय

## दोस्रो परिच्छेद

# शैलीविज्ञानको सैद्धान्तिक स्वरूप

# तेस्रो परिच्छेद

# कविताका शैलीविश्लेषणका आधारहरू

## चौथो परिच्छेद

# 'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहको संरचनात्मक विश्लेषण

# पाँचौँ परिच्छेद

# 'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहको शैलीवैज्ञानिक विश्लेषण

# छैटौं परिच्छेद

# उपसंहार तथा निष्कर्ष

# सन्दर्भग्रन्थसूची

# परिशिष्ट खण्ड

# शोधनिर्देशकको मन्तव्य

प्रस्तुत **'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको शोधपत्र स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा लक्ष्मी बरालले मेरो निर्देशनमा तयार गर्नुभएको हो । शोधपत्र तयारीका क्रममा सामग्रीसङ्कलनदेखि शोधपत्र लेखनकार्यसम्म शोधार्थीको अथक मिहिनेत र परिश्रम परेको छ । मिहिनेतपूर्वक तयार गरिएको प्रस्तुत शोधपत्र मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६८/७/२

**दामोदर रिजाल**
सहप्राध्यापक
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**नेपाली विभाग**
भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

प्रस्तुत **'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन र विश्लेषण** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको पाठ्यांश परिपूर्तिका निम्ति तयार गरिएको हो । प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु सहप्राध्यापक दामोदर रिजालको निर्देशनमा तयार पारेकी हुँ । अध्ययनका क्रममा आफ्नो अत्यन्त कार्यव्यस्तताबाट पनि यथाशक्य समय उपलब्ध गराई आत्मीयतापूर्वक मलाई समुचित निर्देशन दिनुभएकोमा सर्वप्रथम म शोधनिर्देशक आदरणीय गुरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्नुहुने आदरणीय गुरु तथा विभागीय प्रमुख प्रा.डा. नारायणप्रसाद खनालज्यूप्रति पनि म कृतज्ञता प्रकट गर्न चाहन्छु । साथै यस शोधपत्र तयारीका क्रममा अमूल्य सल्लाह, सुझाव दिएर सहयोग गर्नुहुने आदरणीय क्याम्पस प्रमुख प्रा.डा. गणेशप्रसाद खरालज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । विषयप्रतिको अध्ययन र रुचिलाई जागृत गराई मलाई सदैव अध्ययनप्रति प्रेरणा प्रदान गर्नुहुने सहप्रा.डा. लक्ष्मणप्रसाद गौतमप्रति पनि म हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

यस शोधपत्रको तयारीका क्रममा आवश्यक सामग्रीसङ्कलन गर्ने कामदेखि लिएर सोधपुछका क्रममा आफ्नो समय दिई पूर्ण सहयोग गर्नुहुने कवि *मोमिला जोशी* तथा उहाँको परिवारप्रति म हार्दिक आभारी छु । लेखनकार्यका निम्ति सदैव हौसला, प्रेरणा एवम् प्रोत्साहन दिई सहयोग पुऱ्याउनुहुने वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागका सम्पूर्ण गुरुहरू तथा वीरेन्द्र बहुमुखी क्याम्पसको पुस्तकालय परिवारप्रति आभार व्यक्त गर्दछु । शोधपत्र तयारीका क्रममा मलाई उत्साह, ऊर्जा प्रदान गर्ने मेरा मित्रहरूप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

प्रस्तुत शोधपत्र तयार पार्ने सिलसिलामा मलाई प्रेरणा दिने मेरा अभिभावक नरहरि पोखरेल, मुन्नी पोखरेल, शिवकुमार बराल, गीता बराल एवम् व्यक्तिगत रूपमा घरायसी चाँजोपाँजो मिलाई हरेक पल प्रेरणा दिने मेरा मान्य श्रीमान् मिलनकृष्ण पोखरेलप्रति पनि म आभारी छु । यसका अतिरिक्त यो शोधपत्र तयार पार्ने क्रममा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग

पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूका साथै यस शोधपत्रलाई शुद्धसँग समयमै टङ्कण गरिदिनुहुने 'निक द डिजाइनर'-नारायणगढका श्री दीपेन्द्रकुमार जोशी 'निक' र सुमिना जोशीज्यूहरूप्रति पनि म आभारी छु ।

अन्त्यमा, **दुर्गम उचाइमा फूलको आँधी कवितासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

मिति : २०६८।८।२

**लक्ष्मी बराल**
त्रिभुवन विश्वविद्यालय
**वीरेन्द्र बहुमुखी क्याम्पस**
नेपाली विभाग
भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार रहेको छ :

| | |
|---|---|
| क.सं. | क्रमसङ्ख्या |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |
| सह-प्रा. | सह-प्राध्यापक |
| संस्क. | संस्करण |

# विषयसूची


(क) स्वीकृतिपत्र

(ख) शोधनिर्देशकको मन्तव्य

(ग) कृतज्ञताज्ञापन

(घ) सङ्क्षेपीकृत शब्दसूची

## पहिलो परिच्छेद
## शोधपरिचय

| | | |
|---|---|---|
| १.१ | शोधपरिचय | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | शोधकार्यको औचित्य र महत्त्व | ४ |
| १.६ | शोधकार्यको क्षेत्र र सीमा | ५ |
| १.७ | सामग्रीसङ्कलन विधि | ५ |
| १.८ | शोधविधि र सैद्धान्तिक ढाँचा | ५ |
| १.९ | शोधकार्यको रूपरेखा | ५ |

## दोस्रो परिच्छेद
## शैलीविज्ञानको सैद्धान्तिक स्वरूप

| | | |
|---|---|---|
| २.१ | शैलीविज्ञानको परिचय | ७ |
| २.२ | शैली शब्दको व्युत्पत्ति र अर्थ | ८ |
| २.३ | शैलीविज्ञानको परिभाषा | ९ |
| २.४ | शैलीविज्ञानको सैद्धान्तिक स्वरूप | ११ |
| २.५ | शैलीविज्ञान : विश्लेषणप्रक्रिया | १२ |
| २.६ | कृतिविश्लेषणको सैद्धान्तिक प्रारूप | १३ |
| २.७ | विश्लेषणप्रक्रियाका विभिन्न चरणहरू | १५ |

२.७.१ पहिलो चरण : तथ्याङ्कीकरण १५
२.७.२ दोस्रो चरण : विश्लेषण १५
२.७.३ तेस्रो चरण : अर्थच्छाया १५
२.८ निष्कर्ष १६

## तेस्रो परिच्छेद
## कविताका शैलीविश्लेषणका आधारहरू

३.१ परिचय १७
३.२ चयन १८
३.२.१ शब्दचयन २०
३.२.२ वाक्यचयन २०
३.२.३ उखानटुक्काको चयन २०
३.२.४ थेगो वा व्यक्ति भाषाको चयन २०
३.२.५ भाषिक चिह्नको चयन २१
३.२.५.१ पर्यायवाची चयन २१
३.२.५.२ व्यावहारिक चयन २२
३.२.५.३ व्याकरणिक चयन २२
३.२.५.४ शैलीय चयन २२
३.२.५.५ विशिष्ट पारिभाषिक शब्दको चयन २२
३.२.५.६ वाक्यात्मक चयन २२
३.३ अग्रभूमि निर्माण २३
३.३.१ विचलन २४
३.३.१.१ कोशीय विचलन २५
३.३.१.२ व्याकरणिक विचलन २६
३.३.१.३ आर्थी विचलन २६
३.३.१.४ भाषिकागत विचलन २७
३.३.१.५ प्रयुक्ति विचलन २७
३.३.१.६ लेखिमिक विचलन २८
३.३.२ समानान्तरता २८
३.३.२.१ बाह्य समानान्तरता २९
३.३.२.२ आन्तरिक समानान्तरता २९
३.४ प्रयुक्ति विविधता २९
३.५ निष्कर्ष ३०

## चौथो परिच्छेद
## 'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहको संरचनात्मक विश्लेषण


४.१ संरचनाको अर्थ ३१
४.२ संरचनाको परिभाषा ३२
४.३ कृतिगत संरचना ३३
४.३.१ साहित्यिक संरचना ३४
४.३.१.१ बनोट ३४
४.३.१.२ बुनोट ३५
४.४ 'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहको संरचनात्मक विश्लेषण ३५
४.५ कृति विश्लेषण ३६
४.६ प्रगीतात्मक संरचना ६८
४.७ निष्कर्ष ६९


## पाँचौं परिच्छेद
## 'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहको शैलीवैज्ञानिक विश्लेषण


५.१ परिचय ७०
५.२ 'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहमा विचलनको प्रयोग ७०
५.२.१ कोशीय विचलनको प्रयोग ७०
५.२.२ अर्थतात्त्विक विचलनको प्रयोग ८०
५.२.३ प्रयुक्ति विचलनको प्रयोग ९७
५.२.४ लेखिमिक विचलनको प्रयोग १०२
५.२.५ ध्वनितात्त्विक विचलनको प्रयोग १०५
५.३ 'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहमा समानान्तरताको प्रयोग १०६
५.३.१ बाह्य समानान्तरताको प्रयोग १०६
५.३.२ आन्तरिक समानान्तरताको प्रयोग १११
५.४ निष्कर्ष १२०


## छैटौं परिच्छेद
## उपसंहार


६.१ उपसंहार तथा निष्कर्ष १२१

## सन्दर्भग्रन्थसूची

(क) प्रमुख सन्दर्भग्रन्थसूची १२४
(ख) सहायक सन्दर्भग्रन्थसूची १२४
(ग) सहायक सन्दर्भपत्रिकासूची १२५

## परिशिष्ट खण्ड

'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहको आवरण पृष्ठ १२६

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधपरिचय

नेपाली कवितापरम्परामा समकालीन पुस्ताका माझमा रहेर नवीन शिल्पसञ्चेतना, नवीन विषयवस्तु र सौन्दर्यपरक भावाभिव्यञ्जनाका धारहरूलाई समाविष्ट गर्दै कविता लेख्ने मोमिला निजात्मक/वैयक्तिक अनुभूतिमा केन्द्रित रही उत्कृष्ट निबन्धहरू रचना गर्ने निबन्धकार पनि हुन् । **पैयुँ फुल्न थालेपछि** (कवितासङ्ग्रह, २०५२) **नीलो-नीलो आकाश** र **दुईथोपा आँसु** (निबन्ध-कवितासङ्ग्रह सहलेखन, २०५३), **जूनकीरीहरू ओर्लिरहेछन्** (कवितासङ्ग्रह, २०५५), **ईश्वरको अदालतमा आउटसाइडरको बयान** (निबन्धसङ्ग्रह, २०६३) र **सगरमाथाको नृत्यमग्न आत्मा** (स्रष्टा र सृष्टि : प्रतिनिधि आधुनिक नेपाली कविताको प्रयोगपरक सम्पादन) उनका प्रकाशित कृतिहरू हुन् । उनले प्रज्ञापदक कविता महोत्सव (२०५५), शताब्दी युवा सम्मान (२०५७), मोहन रेग्मी स्मृति सम्मान (२०५५), गुञ्जन प्रतिभा पुरस्कार (२०६२), युवावर्ष मोती पुरस्कार (२०६२), धनकुटा प्रतिभा पुरस्कार (२०६४), सम्पदा राष्ट्रिय सम्मान (सन् २००८), देवकोटा शताब्दी काव्यसम्मान (सन् २००९), सद्भावना राजपूत सम्मान (सन् २०११), राष्ट्रिय प्रतिभा सम्मान (सन् २०११) प्राप्त गरेका छन् ।

**दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहको विषयगत, वस्तुगत एवम् विविध विषयवस्तुका दृष्टिकोणबाट अध्ययन-विश्लेषण भए पनि भाषासम्मत प्रयोगात्मक, प्रविधिगत दृष्टिले शैलीवैज्ञानिक अध्ययन-विश्लेषण हुन सकेको छैन । यस कृतिको शैलीवैज्ञानिक अध्ययन-विश्लेषण गर्न उपयुक्त देखिएकाले **'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहको शैलीवैज्ञानिक विश्लेषण** शीर्षक चयन गरिएको हो ।

## १.२ समस्थाकथन

**दुर्गम उचाइमा फूलको आँधी कवितासङ्ग्रहको शैलीवैज्ञानिक विश्लेषण** शीर्षकसँग सम्बद्ध भएर गरिएको शोधकार्य शैलीविज्ञानसम्बद्ध उपकरणको आधारमा गरिएको हुँदा यसका निम्नलिखित समस्याहरू चयन गरिएका छन् –

(क) शैलीविज्ञानको सैद्धान्तिक स्वरूप कस्तो छ ?

(ख) कविताका शैलीविश्लेषणका आधारहरू के-के हुन् ?

(ग) **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहको संरचनात्मक विश्लेषण कस्तो रहेको छ ?

(घ) **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहमा विचलनको प्रयोग कसरी गरिएको छ ?

(ङ) **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहमा समानान्तरताको प्रयोग कसरी गरिएको छ ?

यी प्रश्नहरूमा केन्द्रित रहँदै प्रस्तुत शोधपत्र सम्पन्न गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्यहरू

विभिन्न समस्याहरूमा केन्द्रित भई **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन-विश्लेषण गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ । यसका खास उद्देश्यहरू यी रहेका छन् –

(क) शैलीविज्ञानको सैद्धान्तिक स्वरूपको निर्माण गर्नु ।

(ख) कविताका शैलीविश्लेषणका आधारहरू पहिचान गर्नु ।

(ग) **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहको संरचनात्मक विश्लेषण गर्नु ।

(घ) **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहमा प्रयुक्त विचलनको प्रयोग देखाउनु ।

(ङ) **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहमा समानान्तरताको प्रयोग देखाउनु ।

यिनै उद्देश्यहरूमा केन्द्रित रही शोधशीर्षकको अध्ययन-विश्लेषण गरिएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

समकालीन नेपाली कविताका क्षेत्रमा नवप्रवृत्ति र नवीन चिन्तनका धारमा रहेर अनुभूति र संवेगजन्य कविता लेख्ने मोमिला कवि हुन् ।

यिनको **दुर्गम उचाइमा फूलको आँधी** कविताङ्ग्रहमा भएका कविताहरूको विषयगत, भावगत र वस्तुगत अध्ययन-विश्लेषण भए पनि शैलीगत अध्ययन-विश्लेषण हुन सकेको छैन । हालसम्म **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहमाथि गरिएका समालोचकीय टिप्पणी र अध्ययनलाई कालक्रमिक रूपमा यसरी प्रस्तुत गरिएको छ :

> वानीरा गिरीद्वारा *दुर्गम उचाइमा फूलको आँधी* शीर्षकको लेखमा मोमिलाको **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहको भावगत, विषयगत, वस्तुगत अध्ययन-विश्लेषण गर्ने क्रममा भाषाशैलीगत विश्लेषण गरिएको छ । कविताका प्राप्ति मूल्य, महत्तामाथि सूक्ष्म रूपमा अध्ययन-विश्लेषण गरिएको छ ।[१]
>
> विप्लव ढकालद्वारा मोमिलाको **दुर्गम उचाइमा फूलको आँधी** कृतिमाथिको भूमिकामा कृतिगत मूल्य र महत्तामाथि विषयगत र वस्तुगत रूपमा चर्चा गरिएको छ । कृतिमा प्रयुक्त शब्दसंयोजन र कृतिको अर्थसत्ताको बारेमा विश्लेषण गरिएको छ । कृतिकारको प्रमुख प्रवृत्ति र विशेषतालाई देखाइएको छ । कृतिकारको कृति सृजनाको अवस्था, काव्यकला निर्माणको वैयक्तिक चेतनाको बारेमा अध्ययन-विश्लेषण गरिएको छ ।[२]
>
> डी.पी भण्डारीद्वारा *मोमिला र लोचन : झङ्कार दुई लक्ष्य एक*मा मोमिलाको **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहमा रहेका कविताको विषयगत, वस्तुगत र केन्द्रीय कथ्यशिल्पको बारेमा चर्चा गरिएको छ ।[३]
>
> लक्ष्मणप्रसाद गौतमले **समकालीन नेपाली कविताका प्रवृत्ति**मा समकालीन नेपाली कविताका प्रवृत्तिको विश्लेषण गर्ने क्रममा मोमिलाको **दुर्गम उचाइमा फूलको आँधी** शीर्षकको कवितासङ्ग्रहभित्रका अर्थविशेषाङ्क, कविको रङ्गयात्रा, हराएको म, कविताहरूको विषयगत, वस्तुगत र भाषाशैलीगत विश्लेषण गरेका छन् ।[४]

---

[१] वानीरा गिरी, *दुर्गम उचाइमा फूलको आँधी,* **पुनर्जागरण**, (वर्ष ५, अङ्क १०, जेठ ६, २०६०), पृ. २ ।

[२] मोमिला, **दुर्गम उचाइमा फूलको आँधी**, *भूमिका,* विप्लव ढकाल, (काठमाडौं : कालचक्र नेपाल, २०६६), पृ. अन्तिम आवरण ।

[३] डी.पी. भण्डारी, *मोमिला र लोचन : झङ्कार दुई लक्ष्य एक,* **कान्तिपुर**, (वर्ष ५, अङ्क ६, वैशाख ५, २०६१) ।

[४] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति कविताको विश्लेषण**, (काठमाडौं : पैरवी प्रकाशन, २०६६) ।

मोदनाथ अधिकारीद्वारा *नेपाली काव्यमा आएको एउटा आँधी : दुर्गम उचाइमा फूलको आँधी* शीर्षकमा कविताका मूल्य प्राप्ति, उद्देश्य, वस्तुतत्त्व, भाषाशैलीय विन्यास आदिका बारेमा चर्चा गरिएको छ ।[५]

**दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहमा भएका कविताहरूमा वस्तुविधान, भाषाविधान, शिल्पविधानको सम्यक् अध्ययन-विश्लेषण गरिएको पाइन्छ । कृतिकारको रचनाधर्मिता र प्रवृत्तिविशेषलाई कलात्मक शैलीमा केलाउने काम गरिएको छ । कृतिलाई शिल्प, लय, विधान, उद्देश्य आदिका आधारमा अध्ययन-विश्लेषण गरिएको पाइन्छ । कृतिलाई मोटामोटी रूपमा हेरेर बाह्य पक्ष बढी र आन्तरिक पक्षमा छिटपुट अध्ययन गरिए तापनि संरचक घटकका आधारमा कृतिको प्रविधिपरक विश्लेषण गरिएको छैन । कृतिलाई भाषासम्मत दृष्टिले अध्ययन गर्दा कृतिमा भएका सन्दर्भहरूलाई तटस्थ भई केलाउन सकिन्छ । कृतिको अन्तर र बाह्य दुवै तत्त्वको सूक्ष्म अध्ययन र विश्लेषण गर्नका लागि शैलीय पक्षले सहयोग पुऱ्याएको पाइन्छ । शैलीवैज्ञानिक प्रारूपका आधारमा शैलीय उपकरणको उपस्थितिमा बाह्य रूपमा कृतिको भाषासम्मत अध्ययन-विश्लेषण गरी आन्तरिक रूपमा कृतिको गहनतलीय सौन्दर्यसत्ताको उद्घाटन गर्नका लागि शैलीवैज्ञानिक विश्लेषण गरिनु वाञ्छनीय देखिन्छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

**दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन शैलीवैज्ञानिक प्रारूपका आधारमा गरिएको हुनाले शैलीविज्ञानप्रति चासो देखाउने विद्यार्थीवर्गका निम्ति औचित्यपूर्ण रहेको देखिन आउँछ ।

**दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहमा भएका प्रत्येक कविताहरू शैलीपरक अध्ययन-विश्लेषणका लागि निकै महत्त्वपूर्ण मानिएका छन् । यो कवितासङ्ग्रह शैलीवैज्ञानिक दृष्टिकोण, सैद्धान्तिक ढाँचा एवम् प्रायोगिक पक्षका रूपबाट हेर्दा बढी विश्लेष्य देखिएकाले यो अध्ययन महत्त्वपूर्ण देखिन्छ ।

कविताको कृतिकेन्द्रित वस्तुपरक एवम् संरचनात्मक विश्लेषण गरिएको हुँदा विशेषत: भाषा साहित्यका विद्यार्थीका निम्ति यो शोधकार्य उपयोगी रहेको पाइन्छ ।

[५] मोदनाथ अधिकारी, *नेपाली काव्यमा आएको एउटा आँधी : दुर्गम उचाइमा फूलको आँधी,* **सौर्य,** (वर्ष १२, अङ्क १३, वैशाख ७, २०६६), पृ. ६ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्र मोमिलाको **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहको शैलीवैज्ञानिक विश्लेषण मूल विषयमा केन्द्रित रहेको छ । कृतिको विश्लेषण संरचक घटकका आधारमा सङ्केतात्मक रूपमा गरिएको छ । वस्तुगतताका आधारमा कृतिलाई हेरिएको हुँदा कृतिविश्लेषणका निर्दिष्ट आधारहरू मात्र देखाइएको छ । विधागत रूपमा कवितांशलाई तथ्याङ्कमा रूपान्तरण गरी अध्ययन-विश्लेषण गरिएको छ । कृतिमा भेटिने विविध सन्दर्भहरू यसमा समाविष्ट छैनन् । कवितामा प्रयुक्त दार्शनिक चेतना, सामाजिक चेतनाजस्ता पक्षहरू यस अध्ययनभित्र समाविष्ट भएका छैनन् ।

## १.७ सामग्रीसङ्कलन विधि

अनुसन्धानका क्रममा अनुसन्धेय विषयवस्तुसँग सम्बद्ध पुस्तक, पत्रपत्रिका, लेख-समीक्षाहरूको उपयोग गरिएको छ । यसका लागि पुस्तकीय अध्ययनविधिलाई अवलम्बन गरिएको छ ।

## १.८ शोधविधि र सैद्धान्तिक ढाँचा

सैद्धान्तिक आधार एवम् अवधारणात्मक परिसूचकहरूको निर्माण गरी अनुसन्धानात्मक कार्यविधिको उपयोग गरिएको छ । अनुसन्धानका क्रममा आएका कृतिका तथ्याङ्कहरूलाई सूचीकृत गरिएको छ । यसमा वैज्ञानिक, वस्तुपरक, विश्लेषणात्मक शोधविधिको प्रयोग गरिएको छ ।

## १.९ शोधकार्यको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित एवम् सुसङ्गठित ढाँचामा बाँधिएको छ । यसलाई शृङ्खलित र व्यवस्थित बनाउनका लागि विभिन्न परिच्छेद, शीर्षक, उपशीर्षक, सहायक शीर्षकमा विभाज्य गरिएको छ । समग्र रूपरेखा यसप्रकार रहेको छ –

पहिलो परिच्छेदमा शोधपत्रको परिचय, शोधप्रयोजन, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, महत्त्व एवम् उपयोगिता, सीमाङ्कन, शोधविधि, सैद्धान्तिक ढाँचा, शोधपत्रको रूपरेखा आदि पर्दछन् ।

दोस्रो परिच्छेदमा **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहको सैद्धान्तिक स्वरूप प्रस्तुत गरिएको छ । यस शीर्षकअन्तर्गत शैली शब्दको व्युत्पत्ति, शैलीविज्ञानको परिभाषा,

शैलीविज्ञानको परिचय, शैलीविज्ञानको सैद्धान्तिक स्वरूप, शैलीविज्ञानको विश्लेषणको प्रक्रिया, कृतिविश्लेषणको शैलीवैज्ञानिक प्रारूप, विश्लेषण-प्रक्रियाका विभिन्न चरणहरू प्रस्तुत गरिएको छ ।

तेस्रो परिच्छेदमा शैलीविश्लेषणको आधार प्रस्तुत गरिएको छ । यस शीर्षकअन्तर्गत चयन, अग्रभूमि निर्माण (समानान्तरता, विचलन) प्रयुक्ति, विविधता प्रस्तुत गरिएको छ ।

चौथो परिच्छेदमा **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहको संरचनात्मक विश्लेषण प्रस्तुत गरिएको छ । यस शीर्षकअन्तर्गत संरचनाको अर्थ, संरचनाको परिभाषा, कृतिगत संरचना, साहित्यिक संरचना, **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहको संरचनात्मक विश्लेषण, संरचक घटकहरूको आधारमा **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहको कृतिविश्लेषण र प्रगीतात्मक संरचना प्रस्तुत गरिएको छ ।

पाँचौं परिच्छेदमा **मोमिलाको दुर्गम उचाइमा फूलको आँधी कवितासङ्ग्रहको शैलीवैज्ञानिक विश्लेषण** यस शीर्षकअन्तर्गत प्रत्येक कविताहरूको शैलीवैज्ञानिक उपकरणद्वारा अध्ययन-विश्लेषण, कोशीय विचलन, अर्थतात्त्विक विचलन, प्रयुक्ति विचलन, लेखिमिक विचलन, ध्वनितात्त्विक विचलन, बाह्य समानान्तरता, आन्तरिक समानान्तरताजस्ता उपशीर्षकहरूको तथ्याङ्कीय अध्ययन-विश्लेषण गरिएको छ ।

**दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहको कविताहरूको शैलीवैज्ञानिक प्रारूपद्वारा तथ्याङ्कीकरण र विश्लेषण गरिएको छ र कवितामा सौन्दर्यसत्ताको स्थापना गरिएको छ । कविको जीवनवृत्त र साहित्यिक योगदानको चर्चा गर्दै सन्दर्भग्रन्थसूची एवम् परिशिष्ट खण्डमा कृतिको आवरणचित्र प्रस्तुत गरी शोधपत्र पूर्णरूपमा तयार गरिएको छ ।

# दोस्रो परिच्छेद
# शैलीविज्ञानको सैद्धान्तिक स्वरूप

## २.१ शैलीविज्ञानको परिचय

साहित्यिक समीक्षा (समालोचना) को नवीनतम विधा वा प्रकारका रूपमा शैलीविज्ञानलाई हेरिएको पाइन्छ । यो भाषाविज्ञानसँग सम्बन्धित वस्तुपरक सैद्धान्तिक, प्रविधिपरक, आलोचनापद्धति एवम् सृजनात्मक समीक्षाको नवीन आयाम पनि हो । शैलीविज्ञान प्रायोगिक भाषाविज्ञानको देन हो । यसले सृजनात्मक साहित्यको सम्यक् र वस्तुपरक अध्ययन-विश्लेषण गर्दछ । यसले सिङ्गो पाठ वा कृतिलाई वस्तु मानेर त्यसमा रहेको कथ्यपक्ष, अभिव्यक्तिपक्ष, वस्तुपक्ष, भावपक्ष र कलापक्षको तथ्याङ्कीकरण र मानकीकरण गर्ने कार्य गर्दछ । कृतिमा प्रयुक्त विशिष्ट शैलीको प्रथमत: भाषावैज्ञानिक अध्ययन भाषिक पक्षका अवधारणमा गर्दछ भने द्वितीयत: त्यसमा रहेका सौन्दर्यात्मक घटकहरूको वस्तुपरक दृष्टिकोणले अध्ययन गर्दछ । भाषा र साहित्यको समन्वयात्मक मिलनबिन्दुका रूपमा शैलीविज्ञानलाई हेर्न सकिन्छ । भाषाको यान्त्रिक, रुढ, कठोर र शुष्क आवरणलाई तथ्याङ्कीकरणका आधारमा विश्लेषण गरेर सृजनात्मक, सौन्दर्यात्मक तहको कोमल र ललित पक्षलाई वस्तुसत्ता प्रदान गर्दै अध्ययन गरिने नवीनतम आलोचना प्रणालीका रूपमा शैलीविज्ञानलाई हेर्न सकिन्छ । विश्वसाहित्यमा शैलीको प्रयोग प्राचीन युगदेखि नै चल्दै आएको पाइन्छ । प्लेटो, अरस्तु, टि.एस. इलियट आदिको समयदेखि नै प्रारम्भ भएको शैली पूर्वीय साहित्यशास्त्रमा विशिष्ट र आलङ्कारिक शैलीको रूपमा परिचित भएको पाइन्छ ।

शैलीविज्ञान अङ्ग्रेजी शब्द स्टाइलिस्टिक्सको नेपाली रूपान्तर हो । अङ्ग्रेजी शब्द स्टाइलमा आइ.एस.टि. र आइ.सि.एस. प्रत्यय जोडिएर उक्त शब्दको निर्माण भएको छ । उन्नाइसौँ शताब्दीको प्रारम्भमा सर्वप्रथम जर्मनीमा स्टाइलिस्टिक शब्दको प्रयोग भएको पाइन्छ । सन् १८७२ मा फ्रान्सेली भाषामा स्टाइलिस्टिक शब्दको प्रयोग भएको पाइन्छ । अङ्ग्रेजी भाषामा सर्वप्रथम सन् १८८२ मा यस शब्दको प्रयोग भएको पाइन्छ । नेपाली भाषामा रहेको शैलीविज्ञान समासद्वारा निर्मित समस्त शब्द हो । शैलीको विज्ञान शब्दहरूबीच समास भएर शैलीविज्ञान शब्दको

निर्माण भएको हो । अभिधेयार्थ रूपमा शैलीविज्ञान शब्दले शैलीको अध्ययनलाई बुझाए पनि विशिष्ट अर्थमा शैलीविज्ञानले भाषाको माध्यमबाट गरिने वस्तुपरक आलोचना प्रणालीलाई बुझाउँछ ।

भाषाविज्ञानले काव्यभाषा अर्थात् साहित्यिक भाषाको नियमबद्ध र सङ्गतिपूर्ण ढाँचामा अध्ययन गर्न थालेपछि सृजनामा शैलीय पक्षको सम्यक् अध्ययन सुरु हुन थालेको हो । रचनामा कृतिमा, पाठमानिहित शैलीय तत्त्वको व्यवस्थित र वस्तुपरक अध्ययन र विश्लेषण नै शैलीविज्ञानको आधार हो ।

शैलीविज्ञान आधुनिक भाषाविज्ञानको नयाँ देन र उपज पनि हो । पूर्वीय र पाश्चात्य परम्परामा देखापरेका भाषिक र साहित्यिक मूल्य र मान्यताले शैलीविज्ञानको आधारभूमिका लागि पृष्ठभूमिका रूपमा रहेर कार्य गरेको पाइन्छ । पूर्वका आदि साहित्यक चिन्तक भामह, दण्डी, आनन्दवर्धन, कुन्तक, क्षेमेन्द्र आदिका साहित्यशास्त्रीय विश्लेषणमा भाषिक पक्षको अध्ययन-विश्लेषण भएको पाइन्छ । ती साहित्यिक चिन्तनमा सूक्ष्म रूपले शैलीय पक्षको अध्ययन भएको छ ।

## २.२ शैली शब्दको व्युत्पत्ति र अर्थ

पूर्वीय साहित्यशास्त्रमा ‘शैली’ शब्द संस्कृतको ‘शील’ धातुबाट व्युत्पादन भएको मानिन्छ । शैली शब्द ष्यञ् अथवा ङीप् प्रत्ययको योगबाट बनेको हो ।[१] वामन शिवराम आप्टेले संस्कृत हिन्दी कोशमा शैली शब्दको अर्थ शीलमेव स्वार्थे ष्येञ ङीपि य लोप[२] भनेर शैलीलाई अर्थ्याएको पाइन्छ । पूर्वीय साहित्यशास्त्रमा शैलीलाई रीति, प्रवृत्ति, वृत्ति वा सङ्घटनाको रूपमा हेरिन्छ । महाभाष्यमा शैली शब्दको प्रयोग ‘एषा हि आचार्यस्य शैली लक्ष्यते’ (२-१-२-५) भनाइमा केन्द्रित रही यसले स्वभाव, लक्षण, झुकाव, आदत, चरित्र आदिलाई बुझाएको पाइन्छ ।[३] माध्यन्दिनी संहितामा यसको प्रयोग अञ्जन विद्याका देवताका अर्थमा रहेको पाइन्छ । प्रदीप टीकामा यसको प्रयोग स्वभावका अर्थमा प्रयोग भएको पाइन्छ । धातुपाठमा यसको प्रयोग एकाग्र हुनु, अभ्यास हुनु अर्थमा भएको पाइन्छ ।[४]

---

१ नगेन्द्र, **हिन्दी काव्यालङ्कार**, **डा. सावित्री मिश्र अज्ञेयकी गद्यशैली**, (वाराणसी : विश्वविद्यालय प्रकाशन, १९८४) पृ. २ ।

२ वामन, शिवराम आप्टे, **संस्कृत हिन्दीकोश**, उद्धृत, **सावित्री मिश्र अज्ञेयकी गद्यशैली**, (वाराणसी : विश्वविद्यालय प्रकाशन, १९८४), पृ. २ ।

३ ऐजन ।

४ मोहनराज शर्मा, **शैलीविज्ञान**, दोस्रो संस्क., (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५९), पृ. ५ ।

## २.३ शैलीविज्ञानको परिभाषा

शैलीविज्ञानका सम्बन्धमा विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमले परिभाषा अगाडि सारेका छन् –

(क) साहित्यमा भाषा प्रयोगसम्बन्धी अध्ययनलाई शैलीविज्ञान भनिन्छ ।[५]

(ख) **लङम्यान डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिक्स**का अनुसार शैलीविज्ञानले भाषाप्रयोगको विविधताको अध्ययन गर्दछ, जुन परिस्थितिमा आधारित हुन्छ र लेखक वा वक्ताले पाठक वा श्रोतामा कस्तो प्रभाव उत्पन्न गर्न खोजेको हो त्यसमा आधारित हुन्छ । शैलीविज्ञानले कहिलेकाहीँ बोलीचालीको भाषामा अध्ययन वा अनुसन्धान गरे पनि सामान्यतः यो लेख्यभाषा वा साहित्यिक पाठकहरूसँग सम्बन्धित हुन्छ । शैलीविज्ञानले के अध्ययन गर्छ भने वक्ता वा श्रोताले छनोट गर्दाखेरि अन्य छनोट नगरेर खास अभिव्यक्तिहरू नै किन छनोट गरेका हुन्छन् ? भन्ने अध्ययन गर्दछ ।[६]

(ग) रोनाल्ड कार्टरका अनुसार भाषिक विविध रूपको अध्ययन गर्ने भाषाविज्ञानको प्रयोगलाई शैलीविज्ञान भनिन्छ । यो खासगरी लेखकहरूले गर्ने छनोट प्रक्रियाको विश्लेषणसँग सम्बन्धित हुन्छ ।[७]

(घ) म्याथुजका अनुसार पारम्परिक रूपमा शैलीविज्ञान भनेको भाषागत शैलीको अध्ययन हो जहाँ विभिन्न साहित्यिक एवम् अन्य किसिमका पाठहरूमा प्रयोग भएका विविधताका विषयमा अध्ययन गरिन्छ । हिजोआज सामान्य रूपमा शैलीविज्ञानलाई कुनै पनि यस्ता विविधताको व्यवस्थित अध्ययन मानिन्छ जुन लिखित वा मौखिक हुनसक्छ र जुन भाषिकाहरू सङ्कथनको प्रकार वा यसका सन्दर्भसँग सम्बन्धित हुन्छ ।[८]

(ङ) आर फर्नेन्डिज रेटमरका अनुसार शैलीविज्ञान भाषाको त्यस्तो तत्त्वको अध्ययन हो जुन तार्किक हुन्छ अर्थात् सामान्य नियमहरूबाट टाढा हुन्छ ।[९]

---

५ जेफ्री एन.लिच., **अ. लिङ्ग्विस्टिक गाइड टु : इङ्लिस पोइट्री**, (लन्डन : लङम्यान, सन् १९६९), पृ. १ ।

६ ज्याक रिचार्डस् एन्ड अदर्स, **लङम्यान डिक्सनरी अप्लाइड लिङ्ग्विस्टिक्स**, (इङ्गल्यान्ड : लङम्यान, सन् १९९३), पृ. २७८ ।

७ रोनाल्ड कार्टर, **इन्ट्रोड्युस्ड अप्लाइड लिङ्ग्विस्टिक्स**, (लन्डन : पेन्गुइन इङ्लिस, सन् १९९३), पृ. ६६ ।

८ पी.एच्. म्याथुज, **अक्सफोर्ड कन्साइज डिक्सनरी अफ लिङ्ग्विस्टिक्स**, (न्युयोर्क : अक्सफोर्ड युनिभर्सिटी, सन् १९७७), पृ. ३५७ ।

९ नगेन्द्र, **शैलीविज्ञान**, (दिल्ली : नेसनल पब्लिसिङ हाउस, सन् १९७६), पृ. ११ ।

(च) राघव प्रकाशका अनुसार शैलीविज्ञान भाषाको सौन्दर्य शास्त्रीय भाषाविज्ञान हो जसले भाषावैज्ञानिक विधिबाट भाषासंरचनाको सौन्दर्यसर्जक तत्त्वहरूको अध्ययन गर्दछ ।[१०]

(छ) सुरेशकुमारका अनुसार भाषाप्रयोगको वर्णनात्मक अध्ययनलाई शैलीविज्ञान भनिन्छ ।[११]

(ज) मोहनराज शर्माका अनुसार शैलीविज्ञानले साहित्यिक कृतिको संरचना, बनोट आदिलाई खोतल्छ र विश्लेषणद्वारा अन्तर्निहित कलासौन्दर्य र साहित्यिकताको उद्घाटन गर्छ ।[१२]

(झ) घनश्याम नेपालका अनुसार भाषाविज्ञानको सहयोग लिएर साहित्यको शैलीपरक अध्ययन गर्ने विद्या नै शैलीविज्ञान हो जसको पद्धति भाषापरक र दृष्टि कलापरक छ ।[१३]

(ञ) कृष्ण गौतमका अनुसार शैलीविज्ञान कृतिकेन्द्रित हुन्छ र शाब्दिक संरचनालाई अध्ययनको विषय बनाउँछ ।[१४]

कुनै पनि कृति वा पाठको भाषा वैज्ञानिक माध्यमबाट गरिने वस्तुनिष्ठ कृतिपरक र प्रविधिपरक समालोचना प्रणाली नै शैलीविज्ञान हो । शैलीविज्ञान भाषाविज्ञानको प्रायोगिक पक्षअन्तर्गत पर्दछ । भाषाका प्रकार्य र प्रयोगको वस्तुसङ्गत अध्ययन-विश्लेषण गर्नु शैलीविज्ञानको कार्य हो । शैलीविज्ञानले भाषाको सृजनात्मक शक्तिको अध्ययन गर्दछ । यसले भाषालाई आधारसामग्रीका रूपमा प्रस्तुत गर्दछ । भाषामा रहेको सृजनात्मक शक्ति र सौन्दर्यात्मक घटकलाई आधेय सामग्रीको रूपमा लिएको पाइन्छ । भाषामा रहेका अभिव्यञ्जनापरक, प्रभावकारी र सौन्दर्यपरक पक्षहरूको उद्घाटन, अन्वेषण, विश्लेषण र मूल्याङ्कनजस्ता पक्षहरूको अध्ययन शैलीविज्ञानले गरेको पाइन्छ ।

रचनाकारको यस्तो विशिष्ट रचनाप्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ ।

---

१० राघवप्रकाश, **शैलीविज्ञान और पाश्चात्य एवम् भारतीय साहित्यशास्त्र**, (जयपुर : हिन्दी ग्रन्थ अकादमी, सन् १९८३), पृ. १८५ ।

११ सुरेशकुमार, **शैलीविज्ञान**, (नयाँ दिल्ली : वाणी प्रकाशन, सन् २००१), पृ. ८३ ।

१२ मोहनराज शर्मा, **शैलीविज्ञान**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४८), पृ. १३ ।

१३ घनश्याम नेपाल, **शैलीविज्ञान**, (गान्तोक : आँकुरा प्रकाशन, सन् १९९२), पृ. ३२ ।

१४ कृष्ण गौतम, **आधुनिक आलोचना : अनेक रूप अनेक पठन**, (ललितपुर : साझा प्रकाशन, २०५०), पृ. ३२७ ।

## २.४ शैलीविज्ञानको सैद्धान्तिक स्वरूप

शैलीविज्ञानमा भाषा र साहित्यको अध्ययन गरिन्छ । शैलीविज्ञान सिद्धान्ततः भाषाविज्ञान र साहित्यशास्त्र (काव्यशास्त्र) को समन्वयबाट निर्मित शास्त्र हो । साहित्यिक कृतिको भाषिक पक्षको अध्ययन गर्ने हुँदा यो भाषाविज्ञानसँग सम्बद्ध छ भने कृतिमा अन्तर्निहित सौन्दर्यपक्षको पनि उद्घाटन गर्ने हुँदा यो साहित्यशास्त्र वा सौन्दर्यशास्त्रसँग पनि सम्बद्ध हुन्छ ।[१५] शैलीविज्ञानको सम्बन्ध सैद्धान्तिक तवरले साहित्यशास्त्रसँग भए पनि यसको मूल आधार भाषाविज्ञान रहेको पाइन्छ । शैलीविज्ञानले साहित्यलाई भाषिक कला मान्दछ । भाषिक कलाअन्तर्गत यसले प्रत्येक कृतिलाई एउटा भाषिक प्रतीक ठान्दछ ।[१६]

साहित्यमा अभिव्यञ्जनाका तहहरू हुने भएकाले साहित्य भाषिक कला हो । भाषिक कलाकृति सौन्दर्यात्मक अवधारणाबाट निकट रहेको पाइन्छ । एउटा सिङ्गो पाठ वा कृतिमा भाषिक संरचना वा व्यवस्थाको प्रारूप भेटिने हुँदा सिङ्गो कृति भाषिक अवयवहरूले पूर्ण भाषिक प्रतीकका रूपमा रहेको हुन्छ । एउटा सिङ्गो पाठ वा कृतिका अभिव्यक्ति पक्ष र कथ्य पक्ष गरी दुई पक्षहरू हुन्छन् । अभिव्यक्ति पक्ष कृतिको बाह्य पक्ष वा संरचना पक्षसँग केन्द्रित रहन्छ । कथ्य कृतिको आन्तरिक एवम् आभ्यन्तरिक पक्ष विचार सन्दर्भ र वस्तुका रूपमा रहेको पाइन्छ । शैलीविज्ञानले सिङ्गो कृति वा पाठमा रहेको अभिव्यक्ति पक्ष वा भाषिक पक्षको तथ्याङ्कीकरण एवम् विश्लेषण गर्छ र त्यसमा रहेको आन्तरिक पक्ष अर्थात् कथ्य पक्षलाई पक्रेर सौन्दर्यात्मक घटकको मर्मबोध गराउँछ । यो संरचनात्मक पक्षको सतही एवम् बाह्य अध्ययन गरेर कृतिको कथ्यसंसारभित्र प्रवेश गर्छ ।

बीसौँ शताब्दीमा आधुनिक भाषाविज्ञानको मान्यता प्रबल रूपमा सघन र घनीभूत देखिएपछि यसमा धेरै चिन्तन, प्रवृत्तिधारहरू आएको पाइन्छ । शैलीविज्ञान आधुनिक भाषाविज्ञानको उपज पनि हो र यसलाई साहित्य र भाषाको समन्वयात्मक पक्षबाट हेरिएको विशिष्ट अध्ययन प्रणाली पनि भनिन्छ ।

पूर्वीय र पाश्चात्य दुवै दृष्टिबाट कृतिमा शैलीय पक्षको अध्ययन-विश्लेषण भएको पाइन्छ । भरतमुनि, भामह, दण्डी, आनन्दवर्धन, क्षेमेन्द्र, कुन्तक आदि चिन्तकहरूको विचार विश्लेषणमा भाषिक पक्षको स्थान रहेको पाइन्छ । ग्रिसेली साहित्यका होरेस, प्लेटो, सिसेरोजस्ता चिन्तकहरूले शैलीसम्बन्धी अध्ययन-विश्लेषण गरेको पाइन्छ ।

शैलीविज्ञानको सम्बन्ध अर्थविज्ञान र प्रतीकविज्ञानसँग हुन्छ । फर्डिनान्ड डि सस्युर र लियोस्पिटजरले शैलीविज्ञानका दुई किसिमका धाराहरूको चर्चा गरेका छन् । फर्डिनान्ड डि सस्युरले आफ्ना सहयोगी चार्ल्सबेलीको सहयोग लिएर भाषामा कथ्य र अभिव्यञ्जना रहेको


---

१५ ऐजन ।

१६ ऐजन ।

कुरा प्रस्तुत गरे । उनले कथ्य, अभिव्यञ्जना र भाषाका सामर्थ्यका सम्पूर्ण सामग्रीहरूलाई शैलीविज्ञानका अध्ययनक्षेत्रभित्र राखेको पाइन्छ भन्ने अभिमत प्रस्तुत गरेका छन् । लियो स्पिट्जर र बेनेडिट्टो क्रोचेले भाषा कलात्मक अभिव्यक्तिको प्रमुख साधन रहेको कुरा स्वीकार गरेका छन् ।

प्रत्येक साहित्यिक कृतिको एउटा अमूर्त आकार हुन्छ जुन त्यस कृतिको गहनतल हो, त्यस्तै प्रत्येक साहित्यिक कृतिको एउटा मूर्त आकार पनि हुन्छ जसलाई रचनाको बाह्यतल भनिन्छ । शैलीविज्ञानले कृतिको अमूर्त आकारलाई मूर्त आकारका माध्यमबाट बुझ्ने सामर्थ्य दिन्छ । यस कुरालाई तलको आरेखबाट स्पष्ट बुझ्न सकिन्छ ।[१७]




यस तालिकाले शैलीवैज्ञानिक विश्लेषण एउटा नवीन दृष्टिकोण रहेको कुरा देखिन आउँछ । यसले भाषावैज्ञानिक उपकरणहरूद्वारा कृतिमा रहेको शैलीय पक्षको प्रविधिपरक अध्ययन र विश्लेषण गर्दछ । भाषासिद्धान्तका वर्णनात्मक, संरचनात्मक, प्रजनक रूपान्तरणात्मकजस्ता पक्षहरूबाट अध्ययन र विश्लेषण गर्न सकिन्छ ।

## २.५ शैलीविज्ञान : विश्लेषण प्रक्रिया

शैलीविज्ञानले समालोचना वा मूल्याङ्कनका निम्ति कृतिको विश्लेषण निम्नलिखित प्रक्रियाबाट गर्छ[१८] –

साहित्यिक संरचना (क) बनोट
(ख) बुनोट

शैली (क) चयन
(ख) अग्रभूमि निर्माण
(अ) समानान्तरता
(आ) विचलन
(ग) प्रयुक्ति विविधता

१७ पूर्ववत्, पृ. ५ ।
१८ पूर्ववत्, पृ. ६ ।

भाषा संरचना (क) व्याकरण व्यवस्था

(ख) शब्द व्यवस्था

(ग) ध्वनि व्यवस्था

## २.६ कृतिविश्लेषणको शैलीवैज्ञानिक प्रारूप

शैलीका माध्यमबाट कृतिको व्याख्या र विश्लेषण गरिने सैद्धान्तिक ढाँचा नै कृतिविश्लेषणको शैलीवैज्ञानिक प्रारूप हो ।

शैलीको माध्यमबाट कृतिको विश्लेषण र व्याख्या गर्न शैलीवैज्ञानिक प्रारूप चाहिन्छ । प्रारूप भनेको यस्तो सैद्धान्तिक र प्रविधिगत ढाँचा हो जसका आधारमा कृतिको व्यवस्थित, क्रमिक र वस्तुनिष्ठ विश्लेषण-विवेचना गर्न सम्भव हुन्छ । शैलीविज्ञानले भाषाविज्ञानमा उपलब्ध प्रविधि र उपकरणका आधारमा कृतिविश्लेषणको प्रारूप प्रदान गर्छ । शैलीवैज्ञानिक समालोचनामा प्रारूपको चयन, ग्रहण वा निर्धारण निम्नलिखित आधारमा गरिन्छ[१९] -

(क) विश्लेष्य कृतिको प्रकृति के-कस्तो छ ?

(ख) विश्लेषकको आफ्नो ज्ञान के-कति छ ?

(ग) उसको आफ्नो क्षमता के-कस्तो छ ?

(घ) उसको शक्ति र सीमा के हो ?

कृति र विश्लेषक आधारमा प्रारूपको निर्णय गर्नुबाहेक शैलीविश्लेषणका सामान्य प्रारूप पनि छन् । सबै खालका कृतिहरूको उचित र उपयुक्त विश्लेषण गर्नसक्ने एउटा महत्त्वपूर्ण प्रारूप तल प्रस्तुत गरिएको छ[२०] –

**प्रारूप**

१. **चयन**

कृतिमा पाइने भाषिक चयनको निर्धारण र विश्लेषणलाई चयनको प्रारूप मानिन्छ । यसलाई विभिन्न वर्गमा बाँडिएको छ :

(क) (अ) व्यावहारिक चयन

(आ) व्याकरणिक चयन

(इ) शैलीय चयन

१९ पूर्ववत्, पृ. ३३ ।

२० ऐजन ।

(ख) (अ) पर्यायवाची चयन

(आ) रूपान्तरणात्मक चयन

(ग) (अ) वाक्यीय ढाँचागत चयन

(आ) विशिष्ट पारिभाषिक चयन

२. **अग्रभूमि**

कृतिमा पुरानो व्यवस्थालाई त्यागेर नव्यव्यवस्था अँगाल्नुलाई अग्रभूमि निर्माण भनिन्छ । यसमा विचलन र समानान्तरता पर्दछन् ।

(क) विचलन

(अ) कोशीय विचलन

(आ) व्याकरणिक विचलन

(इ) ध्वनि प्रक्रियात्मक विचलन

(ई) लेखप्रक्रियात्मक विचलन

(उ) अर्थतात्त्विक विचलन

(ऊ) भाषिका विचलन

(ए) प्रयुक्ति विचलन

(ख) समानान्तरता

(अ) बाह्य समानान्तरता

(आ) आन्तरिक समानान्तरता

३. **शैलीचिह्नक**

शैलीचिह्नकका आधारबाट पनि कृतिलाई हेर्न सकिन्छ ।

शैलीचिह्नकका प्रमुख प्रकार निम्नलिखित छन् :

(क) वैयक्तिक शैलीचिह्नक

(ख) सामूहिक शैलीचिह्नक

(ग) प्रत्यक्ष शैलीचिह्नक

(घ) अध्याहारित शैलीचिह्नक

माथि देखाइएका प्रारूपमा समाविष्ट चयन, अग्रभूमि र शैलीचिह्नक आफैँमा बेग्लाबेग्लै प्रारूप हुन्, कुनै पनि कृतिको शैलीवैज्ञानिक विश्लेषण चयनका आधारमा वा शैलीचिह्नकका आधारमा मात्र वा सबैका आधारमा गर्न सकिन्छ ।

## २.७ विश्लेषण प्रक्रियाका विभिन्न चरणहरू

माथि प्रस्तुत प्रारूपका आधारमा कृतिको विश्लेषण सबै भाषिकस्तरमा गरिन्छ । नेपाली भाषामा निम्नलिखित भाषिकस्तरहरू छन्[२१] –

(क) स्वनिमस्तर

(ख) लेखिमस्तर

(ग) शब्दस्तर

(घ) वाक्यस्तर

(ङ) सङ्कथनस्तर

(च) अर्थस्तर

माथिका सबै स्तरबाट कृतिको विश्लेषण गर्न सकिन्छ । कृतिको प्रकृतिअनुसार विशिष्ट विश्लेषण कुनै एक वा दुई स्तरमा सीमित रहेर पनि गर्न सकिन्छ । कृतिको शैलीवैज्ञानिक विश्लेषणको प्रक्रिया निम्नलिखित तीन चरणहरूमा पूरा गरिन्छ[२२] –

### २.७.१ पहिलो चरण : तथ्याङ्कीकरण

यस चरणमा कृतिमा प्राप्त शैलीय तथ्यहरूको प्रस्तुति प्रारूपअनुरूप क्रमश: गरिन्छ । सामान्यत: सबै भाषिक स्तरमा देखिने शैलीय अभिलक्षणहरूको कृतिगत उल्लेख गरिन्छ र शैलीय अभिलक्षणका रूपमा उल्लिखित यस्ता तथ्याङ्कको संरचना पनि स्पष्ट पारिन्छ ।

### २.७.२ दोस्रो चरण : विश्लेषण

यस चरणमा तथ्याङ्कका रूपमा प्राप्त सामग्रीलाई केलाउने काम गरिन्छ । तथ्याङ्कका रूपमा खण्ड-खण्ड पारिएका एकाइहरूलाई एउटैमा उनेर समग्र कृतिका सन्दर्भमा हेरिन्छ । यसका निम्ति कृतिका एकाइहरूको सुसम्बद्धता, संशक्ति, सङ्गति, अन्विति, क्रियाशीलता, संरचना आदिको गहन विश्लेषण गरिन्छ ।

### २.७.३ तेस्रो चरण : अर्थच्छाया

यस चरणमा कृतिविश्लेषणलाई आधार तुल्याएर व्याख्या गरिन्छ । यहाँ व्याख्याको तात्पर्य, कृतिको अर्थ, अर्थच्छाया, सार्थकता, सोद्देश्यता, प्रभावकारिता, मूल्य, सौन्दर्यात्मकता आदिको खोजी र उद्घाटन हो ।

---

२१ पूर्ववत्, पृ. ३४ ।

२२ पूर्ववत्, पृ. ३५ ।

माथि प्रस्तुत प्रारूपका आधारमा प्रक्रियागत उपर्युक्त तीन चरणहरू पूरा गरेपछि कृतिको शैलीवैज्ञानिक विश्लेषण सम्पन्न हुन्छ ।

## २.८ निष्कर्ष

शैलीविज्ञान नवीनतम समालोचना प्रणाली हो । बीसौँ शताब्दीमा आधुनिक भाषाविज्ञानको जन्म भएपछि साहित्यलाई पनि भाषावादी दृष्टिकोण र मान्यताका आधारमा हेर्ने आधार बसेको हो । साहित्यिक समीक्षाको पद्धति र भाषावैज्ञानिक कोणबाट कृतिलाई वस्तु ठानी निर्वैयक्तिकताका आधारमा रहेर यसले कृतिमा रहेका भाव पक्ष र रूप पक्षलाई खोतल्ने, केलाउने र अध्ययन गर्ने कार्य गर्दछ ।

पूर्व र पश्चिम दुवैतिर कृतिमा शैलीय पक्षको चिन्तन गरिने परम्परा बसे पनि स्थायी, ठोस र मूर्त रूपमा कृतिलाई हेर्ने सबल पक्षहरू पश्चिमकै देनका रूपमा आएको पाइन्छ । पूर्वीय-पाश्चात्य चिन्तक एवम् नेपाली साहित्यका समालोचकहरूले शैलीलाई भाषाप्रयोगसम्बन्धी अध्ययन, भाषाका अभिव्यक्तिहरूको अध्ययन, भाषामा निहित संवेग पक्षहरूको अध्ययन, भाषा व्यापारको अध्ययन, भाषाप्रयोग एवम् विविधताको अध्ययन, लेखकको भाषा छनोट प्रक्रियाको अध्ययन, भाषागत शैलीको अध्ययन, भाषाका सङ्कथन र सन्दर्भको अध्ययन, भाषाको सौन्दर्यशास्त्रीय अध्ययन, भाषाप्रयोगको वर्णनात्मक अध्ययन, भाषामा मूर्तित कला पक्ष र संरचना पक्ष, भाषाको शैलीपरक अध्ययन, भाषाको शाब्दिक संरचनाको अध्ययनजस्ता पक्षमा केन्द्रित भई परिभाषाहरूको निर्माण गरेको पाइन्छ ।

कृतिमा विद्यमान मूर्त आकार एवम् अमूर्त आकारलाई तटस्थ रूपले हेरी सौन्दर्यात्मकताको खोजी गर्नु नै कृतिको शैलीवैज्ञानिक विश्लेषण गर्नु हो । प्रविधिगतता, नियमितता, वस्तुपरकताजस्ता पक्षमा केन्द्रित रहँदै बनोट, बुनोट चयन, अग्रभूमि निर्माण, समानान्तरता, विचलन, प्रयुक्ति विविधता, व्याकरण व्यवस्था, शब्द व्यवस्था र ध्वनि व्यवस्थाका आधारमा कृतिको वस्तुपक्षीय अध्ययन गर्न सकिन्छ । कृतिमा प्राप्त शैलीय तथ्यहरूको प्रस्तुति तथ्यहरूको विश्लेषण, अर्थच्छाया, सौन्दर्योद्घाटनजस्ता पक्षमा केन्द्रित रही कृतिको प्रक्रियागत शैलीवैज्ञानिक विश्लेषण सम्पन्न हुन्छ ।

# तेस्रो परिच्छेद
# कविताका शैलीविश्लेषणका आधारहरू

## ३.१ परिचय

कुनै पनि कृतिको विश्लेषण एवम् मूल्याङ्कन गर्ने काम शैलीविज्ञानमा हुन्छ । यसका लागि चाहिने शैलीविज्ञानको सैद्धान्तिक र प्रविधिगत उपकरणहरू नै कृतिविश्लेषणका सैद्धान्तिक आधारहरू हुन् । कृतिविश्लेषणमा विश्लेष्य कृतिको भाषाको शैली कस्तो छ भन्ने आधार महत्त्वपूर्ण हुन्छ । कृतिको शैलीवैज्ञानिक अध्ययन गर्नुपूर्व सर्वप्रथम निम्नलिखित कुराहरूमा ध्यान दिनुपर्छ[१] –

(क) विश्लेष्य कृतिको प्रकृति पहिचान,

(ख) विश्लेषकको आफ्नो ज्ञानको सीमा,

(ग) उसको आफ्नो क्षमताको इयत्ता,

(घ) उसको शक्ति र सीमाो निर्धारण ।

विश्लेष्य कृतिको प्रकृतिको आधारमा कृतिको शैलीवैज्ञानिक अध्ययन गर्न सकिन्छ । कृतिमा प्रकृति भन्नाले कृतिभित्रका मूलभूत प्रवृत्ति, विशेषता कृतिमा अन्तरनिहित विचार सन्देश र स्वभाव भन्ने बुझिन्छ ।

कृतिको शैलीवैज्ञानिक अध्ययन गर्नका लागि भाषावैज्ञानिक मान्यता अवलम्बन गर्नुपर्दछ र भाषावैज्ञानिक अध्ययनका आधार मानिने स्वनिमिक, कोशीय र वाक्य विन्यासगत तहहरू नै साहित्यिक कृतिको भाषाअन्तर्गत त्यस शैलीवैज्ञानिक अध्ययनका पनि आधार हुन् ।[२]

कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययन गर्नुपूर्व अध्येताले शैलीविज्ञानको सैद्धान्तिक पक्ष, कृतिको संरचना तथा भाषाको व्याकरणका बारेमा राम्रो जानकारी हासिल गरेको

---

१ पूर्ववत्, पृ. ३३ ।

२ घनश्याम नेपाल, पूर्ववत्, पृ. ११७ ।

हुनुपर्दछ । साहित्यिक कृतिको शैलीवैज्ञानिक विश्लेषण र मूल्याङ्कन गर्नुपर्दा मुख्यतः भाषाविज्ञानमा आधारित वर्णनात्मक, संरचनात्मक, प्रजनक, रूपान्तरणात्मक, रूपार्थपरक, व्यवस्थापरक आदि विभिन्न पद्धतिका विश्लेषण प्रारूपहरू प्रयोगमा ल्याइन्छ तर शैलीवैज्ञानिक विश्लेषणका निमित्त पाश्चात्य प्रारूपको मात्र प्रयोग गर्नुपर्ने कुनै बन्देज छैन संस्कृत समीक्षापद्धतिका विभिन्न प्रारूपहरूजस्तै वक्रोक्तिपद्धति, औचित्यपद्धति, गुणपद्धति ध्वनि सिद्धान्तबाट पनि शैलीवैज्ञानिक अध्ययन गर्न सक्ने देखिन्छ ।[३]

शैलीविज्ञानका दृष्टिबाट कृतिविश्लेषण गर्नका निम्ति भाषावैज्ञानिक उपकरणहरूको प्रयोग गरिन्छ । यस किसिमको कृतिविश्लेषणको प्रारूपका आधारमा गर्न सकिन्छ । कृतिविश्लेषणको प्रारूपअन्तर्गत निम्नलिखित कुराहरू पर्दछन् –

(क) चयन

(ख) अग्रभूमि निर्माण

  (अ) समानान्तरता

  (आ) विचलन

(ग) प्रयुक्ति विविधता

साहित्यिक संरचना र भाषिक संरचनाबीचको योजक घटक वा अभिव्यक्ति घटकका रूपमा लिइने शैलीलाई आकर्षक र विशिष्ट तुल्याई छुट्टै खालको साहित्यिक प्रभाव सृजना गर्नका लागि रचनाकारले सार्थक चयन र विचलनयुक्त भाषिकविन्यासजस्ता कुरामा विशेष ध्यान दिनुपर्छ ।[४]

## ३.२ चयन

भाषिक एकाइहरू विशेषतः ध्वनिदेखि वाक्यसम्मको कृतिमा सुव्यवस्थित र तात्पर्यमूलक प्रयोगका लागि गरिने छनोटलाई चयन भनिन्छ । भाषिक एकाइका विभिन्न विकल्पहरूमध्येबाट विचारपूर्वक गरिने समुचित छनोट नै चयन हो । शैलीको सर्वप्रमुख र महत्त्वपूर्ण मानिने चयनका लागि विकल्पहरूको अनिवार्यता रहन्छ र विकल्पबिना चयनको सम्भावना हुँदैन ।[५]

---

३ मोहनराज शर्मा, **शैलीविज्ञान**, पूर्ववत्, पृ. २२६ ।

४ खगेन्द्रप्रसाद लुइँटेल, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ६८ ।

५ पूर्ववत्, पृ. ६८-६९ ।

कृतिको विश्लेषण चयनका आधारमा गर्दा विशिष्ट विकल्पहरूको छनोट गर्नु उपयुक्त हुन्छ । चयनहरू कथ्यगत सन्दर्भमा निर्भर गर्दछन्, एउटै वक्ताले एउटै श्रोतालाई सम्बोधन गर्दा कतै आदरार्थी र कतै अनादरसूचक शब्द प्रयोग गर्न सक्दछ, ... यसरी अभिव्यक्तिहरूको चयन गर्दा प्रयोक्ताले विभिन्न भाषिक विकल्पहरूको प्रयोग विभिन्न अनुपातमा व्यवस्थाहरूले उसको शैली निर्धारण गर्दछन् । यिनै शैली निर्धारक तत्त्वलाई शैलीचिह्नक वा शैलीद्योतक भनिन्छ ।[६]

चयनलाई शैलीको सर्जक भनिन्छ । भाषाले कथ्यदेखि भाषिक एकाइसम्म उपलब्ध गराउने अनेक विकल्पमध्ये एउटाको छनोटलाई चयन भनिन्छ । जहाँ विकल्प हुन्छ त्यहाँ मात्र चयन हुन्छ र जहाँ विकल्प हुँदैन त्यहाँ चयन पनि हुँदैन । कृतिमा सर्जकले सामान्यत: चयन नै चयन गरेको हुन्छ, जसमध्ये विशिष्ट चयन शैलीका बाहक हुन्छन्[७], शब्दका तहमा पर्यायवाची चयन महत्त्वपूर्ण हुन्छ । शब्दका तहमा पाइने पर्यायवाची विकल्पका केही तथ्याङ्कहरू तल दिइन्छ[८] –

असाध्यै - ज्यादै, थोरै, प्रशस्तै, चौपट्टै, धुमधाम, बिछट्टै, साह्रै, उधुम, खुब ।

आकाश - सगर, नभ, अम्बर, व्योम, गगन, वायुलोक, अन्तरिक्ष, अकास ।

कमल - पदम, नीरज, पङ्कज, नलिनी, जलज, सरोज ।

पृथ्वी - भूमि, धरणी, धरा, वसुधा, मेदिनी, वसुन्धरा ।

महादेव - शङ्कर, शिव, भोला, पशुपति, शम्भु ।

कृतिगत शैलीको पहिचान गर्न र सो आधारमा कृतिको मूल्याङ्कन गर्नका निम्ति चयनको भूमिका महत्त्वपूर्ण हुन्छ ।[९] आफ्ना कृतिमा कृतिकारले कुनै कुराको अभिव्यक्ति गर्ने क्रममा उपलब्ध विभिन्न विकल्पमध्ये कुनै एउटा विकल्प छनोट गर्नुलाई नै चयन भनिन्छ । चयनलाई विभिन्न विद्वान्द्वारा विभिन्न आधारमा विभिन्न प्रकारमा वर्गीकरण गरिएको पाइन्छ । तीमध्ये भाषिक चयनका मुख्य-मुख्य प्रकारहरूलाई निम्नलिखित तरिकाले प्रस्तुत गर्नु उपयुक्त हुन्छ[१०] –

---

६ घनश्याम नेपाल, **शैलीविज्ञान**, दोस्रो संस्क., पूर्ववत्, पृ. ३९ ।

७ मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५), पृ. ५४८-५४९ ।

८ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. ६९ ।

९ दुर्गाप्रसाद दाहाल, **नरेन्द्र दाइ उपन्यासको शैलीवैज्ञानिक अध्ययन**, (काठमाडौं : सुनकोशी प्रकाशन, २०६१), पृ. २७ ।

१० पूर्ववत्, पृ. २८ ।

(क) शब्द चयन

(ख) वाक्य चयन

(ग) उखानटुक्काको चयन

(घ) थेगो वा व्यक्तिको निजी भाषाको चयन

(ङ) भाषिक चिह्नको चयन

## ३.२.१ शब्द चयन

भाषाको सबभन्दा सानो एकाइ वाक्य हो । शब्द वाक्यको निर्माण गर्दा चाहिने आवश्यक आधारभूत एकाइ हो । शब्द अर्थको स्तरमा हुने लघुत्तम स्वतन्त्र एकाइ हो ।[११]

न्यूनतम सार्थक एकाइहरूको छनोटलाई शब्द चयन भनिन्छ । भाषामा कुनै एउटा कुरालाई व्यक्त गर्ने धेरै शब्दहरू रहेका हुन्छन् । यसरी एउटा भाषामा पाइने समानार्थी विकल्पहरूमध्ये लेखकले आफ्ना अभिव्यक्तिका निम्ति आफ्नो रुचि एवम् क्षमताअनुरूपका शब्दहरूको चयन गर्दछ । साहित्यकारहरूको शैलीमा भिन्नता ल्याउने महत्त्वपूर्ण आधार शब्द चयन पनि एक हो । साधारण र विशिष्ट परिवेशमा प्रयोग हुँदा सुन्दर र आकर्षक बन्दछन् ।

## ३.२.२ वाक्य चयन

भाषाको अर्थात् भाषिक अभिव्यक्तिको सबैभन्दा सानो एकाइ वाक्य हो । भावको अभिव्यक्तिको माध्यम पनि वाक्य नै हो । साहित्यकार वा रचनाकारले क्षमता र साहित्यिक गुणका आधारमा विशिष्ट वाक्यको चयन गर्दछन् । रचनाकारको आर्थी क्षमता अभिवृद्धिका लागि वाक्य चयनको आवश्यकता पर्दछ ।

## ३.२.३ उखानटुक्काको चयन

उखानटुक्का भाषिक अभिव्यक्तिलाई जीवन्त बनाउने आधार हुन् । गद्यसाहित्यमा साहित्यकारहरूले विशिष्ट उखानटुक्काको चयन गर्दछन् ।

## ३.२.४ थेगो वा व्यक्तिको निजी भाषाको चयन

भाषिक अभिव्यक्तिमा प्रभावोत्पादक सामर्थ्य प्रदान गर्न थेगो वा निजी भाषाको चयन गर्नुपर्छ ।

११ भोलानाथ तिवारी, **भाषाविज्ञान**, (इलाहाबाद : किताबमहल, सन् १९९५), पृ. ३७ ।

## ३.२.५ भाषिक चिह्नको चयन

लेख्य भाषामा चिह्नको प्रयोग सामान्यतया: व्याकरणिक निर्देशनअनुसार नै गरिएको हुन्छ तर कृतिमा विशिष्ट प्रभाव सृजना गर्नुपऱ्यो भने साहित्यकारले सचेततापूर्वक चयनको प्रयोग गरेका हुन्छन् । विशेषत: ध्वनिगत, वाक्यगत, अर्थगत एवम् व्यावहारिक चयनको सचेतता अपनाइएको पाइन्छ । चयन भाषिक रूप वा अभिव्यक्तिको माध्यमबाट शैलीय चयन गर्छ भने विभिन्न क्षेत्रबाट विषयवस्तुगत अध्ययन गरेको पाइन्छ । व्याकरणमा विषयवस्तु र अभिव्यक्ति दुवै चयनका वस्तु हुन सक्छन् । विषयवस्तुको चयनमा अर्थगत चयन समाविष्ट हुन्छ भने अभिव्यक्ति चयनमा व्यावहारिक प्रकार्य र विषयवस्तुगत अभिलक्षण समाविष्ट हुन्छन् । व्याकरणमा यी दुवै घटकहरूको चयन, ध्वनि, वाक्य र अर्थका तहमा हुन्छ । चयनका विभिन्न प्रकारहरू हुन्छन्, यसका प्रकारहरूको वर्गीकरण सामान्य, शैलीय, विषयवस्तुगत आदि विभिन्न आधारमा निम्नलिखितअनुसार गरिन्छ[१२] –

(क) पर्यायवाची चयन

(ख) व्यावहारिक चयन

(ग) व्याकरणिक चयन

(घ) शैलीय चयन

(ङ) विशिष्ट पारिभाषिक चयन

(च) वाक्यात्मक चयन

### ३.२.५.१ पर्यायवाची चयन

शब्दस्तरीय विभिन्न विकल्पहरूमध्ये कुनै एउटाको छनोटलाई पर्यायवाची चयन भनिन्छ । आँखा शब्दका पर्यायवाची शब्दहरू चक्षु, नेत्र, लोचन, नयन हुन् । यीमध्ये कुनै एउटाको छनोट नै पर्यायवाची चयन हो ।

### ३.२.५.२ व्यावहारिक चयन

एउटा भाषिक अभिव्यक्तिको सट्टा अर्को प्रकारको भाषिक अभिव्यक्ति वैकल्पिक रूपमा प्रस्तुत गर्नुलाई व्यावहारिक चयन भनिन्छ । तथ्यगत त्रुटि सच्याउने अभिप्रायले यस प्रकारको चयन गरिन्छ । जस्तै - हरि बुद्धिमान छ भन्ने अभिव्यक्तिका ठाउँमा हरि विवेकी छ भन्ने अभिव्यक्ति गर्नुलाई व्यावहारिक चयनका रूपमा लिइन्छ ।

---

१२ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. ७१ ।

### ३.२.५.३ व्याकरणिक चयन

नियमको अनुसरण गरी भाषिक व्यवस्थालाई कायम राख्न व्याकरणका विभिन्न एकाइगत विकल्पहरूमध्येबाट गरिने चयनलाई व्याकरणिक चयन भनिन्छ । यस प्रकारको चयनमा स्वीकार्य रूप र अस्वीकार्य रूपको निर्क्योल गरिन्छ । जस्तै -

म घर जान्छु । स्वीकार्य रूप

म घर जान्छ । अस्वीकार्य रूप

### ३.२.५.४ शैलीय चयन

कथ्य प्रसङ्ग र सन्दर्भसँग सम्बन्धित विकल्पहरूको छनोटलाई शैलीय चयन भनिन्छ । कृतिको महत्ता बढाउन शैलीय चयनको भूमिका रहन्छ । जस्तै - चुरोट सेवन नगरौँ भन्नुको सट्टा धुम्रपान निषेधको प्रयोग गर्नु शैलीय चयन हो ।

### ३.२.५.५ विशिष्ट पारिभाषिक शब्दको चयन

कृति वा सङ्कथनको विषयक्षेत्रअनुरूप आवश्यकीय शब्दावली छनोटलाई विशिष्ट पारिभाषिक चयन भनिन्छ । यस खालको चयनमा एउटै शब्दले विषयअनुसार फरक-फरक अर्थ पनि दिन सक्छ र त्यस्तो अर्थ परिभाषाद्वारा निर्क्योल गरिन्छ । जस्तै - अलङ्कार, अवमूल्यन, खण्डवृष्टि, जमानत, तापमान, दीक्षान्त, ध्वनि, परमादेश, प्रश्नावली, भाषिका, भूपरिवेष्ठित, विद्युतीकरण, विनिमय, विनियोजन, शिविर आदि ।

### ३.२.५.६ वाक्यात्मक चयन

वाक्यस्तरीय विकल्पहरूमध्येको छनोटलाई वाक्यात्मक चयन भनिन्छ । यसअन्तर्गत रूपान्तरणात्मक चयन र वाक्यीय ढाँचागत चयन दुवै आउँछन् । रूपान्तरणात्मक चयनमा आधारभूत वाक्यको आन्तरिक संरचनालाई वैकल्पिक रूपमा विभिन्न बाह्य संरचनामा परिवर्तन गरी छनोट गरिन्छ । जस्तै -

पानी नाचिरहेछ सागर बनी थोरै यहाँ हालिने [१३] (कवितात्मक पङ्क्ति)

यहाँ हालिने थोरै पानी सागर बनी नाचिरहेछ (गद्य पङ्क्ति)

---

१३ बालकृष्ण सम, *फुटेको फुलदान,* **बालकृष्ण समका कविता**, (ललितपुर : साझा प्रकाशन, २०३८), पृ. ६ ।

यी दुई पङ्क्तिमा पहिलो कवितात्मक पङ्क्ति हो भने दोस्रो गद्य वाक्यात्मक पङ्क्ति हो र यी दुईका बीचमा अर्थगत रूपमा समेत भिन्नता छ ध्वनिदेखि सङ्कथनका समेत एकाइहरूमा पाइने विकल्पहरूबाट गरिने वाक्यात्मक चयन अभिप्रायमूलक सार्थक र विशिष्ट हुनुपर्छ ।

## ३.३ अग्रभूमि निर्माण

कृतिविश्लेषणका निम्ति शैलीविज्ञानका क्षेत्रमा अग्रभूमिको निर्माणसम्बन्धी धारणाको प्रवर्द्धन गर्ने काम ई. १९३० मा चेक भाषावैज्ञानिक जे.मुकारोभ्स्कीले गरेका हुन्[१४] जसले aktualisce शब्दका रूपमा यसलाई प्रस्तावित गरेका थिए । पी.एल्.गार्बिनले यसलाई प्रस्तावित गरेका थिए । पि.एल. गार्बिनले यसलाई अङ्ग्रेजीमा fore grounding भनी रूपान्तरण गरेका थिए । चित्रकलाका क्षेत्रमा प्रचलित विशिष्ट शब्द अग्रभूमीकरणलाई रसियाली समालोचकहरूले समालोचना क्षेत्रमा भित्र्याएपछि समालोचनामा यसको विशिष्ट प्रयोग यान मुकारोभ्स्कीले गरेको मानिन्छ । भाषिक अभिव्यक्तितर्फ ध्यानाकर्षण गर्ने युक्ति र प्रविधिलाई निर्दिष्ट गर्ने अग्रभूमीकरणलाई अमूर्त नभएर मूर्त ठानिन्छ । यसले भिक्टर स्लोभ्स्कीको विलक्षीकरण तथा अपरिचयीकरणसँग निकट सम्बन्ध राख्दछ । वाचन दृश्य, श्रवणीयता तीनओटै महत्त्वका लागि अग्रभूमीकरण गरिन्छ । यो पाठकलाई आश्चर्यचकित तुल्याउने काव्यात्मक भाषाको प्रकार्य हो । अग्रभूमीकरण अन्य कलामा झैँ साहित्यमा पनि परिचित हुनसक्छ र विशेषगरी चित्रकलाको निर्माणमा यसले महत्त्वपूर्ण भूमिका खेल्दछ । एम.ए.के. ह्यालिडेले यसलाई विशिष्ट अभिप्रेरणाका रूपमा वर्णन गरेका छन् ।[१५] कविताको विश्लेषण शैलीवैज्ञानिक दृष्टिकोणबाट गर्दा अग्रभूमीकरणको तात्पर्य भाषालाई मानक भाषाका विपरीत विशिष्ट बनाउनु भन्ने बुझिन्छ । यसलाई प्राग सम्प्रदायले दृश्यकलासँग साम्य स्थापित गर्न खोजेको देखिन्छ । अग्रभूमीकरणको सन्दर्भ विचलन र समानान्तरतामा भएको पाइन्छ । आधुनिक समालोचनाका क्षेत्रमा अग्रभूमीकरण शब्दको व्यापक प्रयोग भएको पाइन्छ । साहित्यिक कृतिको भाषिक वा व्याकरणिक एकाइभित्र विलक्षणता उत्पन्न गराई पाठकको ध्यानाकर्षित गर्न यो शब्द प्रयुक्त भएको पाइन्छ । यसले साहित्यिक समालोचना र भाषाविज्ञानका बीचमा सम्बन्ध स्थापित गराउँछ । अग्रभूमीकरण असाहित्यिक पाठबाट साहित्यलाई विभेद गर्ने आवश्यक तत्त्व पनि हो । अग्रभूमीकरणले परम्परालाई विच्छेद गरी नवीनताको निर्वहण गर्दछ ।

---

१४ मोहनराज शर्मा, **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**, पूर्ववत्, पृ. ५५१ ।

१५ रेमन्ड च्याम्पियन, **लिङ्ग्विस्टिक्स एक लिटरेचर एन इन्ट्रडक्सन टु लिटरेरी स्टाइटोस्टिक्स**, उद्धृत, खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ७४ ।

भाषामा प्रयुक्त सामान्य अभिव्यक्तिहरू पश्चभूमीकरण हुन् भने तिनमा रहेका विशिष्ट सन्दर्भहरू अग्रभूमीकरण हुन् । भाषाको सामान्य प्रचलनभन्दा भिन्न नवीन र विशिष्ट प्रयोग गरिन्छ ।

अग्रभूमीकरणमा पाठकीय सापेक्षता पाइन्छ । भाषाको नवीन र विशिष्ट प्रयोग यसका पक्षहरू हुन् । पश्चभूमि भाषाको पुरानो र सामान्य व्यवस्था हो भने अग्रभूमि नवीन र विशिष्ट व्यवस्था हो ।

कृतिमा अग्रभूमिको सृजना गर्न विचलन र समानान्तरताले महत्त्वपूर्ण भूमिका खेल्दछन् । यी दुई अग्रभूमीकरणका तह, घटक, प्रकार, अभिलक्षण आदि मानिन्छ । यी दुईबिना कृतिमा अग्रभूमिको सृजना हुँदैन र कृतिले विशिष्टता पनि प्राप्त गर्दैन ।[१६]

## ३.३.१ विचलन

भाषाका आफ्नै नियम र व्यवस्था हुन्छन् । सामान्य भाषा नियम र व्यवस्थामा बाँधिएको हुन्छ । नियम व्यवस्थामा बाँधिएको रूप नै मानक वा प्रचलित रूप हो । कुनै पनि भाषाका निश्चित नियमहरू हुन्छन् र भाषाको आफ्नै व्यवस्था पनि हुन्छ । भाषाको यही नियम र व्यवस्थामा बाँधिएको रूपलाई मानक वा प्रचलित रूप मानिन्छ । कविले कविता सृजनाका क्षणमा कुनै विशिष्ट अभिव्यक्तिका लागि भाषाको प्रचलित र मानक रूपको अतिक्रमण गर्दा कवितामा विचलन आउँछ ।[१७]

मानक वा प्रचलित रूपका विपरीत रहने कविताको भाषा सामान्य पदक्रममा नलेखिएर विशिष्ट पदक्रममा लेखिन्छ । यसले भाषाको परम्परा र प्राचीन रूपको विच्छेद गर्दछ । सामान्य भाषा वक्ताहरूको भाषा हो अर्थात् भाषाको मानक रूप हो जुन कोशीय हुन्छ र भाषिक परम्परालाई पछ्याएको हुन्छ ।

भाषाको मानक प्रयोगको उल्लङ्घन, अतिक्रमण वा व्यतिक्रमलाई विचलन भनिन्छ । निरर्थक होइन सार्थक विचलनले अग्रभूमिको निर्माण र शैलीको निष्पादन गर्दछ ।[१८]

नेपाली कवितापरम्परामा बढी प्रयोग गरिएका विचलनका प्रकारहरू तल लेखिएको छ –

---

१६ पूर्ववत्, पृ. ७८ ।

१७ लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, (काठमाडौं : पैरवी प्रकाशन, २०६६), पृ. ५३७ ।

१८ मोहनराज शर्मा, **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**, उद्धृत, लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, (काठमाडौं : पैरवी प्रकाशन, २०६६), पृ ५३७ ।

विचलनलाई भाषाको विशिष्ट प्रयोग मानिन्छ । नेपाली कवितापरम्परामा कोशीय विचलन, व्याकरणिक विचलन, लेखिमिक विचलन, आर्थी विचलन, भाषिकागत विचलन र प्रयुक्ति विचलन बढी देखिन्छ । कवितामा विचलन सार्थक रूपमा हुनुपर्छ । विचलनको प्रयोग निरर्थक रूपमा गर्नुहुँदैन । भाषामा प्रचलित नियम वा व्यवस्थाको अतिक्रमणका नाममा गरिने निरर्थक र त्रुटिपूर्ण प्रयोगचाहिँ विचलन नभएर भाषिक विकृति हो अर्थात् भाषामा अन्तर्निहित प्रचलित नियमलाई जथाभावी भाँचकुँच वा तोडमोड गर्नु विचलन होइन । सार्थक र सङ्गतिमूलक ढङ्गले भाषाशैलीगत वैशिष्ट्य कलात्मक सौन्दर्य र अग्रभूमीकरण हुने गरी गरिएको भाषिक प्रयोग मात्र विचलन हो । यसलाई भाषिक नियमका सीमाहरूको सार्थक र साभिप्राय अतिक्रमणबाट भाषिक विशिष्टता र सौन्दर्य सृजना गर्ने अभिव्यक्तिको असामान्य तरिका मानिन्छ ।[१९] नेपाली कवितापरम्परामा बढी प्रयोग गरिएका विचलनका प्रकारहरूलाई तल लेखिएको छ –

### ३.३.१.१ कोशीय विचलन

भाषाको मानक रूपलाई स्वीकृति दिने शब्दहरू नै कोशीय शब्दहरू हुन् । कोशीय शब्दहरूको प्रयोगक्षेत्र शब्दकोश हो । शब्दकोशमा अर्थसहित समावेश भएका शब्दहरू नै कोशीय शब्द हुन्, शब्दकोशमा समाविष्ट शब्दलाई कोशीय शब्द भनिन्छ ।[२०]

शब्दकोशमा प्रयोग गरिएका कोशीय शब्दहरू भाषाको सामान्य र सर्वस्वीकार्य नियमबाट निर्माण गरिएका हुन्छन् । 'भाषाविशेषमा प्रचलित अथवा शब्दकोशमा समाविष्ट शब्दभन्दा भिन्न नयाँ शब्दको निर्माण र प्रयोगलाई कोशीय विचलन भनिन्छ ।'[२१] कविले कविताको रचना गर्दा स्वतफूर्त रूपमा आएका भाव वा विचारको प्रकटीकरण गर्दा कोशीय शब्दहरू सामर्थ्यहीन बन्न पुग्दछन् । कविताको गहनतलीय अर्थलाई स्पष्ट पार्न कोशीय विचलन आवश्यक हुन्छ । कोशीय विचलनबाट निर्माण गरिएका शब्दहरू शब्दको पुरातन मान्यताभन्दा पृथक् र बेग्लै अस्तित्व प्रदान गर्ने खालका हुन्छन् । नवीनताप्रतिको झुकाउ, परम्पराबाट विच्छेदित अवस्था कोशीय विचलनका आधारहरू मानिन्छन् । शब्दकोशमा प्रविष्टि पाएका शब्दको सार्थक र साभिप्राय अतिक्रमण नै विचलन हुन्छ । भाषामा रहेको अभिव्यक्तिगत सामर्थ्यलाई स्पष्ट पार्न कोशीय विचलनको प्रयोग गरिन्छ । यस मान्यताले कविताको भाषा सपाट र सरल हुँदैन र कविताले आलङ्कारिक र विशिष्ट पदक्रमीय मान्यतालाई स्वीकार गर्दछ भन्ने कुरा बुझाउँछ ।

---

१९ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ७९ ।

२० लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, पूर्ववत्, पृ. ५३८ ।

२१ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. ८१ ।

### ३.३.१.२ व्याकरणिक विचलन

'व्याकरणिक कोटि भाषिक एकाइ, शब्दवर्ग, पदक्रम, आदरार्थी आदिमा देखापर्ने विचलनलाई व्याकरणिक विचलन भनिन्छ ।'[२२] भाषाको व्यवस्थित रूप नै व्याकरण हो । व्याकरणको मानक रूप माथिको व्यञ्जन वा अतिक्रमण नै व्याकरणिक विचलन हो । व्याकरणिक कोटि र धाराअन्तर्गत लिङ्ग, वचन, पुरुष, काल, कारक र विभक्ति आदि पर्दछन् भने भाषिक एकाइअन्तर्गत रूप, शब्द, पदसमूह, उपवाक्य र वाक्य पर्दछन् । शब्दवर्गअन्तर्गत नाम सर्वनाम, विशेषण, अव्यय र क्रिया पर्दछन् । शब्दवर्गअन्तर्गत नाम, सर्वनाम, विशेषण, अव्यय र क्रिया पर्दछन् । पदक्रम र आदरार्थी प्रयोगजस्ता पक्षहरू पनि व्याकरणिक तहभित्र पर्दछन् । भाषाको धारा एवम् व्याकरणका अन्य पक्षमा हुने विचलन वा मानकको अतिक्रमण नै व्याकरणिक विचलन हो । यस किसिमको विचलनले कवितालाई सामान्य भाषाबाट अलग बनाउँछ । कवितामा प्रयोग गरिएका सार्थक विचलनले कविताको भाषा विशिष्ट बन्दछ । कवितामा रहेका आन्तरिक संरचना र बाह्य संरचना दुवैमा व्याकरणिक विचलन पाइन्छ । विचलन साहित्यका अन्य विधामा भन्दा सापेक्षिक रूपमा कवितामा बढी देखिन्छ ।

'कवितामा अन्य विचलनभन्दा व्याकरणिक विचलनको बहुलता रहन्छ । कविताको भाषामा पाइने व्याकरणिक विचलनमा पनि अत्यधिक मात्रामा देखापर्ने विचलन पदक्रमगत र वाक्यविन्यासगत विचलन हो र यसलाई कविताकै विशिष्ट विभेदक अभिलक्षण मानिन्छ । कवितामा छन्द र लय मिलाउने, सौन्दर्यको अभिवृद्धि गर्ने तथा अनुभूतिलाई गतिशील र जीवन्त तुल्याउने अभिप्रायबाट अत्यधिक विचलनयुक्त भाषिक प्रयोग गरिन्छ र यसलाई कविताको निजी स्वभावका रूपमा लिइन्छ । छन्दोबद्ध र छन्दोमुक्त दुवैखाले कवितामा लयोत्पादनका साथै अभिव्यक्तिमा विशेष बल प्रदान गर्ने उद्देश्यले विभिन्न भाषिक एकाइलाई तोडमोड र जोडजाड गरी शैल्पिक चमत्कार सृजना गर्ने प्रयास पनि गरिएको पाइन्छ ।[२३]

### ३.३.१.३ आर्थी विचलन

भाषाको अभिधेयार्थ वा कोशीय अर्थमा देखापर्ने विचलनलाई आर्थी विचलन वा अर्थतात्त्विक विचलन भनिन्छ ।[२४] शब्दकोशमा रहेका शब्दहरूले कोशीय अर्थलाई बुझाउँछन् । कोशमा बुझाएका अर्थहरू नै मानक वा आधिकारिक अर्थ बन्दछन् । मानक वा आधिकारिक अर्थहरू अभिधेयार्थ अर्थका रूपमा चिनिन्छन् । कवितामा प्रयुक्त विभिन्न शब्द र पदावलीहरूले विशेष सन्दर्भमा प्रचलित कोशीय वा मानक अर्थको अतिक्रमण गरेर प्रतीकात्मक, बिम्बात्मक,

---

२२ पूर्ववत्, पृ. ८३ ।

२३ पूर्ववत्, पृ. ८४ ।

२४ पूर्ववत्, पृ. ८७ ।

लाक्षणिक व्यञ्जनात्मक र मिथकीय रूपमा विशिष्ट अर्थलाई अभिव्यञ्जित गर्दछन् । शब्दले दिने सामान्य अभिधात्मक अर्थले कविताको विशिष्ट अर्थ अभिव्यक्त गर्न नसक्ने भएकाले कथ्यलाई विशिष्ट र प्रभावकारी बनाउन आर्थी विचलनको प्रयोग गरिन्छ । आर्थी विचलनले कवितालाई सूक्ष्म, विशिष्ट र गम्भीर बनाउँछ र त्यसका लागि सार्थक विचलन हुनु आवश्यक छ । कवितामा रहेका व्यापक असीमित र विशिष्ट अर्थलाई अभिव्यक्त गर्ने आर्थी विचलन प्रभावकारी शैली हो र यो कविताको सौन्दर्यात्मक तत्त्व पनि हो ।[२५]

कवितामा भाषिक प्रयोग सार्थक र सङ्गति पूर्ण रूपमा गरिएको हुनुपर्छ । कवितामा आर्थी विचलन प्रयोगका लागि मात्र नभएर कवितालाई सौन्दर्यात्मक तत्त्व अभिवृद्धि गर्नका लागि गर्नुपर्छ । कवितामा रहस्योद्घाटन गर्न र सूक्ष्मातिसूक्ष्म अर्थ प्रदान गर्न सार्थक ढङ्गले गरिने आर्थी विचलनको अपरिहार्यता रहन्छ ।

### ३.३.१.४ भाषिकागत विचलन

साहित्य सृजना गर्दा भाषाको मानक रूपको प्रयोग गरिन्छ । कविता सृजनात्मक लेखन हो । कवितामा भाषाको मानक रूपकै प्रयोग गरिन्छ । कविले विभिन्न प्रयोजन र उद्देश्यका लागि कवितामा मानक तर भाषिक रूपको प्रयोग गरेको हुन्छ । 'सामाजिक वा क्षेत्रीय भाषिकाका अभिलक्षणहरूको प्रयोग गरी भाषाको मानक रूपबाट विचलन पैदा गराउनुलाई भाषिकागत विचलन भनिन्छ ।'[२६] कवितामा भाषिक विचलन सोद्देश्य र सार्थक रूपमा हुनुपर्छ ।

### ३.३१.५ प्रयुक्ति विचलन

एउटा क्षेत्रको भाषालाई अर्को क्षेत्रमा लगेर सार्थक ढङ्गले गरिने प्रयोगलाई प्रयुक्ति विचलन भनिन्छ ।[२७] भाषाको प्रयोजनपरक भेदको आधारमा हेर्दा भाषाका विविध रूप, सङ्केत, चिह्नजस्ता स्वरूपहरू देखापर्दछन् । यी प्रसङ्गहरू भाषामा बेग्लै रूपमा प्रस्तुत भई कवितामा विशिष्ट अभिव्यक्तिको निर्माण गर्दछन् । विशिष्ट अभिव्यक्तिको निर्माण गर्ने पद्धति नै प्रयुक्ति विचलन हो । साहित्यिक भाषाले वा कविताको भाषाले कविताको भाव र कथ्यलाई स्पष्ट पार्न नसकेको खण्डमा अन्य विषयक्षेत्रका प्राविधिक शब्दावली, चिह्न आदिलाई कवितामा प्रयोग गर्दा प्रयुक्ति विचलन हुन्छ । प्रयुक्ति विचलनबाट भाषाको मानक रूप अतिक्रमित हुन्छ र विशिष्ट अभिव्यक्ति सामर्थ्यको सृजना हुन्छ ।

---

२५ ऐजन ।

२६ पूर्ववत्, पृ. ९० ।

२७ पूर्ववत्, पृ. ९१ ।

### ३.३.१.६ लेखिमिक विचलन

लिपिको परम्परित लेखनपद्धति वा लेखनप्रक्रियाको अतिक्रमणलाई लेखिमिक विचलन भनिन्छ ।[२८] भाषामा देखापरेका लेख्यचिह्नहरू लेख्यसङ्केत वा भाषाका दृश्य प्रतीकहरू नै लिपि मानिन्छन् । लेखनपद्धति वा लेखनप्रक्रियाका नियम अतिक्रमण गर्नु, तोडमोड गर्नु, लिपिहरूलाई टेढोमेढो बनाउनु लेखिमिक विचलनभित्र पर्दछन् ।

## ३.३.२ समानान्तरता

समानान्तरता अग्रभूमीकरणको महत्त्वपूर्ण तत्त्व हो । यो विचलनको विपरीत तत्त्व पनि हो । 'कृतिमा कुनै भाषिक अभिलक्षण वा एकाइको नियमित पुनरावृत्तिलाई समानान्तरता भनिन्छ ।'[२९] विचलनभन्दा पृथक् रूपमा यसलाई हेरिए पनि अग्रभूमीकरणको अर्को प्रकारको रूपमा यसलाई मानिन्छ । भाषामा रहेको नियमितता नै समानान्तरता हो । कवितामा विद्यमान समानान्तरता भाषिक लक्षण वा पुनरावृत्तिको नियमितताका रूपमा देखापर्छ । समानान्तरता छन्द, अलङ्कार, तुक, समता आदिको प्रयोगमा हुने पुनरावृत्तिको रूपमा देखापर्छ । यस खालको पुनरावृत्ति वा नियमितता, स्वनिम, अक्षर, रूपिम, शब्द, पदसमूह, उपवाक्य, वाक्य, सङ्कथन अर्थ आदि सबै भाषिक तहहरूमा हुन्छ ।[३०]

भाषिक तहमा प्रयोग गरिएका समानान्तरताको काम कवितालाई विशिष्ट र सौन्दर्यात्मक बनाउनु हो । 'ध्वनिदेखि वाक्यसम्मका विभिन्न भाषिक एकाइहरूको नियमित र सन्तुलित ढङ्गले गरिएको पुनरावृत्तिलाई समानान्तरता भनिन्छ ।'[३१] यसमा उस्तै वा समान संरचना भएका भाषिक एकाइहरूको पटक-पटक पुनरुक्ति हुन्छ । यसलाई ध्वनि, रूप, अर्थ आदिको पुनरावृत्तिका ढाँचा पनि मानिन्छ । समानान्तरतामा भाषिक एकाइहरूलाई क्रमबद्ध रूपमा देखाइन्छ । शब्द, पदसमूह, उपवाक्यजस्ता भाषिक एकाइहरूलाई सोही सम्बद्ध एकाइहरूका बीचमा तुलना र प्रतितुलना गरी विश्लेषण गरिन्छ ।

समान किसिमका संरचनात्मक ढाँचामा आबद्ध भएका शब्दहरूले समानान्तरताको निर्माण गर्दछन् । 'विचलन र समानान्तरता दुवैको काम काव्यिक चमत्कार सृजना गर्नु भए पनि यी दुवैको तरिका फरक छ । विचलनमा अप्रचलित र असामान्य प्रयोगबाट काव्यिक चमत्कार पैदा गरिन्छ भने समानान्तरतामा प्रचलित एवम् सामान्य पुनरावृत्तीय प्रयोगबाट

---

२८ लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, पूर्ववत्, पृ. ५५० ।

२९ मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, पूर्ववत्, पृ. ५३५ ।

३० पूर्ववत्, पृ. ५५३ ।

३१ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. ९८ ।

काव्यिक चमत्कार पैदा गरिन्छ । समानान्तरतालाई बाह्य र आन्तरिक गरी दुई प्रकारले वर्गीकरण गरिन्छ ।[३२]

### ३.३.२.१ बाह्य समानान्तरता

'एक वा एकभन्दा बढी ध्वनि, शब्द, रूप, पदावली, वाक्य आदिको पुनरावृत्तिबाट भाषामा बाह्य समानान्तरताको सृजना हुन्छ ।' भाषिक संरचनाको तहमा यस प्रकारको समानान्तरता प्रकट हुन्छ । 'भाषाको ध्वनितात्त्विकदेखि वाक्यात्मक तहसम्मको पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ । यसअन्तर्गत ध्वनि, वर्ण, शब्द, पदसमूह र वाक्य आदि पर्दछन् र यिनका तहमा देखिने समानान्तरता नै बाह्य समानान्तरता हो । समकालीन नेपाली कवितामा रूपात्मक, वर्णात्मक, समूह ध्वन्यात्मक, वाक्यात्मक र विधानशास्त्रीय तहमा देखिने समानान्तरताको प्रशस्त प्रयोग भएको पाइन्छ ।[३३]

### ३.३.२.२ आन्तरिक समानान्तरता

आन्तरिक समानान्तरता कृतिको अर्थ वा भावको तहमा देखिने समानान्तरता हो । यसमा कृतिको अर्थ वा भावको पुनरावृत्ति भइरहन्छ । 'शब्दको अर्थका आधारमा देखिने यस किसिमको समानान्तरता शब्दमा मात्र नभई वाक्यले दिने अर्थमा पनि रहेको हुन्छ र यो अर्थ वा भावको पर्यायवाचिता र विपरीतार्थका रूपमा पनि रहेको देखिन्छ ।'[३४]

## ३.४ प्रयुक्ति विविधता

प्राविधिक विषयक्षेत्रमा प्रयोग भएका भाषा र सन्दर्भलाई कवितामा प्रयोग गर्नु नै प्रयुक्ति विविधता हो । 'सामान्य वा विशिष्ट परिस्थितिको सन्दर्भअनुसार अभ्यस्त भाषिक ढाँचाको प्रयोगलाई प्रयुक्ति भनिन्छ ।'[३५] कविले कवितालाई विशिष्ट र सौन्दर्यात्मक बनाउन विभिन्न विषय र क्षेत्रसँग सम्बद्ध शब्दहरू पर्दछन् । कवितामा अन्तर्निहित भाव, विचार र वस्तुको प्रस्तुतीकरणका लागि माध्यममा आधारित प्रयुक्ति भनिन्छ । मौखिक अभिव्यक्ति र लिखित अभिव्यक्ति माध्यममा आधारित प्रयुक्ति मानिन्छन् । मौखिक र लिखित अभिव्यक्ति लेख्य रूपमा प्रयुक्त भाषाकै प्रकार भए पनि तिनको प्रस्तुतिमा फरक हुन्छ । मौखिक अभिव्यक्तिमा

---

३२ मोहनराज शर्मा, **शैलीविज्ञान**, पूर्ववत्, पृ. २९ ।

३३ लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, पूर्ववत्, पृ. ५५४ ।

३४ पूर्ववत्, पृ. ५५६ ।

३५ ऐजन, पृ. ५५८ ।

श्रोताको उपस्थिति देखाई वार्तालापीय वा आत्मालापीय संवादको प्रयोग हुन्छ भने लिखित अभिव्यक्तिमा श्रोताको उपस्थिति नदेखाई टिप्पणी र सूचनात्मक प्रस्तुति रहन्छ । यी माध्यमहरूमध्ये जुनसुकै माध्यमको भाषा प्रयोग गर्ने वक्ता प्रयोक्ता हो र प्रयोक्ताको सामाजिक भूमिकामा आधारित अभिव्यक्ति प्रयोक्तामा आधारित प्रयुक्ति हो । आदरार्थी प्रयोगका विविध रूपहरू र लिङ्ग, जाति, वर्ग आदिमा आधारित व्यक्तिको भूमिकामूलक अभिव्यक्ति पनि प्रयोक्तामा आधारित अभिव्यक्ति हो । प्रयोक्तामा आधारित प्रयुक्ति कवितामा प्राय: पाइँदैन ।[३६]

कवितामा प्रयुक्ति विविधताको भाषाको प्रयोजनपरक भेदको निर्वाह गरेको पाइन्छ । कवितामा साहित्येतर विषयक्षेत्र समावेश गरिनुले कविताको वैविध्यलाई बुझाएको पाइन्छ ।

## ३.५ निष्कर्ष

कविताको वस्तुनिष्ठ वैज्ञानिक विश्लेषणका निम्ति शैलीवैज्ञानिक विश्लेषणका आधारहरू उपयुक्त हुन्छन् । कृतिमा मूलभूत रूपमा रहेका सौन्दर्यसर्जक घटकहरूको सङ्कलन, तथ्याङ्कीकरण, अध्ययन र विश्लेषणका निम्ति शैलीवैज्ञानिक विश्लेषणका उपकरण र प्रारूप प्रभावकारी मानिन्छन् ।

विश्लेष्य कृतिको प्रकृति, विश्लेषकको ज्ञान र क्षमता, शक्ति र सीमाका आधारबाट कृतिको शैलीविश्लेषण गर्न सकिन्छ । शैलीविज्ञानका सैद्धान्तिक पक्ष, कृतिको संरचना, भाषाविज्ञान र भाषाको व्याकरणलाई अध्ययन गरेको अध्येतामा शैलीविश्लेषण प्रक्रिया निर्भर हुन्छ । कृतिको शैलीवैज्ञानिक अध्ययनका निम्ति पाश्चात्य प्रारूप एवम् विश्लेषण प्रक्रिया नै अपनाउनु पर्ने निर्दिष्ट मान्यता एवम् बन्देज छैन । पूर्वीय समीक्षा, पद्धति एवम् संस्कृत समीक्षाका वक्रोक्तिपद्धति, औचित्यपद्धति, गुणपद्धति र ध्वनिसिद्धान्तबाट पनि शैलीवैज्ञानिक अध्ययन-विश्लेषण गर्न सकिन्छ । शैलीविज्ञानका चयन अग्रभूमि निर्माण समानान्तरता विचलन र प्रयुक्ति विविधताजस्ता प्रारूपका आधारमा शैलीवैज्ञानिक विश्लेषण गर्न सकिन्छ ।

३६ लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, पूर्ववत्, पृ. ५५८ ।

# चौथो परिच्छेद

# 'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहको संरचनात्मक विश्लेषण

## ४.१ संरचनाको अर्थ

संरचना शब्द स्ट्रक्चरको नेपाली रूपान्तर हो । यस शब्दको व्युत्पत्ति ल्याटिनको स्ट्रक्ट स्ट्रयुरे धातुमा यु आर इ प्रत्यय लागेर निर्मित स्ट्रक्चुरा तथा स्पेनेली इस्ट्रक्चुरा र इटालेलीको स्ट्रटुरा शब्दबाट भएको हो । यसको शाब्दिक अर्थ बनाउनु वा निर्माण गर्नु भन्ने हुन्छ । संरचना शब्दका मुख्यमुख्य शब्दार्थहरू निम्नलिखित हुन्छन्[१] –

(क) निर्माण कार्यव्यापार त्यसको अभ्यास प्रक्रिया,

(ख) निर्माण वा रचनाको ढङ्गजस्तै भवन, यन्त्र, उपकरण आदिको निर्माण वा जडान,

(ग) अवयव वा घटकहरूको पारस्परिक सम्बन्ध वा विशिष्ट एवम् मौलिक स्वरूप, पर्याधार वा आकृति निर्माण गर्ने पूर्णका अंशहरू,

(घ) निर्मित वस्तु वा जे निर्माण गरिन्छ त्यो,

(ङ) गद्य पद्यात्मक साहित्यिक रचना,

(च) निश्चित विन्यासको ढाँचा भएका विभिन्न अंश र पूर्णको सहअस्तित्व,

(छ) रचनातत्त्वहरूको अन्वितिपूर्ण विन्यास,

(ज) वस्त्रपट पर्याधार आदिको भौतिक अंशहरूको एकीकृत रूप,

---

१ जे.ए.सिम्पसन एन्ड इ.एस्.सी., विनर एडिसन, **द अक्सफोर्ड इङ्लिस् डिक्सनरी**, भोलुम एक्स.भि.आई., सेकन्ड एडिसन, खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. ४२ ।

(झ) पारस्परिक रूपमा आश्रित भई जोडिएका अङ्गहरूको सङ्गठित सङ्घटना अथवा सम्बद्ध अवयव वा तत्त्वहरूको सङ्घटना,

(ञ) कुनै वस्तुको सम्बन्ध वा ढाँचाको सोपानक्रम ।

संरचनाको कुनै पनि वस्तु वा कृतिको सङ्गठित व्यवस्थित वा एकत्रित रूपलाई बुझाएको पाइन्छ । निर्माण वा बनोटका लागि आवश्यक अङ्ग र उपाङ्गहरूको समष्टिगत स्वरूप नै संरचना हो । कृतिको संरचनामा कृतिलाई पूर्ण स्वायत्त, परिवर्तनशील र स्वनिष्ठ व्यवस्थामा राख्नका लागि संरचक अवयव वा घटकहरू महत्त्वपूर्ण हुन्छन् । संरचनाले वस्तुका विभिन्न भाग वा एकाइहरूका बीचको पारस्परिक सम्बन्धको योगलाई बुझाउँछ ।

संरचनाका लागि गेस्टाल्ट शब्दको प्रयोग पनि पाइन्छ । जर्मन दर्शन र मनोविज्ञानमा गेस्टाल्ट शब्दको अर्थ रूप आकार वा आकृति भन्ने हुन्छ ।[२] कुनै पनि कृतिको सिङ्गो संरचनाको साना-साना अंशहरूको एक्लो अस्तित्वको अर्थलाई नबुझाई तिनै अंशहरूको योगले समग्र अर्थ, आकृति र रूपलाई बुझाएको हुन्छ । संरचनावादी अवधारणा गेस्टाल्ट दर्शनबाट प्रभावित भएको धारण मानिन्छ । कृतिमा रहेको अर्थगत समर्थता नै गेस्टाल्ट दर्शन हो । साहित्यिक कृतिलाई पूर्ण जीवन्त एकीकृत सावयवी संरचना बनाउने कार्य संरचनाको हो ।

## ४.२ संरचनाका परिभाषा

संरचनालाई विभिन्न विद्वान्हरूले आ-आफ्नै ढङ्गले परिभाषित गरेका छन् :

व्यवस्थाका अभिलक्षणहरू प्रदर्शित गर्ने शृङ्खलात्मक क्रमका उस्तैखाले प्रारूपसँग परिवर्तनशीलताको सम्भावना भएको संरचनाका तत्त्वहरू रूपान्तरित गर्दा प्रारूपसम्बन्धी क्रियाकलापको अनुमान गर्न सकिने तथा निरूपित तथ्यहरूलाई तत्काल बोधगम्य तुल्याउन सकिने गरी प्रारूप निर्मित हुने वस्तुलाई संरचना भनिन्छ ।[३]

जाँ पियाजेको संरचनासम्बन्धी परिभाषा यस्तो छ[४] –

---

२ जे.ए.कडन, **द पेन्गुइन डिक्सनरी अफ लिटरेरी टर्म्स एन्ड लिटररी थ्यौरी**, थर्ड एडिसन, उद्धृत, खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. ४३ ।

३ क्लाउड लेभी स्ट्राउस, **स्ट्रक्चरल एन्थ्रोपोलोजी ट्रान्स क्लेअर ज्याकोब्सन एन्ड बुके ग्राउन्डफेस्ट फेस्ट सोफेट,** उद्धृत, खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. ४६ ।

४ जाँ पियाजेट, **स्ट्रक्चरालिज्म ट्रान्स एन्ड एड इहानिह मस्कलर**, उद्धृत, खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. ४७ ।

पूर्ण परिवर्तनशील र स्वनिष्ठ धारणायुक्त सत्त्वहरूको विन्यास संरचना हो ।

यान्टनी विल्डेनले संरचनालाई यसरी परिभाषित गरेका छन्[५] –

व्यवस्थाको व्यवहारलाई नियन्त्रित गर्ने विधिहरूको समष्टि प्रभावलाई संरचना भनिन्छ ।

मोहनराज शर्माले संरचनालाई निम्नलिखितअनुसार परिभाषित गरेका छन्[६] –

वस्तुको निर्माण तत्त्व वा रचना घटकहरूको परस्पर सम्बन्धको समग्रतालाई संरचना भन्दछन् ।

माथि उल्लेखित सबै परिभाषाहरूको अध्ययन गरी संरचनालाई यसरी परिभाषित गरिन्छ –

विभिन्न अङ्ग, उपाङ्ग, अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण, जीवन्त, एकीकृत, सौष्ठवपूर्ण र स्वनिष्ठ अस्तित्व (सत्ता) लाई संरचना भनिन्छ ।

## ४.३ कृतिगत संरचना

कृति साना-साना लघु घटकहरूद्वारा निर्मित पूर्ण जीवन्त र स्वनिष्ठ संरचना हो । कृति साना-साना एकाइहरूको समष्टिगत स्वरूप पनि हो । कृतिको संरचना पक्षमा साहित्यिक संरचना, भाषिक संरचना र शैलीय संरचना पर्दछन् । कृतिको साहित्यिक संरचनामा बनोट र बुनोट पर्दछन् भने भाषिक संरचनामा ध्वनि शब्द व्याकरण र अर्थका व्यवस्थाहरू पर्दछन् । शैलीगत संरचनाभित्र चयन, अग्रभूमीकरण, विचलन, समानान्तरता र प्रयुक्ति विविधता पर्दछन् ।


शैलीले कृतिको भाषिक संरचना र साहित्यिक संरचनाको अन्तर्सम्बन्धलाई देखाउँछ । यिनीहरूको बीचलाई जोड्ने काम पनि गर्दछ । कृतिको संरचनालाई निम्नलिखित ढङ्गले देखाउन सकिन्छ[७] –

---

५ जर्मी हावथेन, **अ कन्साइस ग्लोसरी अफ कन्टेम्परररी लिटरेरी,** सेकन्ड एडिसन, उद्धृत, खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत, पृ. ४७ ।

६ मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, पूर्ववत्, पृ. ९८ ।

७ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. ६० ।




## ४.३.१ साहित्यिक संरचना

संसारमा रहेका हरेक वस्तुहरूको आफ्नो सिङ्गो संरचना हुन्छ । साहित्यिक कृतिको पनि आफ्नै विशिष्ट प्रकारको संरचना हुन्छ । साहित्यिक कृति विभिन्न संरचक घटकहरूको कुल योग वा समष्टि रूप हो । मूर्त रूपमा अस्तित्वमा देखापर्ने साना घटकहरूबाट सिङ्गो पूर्ण स्वायत्त र अमूर्त साहित्यिक संरचना बन्दछ । साहित्यिक संरचनाभित्र बनोट र बुनोट गरी दुई पक्षहरू हुन्छन् –

### ४.३.१.१ बनोट

बनोट भनेको निर्माण वा संरचना हो । हरेक वस्तुको आफ्नै किसिमको संरचना हुन्छ । साहित्यिक कृतिको पनि आफ्नै संरचना हुन्छ । कृतिको साहित्यिक संरचनाभित्र साना-साना घटकहरू हुन्छन् । ती घटकहरूको कुल योग नै साहित्यको पूर्ण संरचना हो ।

खगेन्द्रप्रसाद लुइटेलका अनुसार हरेक साहित्यिक कृति बनोटका तहमा पूर्ण र प्रभावकारी हुन्छ । विभिन्न लघु घटकहरू मिलेर बनेको बृहत् घटकका रूपमा देखापर्ने साहित्यिक संरचनामा अवयवीगत पूर्णता पाइन्छ । साना घटकहरूबाट निर्मित साहित्यिक कृतिको बनोट पूर्ण परिवर्तनशील र स्वनिष्ठ हुन्छ ।[८]

---

८ पूर्ववत्, पृ. ७१ ।

### ४.३.१.२ **बुनोट**

बुनोट टेक्चरको नेपाली रूपान्तर हो । टेक्स्ट धातुमा यु आर इ प्रत्यय लागेर बनेको टेक्स्चर शब्दको शाब्दिक अर्थ वस्त्रपटमा आन र तानका रूपमा प्रयुक्त धागाको विन्यास भन्ने हुन्छ ।[९] कवितामा बुनोट बनोटभन्दा भिन्न वस्तु हो । बनोटको सम्बन्ध कृतिको आकृति र आयामसँग हुन्छ । कवितामा प्रयुक्त बुनोट प्रारम्भिक अर्थमा विस्तारित हुँदै शैलीविज्ञान र आधुनिक समालोचनासँग सहसम्बन्ध राख्दछ । कृतिको बुनोटअन्तर्गत रहेका आलङ्कारिकता, बिम्बविधानजस्ता पक्षहरूले गर्दा एउटा कृति अर्को कृतिभन्दा फरक रहन्छ । साहित्यिक समालोचनामा विविध सन्दर्भमा कृतिमा प्रयुक्त बुनोटलाई भाषा र बिम्बविधानको वर्णन गर्ने इन्द्रियग्राह्य प्रतिभाका रूपमा पनि प्रयोग गरिएको पाइन्छ ।

'आधुनिक साहित्यिक समालोचनामा बुनोटले कवितामा विचारभन्दा बाहेकका कृतिगत शाब्दिक तलमा देखिने इन्द्रियग्राह्य र मूर्त गुण तथा बिम्बविधानलाई जनाउँछ ।[१०] बुनोट साहित्यिक कृतिमा रहने शाब्दिक तलीय पक्ष हो । नवसमालोचक जोन क्रो न्यान्समले बनोट र बुनोट शब्दलाई विशेष महत्त्वका साथ प्रयोग गरेको पाइन्छ । यिनको विचारमा कवितामा भावानुवाद गर्न सकिने सामान्य र सरल बौद्धिक विषयवस्तुका लागि बनोट शब्दको प्रयोग गरिएको हुन्छ । कृतिमा रहेका बिम्ब, छन्द, लयजस्ता बाह्य गुणका लागि बुनोट शब्दको प्रयोग गरिएको हुन्छ ।

बुनोट परम्परित समालोचनाभन्दा पृथक् साहित्यिक अवधारणा पनि हो । नवसमालोचनाका प्रवृत्तिहरू केलाउने सन्दर्भमा पछिल्लो मान्यताअनुरूप बुनोटको पनि अध्ययन-विश्लेषण गरिएको हो । यो कृतिमा प्रयुक्त अर्थव्यतिरेकी अवधारणा पनि हो । कृतिमा विद्यमान कृतिको अर्थपक्षसँग बुनोटको उपेक्षा रहेको पाइन्छ । बनोट कृतिको आन्तरिक तल हो भने बुनोट यसको बाह्यतल हो । साहित्यिक कृति र कविताको बुनोटभित्र भाव, विचार वा घटना आशय भाषा, शैली, बिम्ब, प्रतीक, अलङ्कार, लय, छन्दजस्ता संरचक घटकहरू पर्दछन् ।

## ४.४ 'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहको संरचनात्मक विश्लेषण

**दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रह प्रगीतात्मक कविता संरचनामा लेखिएको भावप्रधान उत्कृष्ट काव्यकृति हो । यस कवितासङ्ग्रहमा कविताक्रमलाई दुर्गम उचाइमा र फूलको आँधी गरी दुई भागमा वर्गीकरण गरिएको छ । दुर्गम उचाइअन्तर्गत रहेका

---

९ केटी वेल्स, **अ डिक्सनरी अफ स्टाइलिस्टिक्स**, (लन्डन : लङ्गम्यान ग्रुप, सन् १९८९), पृ. ४६०, उद्धृत, खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. ६२ ।

१० पूर्ववत्, पृ. ६२ ।

कविताहरूमा *दुर्गम उचाइ* पृ. ३, *कविको रङ्गयात्रा* पृ. ४, *बर्सात्मा मृत्युका बुँदहरू* पृ. ७, *अन्तरिम नोस्ताल्जिया* पृ. ९, *प्रतिवाद विद्रोह घृण्य* पृ. १०, *समय बास बसेको जङ्गलबाट* पृ. १२, *सूर्य समय* पृ. १४, *नयाँ शताब्दीको* पृ. १५, *कला, भ्रम र यथार्थ* पृ. १७, *मेरो रिट निवेदन* पृ. १९, *हराएको म* पृ. २०, *चेतनाको साँघुरो गल्लीमा* पृ. २१, *पहाडहरू त अग्लिरहन्छन्* पृ. २३, *बैजनी वैशाख* पृ. २८, *अस्तित्व पीडा* पृ. २६, *कविको आत्मा* पृ. २८, *मान्छेको भगवान्* पृ. ३० जस्ता कविताहरू छन् ।

फूलको आँधीमा ... *अन्तर्गत फूलको आँधीमा जीवनबोध* पृ. ३३, *अर्थविशेषाङ्क* पृ. ३५, *ऋतुचक्र* पृ. ३७, *अनुभवमध्ये ...* पृ. ३८, *नेपथ्यखुसी ...* पृ. ३९, *साँझ त्रासदी* पृ. ४१, *प्रश्न* पृ. ४३, *अर्थ* पृ. ४५, *युगबिम्ब* पृ. ४७, *अन्तिम भूमिका* पृ. ४८, *प्रकृतियात्रा* पृ. ५०, *छायाँमा कालो निद्राको समवेदना* पृ. ५१, *मृत्यु जो सिसा बनेर उभिरह्यो* पृ. ५३, *आकाशको जून धर्तीको यात्री* पृ. ५५, *तारा बलेको रात* पृ. ५७, *फूलको बिम्ब* पृ. ५९, *अर्धसत्यमा पीडा* पृ. ६१, *दुर्गम उचाइमा फूलको आँधी* पृ. ६३ जस्ता कविताहरू छन् ।

## ४.५ कृति विश्लेषण

कृतिको आन्तरिक तलमा पुगेर तटस्थी भावले कृतिलाई संरचक घटकका आधारमा हेर्ने कार्य नै कृति विश्लेषण हो । कृति सावयवी पूर्ण स्वनिष्ठ स्वतन्त्र रचना पनि हो । कृतिलाई पूर्णता प्रदान गर्न वस्तु, भाव, विचार, सहभागी परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यासजस्ता पक्षहरूले महत्त्वपूर्ण भूमिका खेल्दछन् । तल वस्तुगतताका आधारमा कृतिलाई हेर्ने प्रयास गरिएको छ –

कविताशीर्षक : *दुर्गम उचाइ*

पङ्क्तिपुञ्ज : ४

कवितांश : पीडाको विशेषाङ्क पढिरहेछु
देवालयहरूमा
विलापको घन्ट बजिरहेछ
र पनि म
बरफको अन्तिम उचाइ सोच्न सक्दिनँ
पृ. ३

वस्तु : भावात्मक/कलात्मक/रागात्मक/सौन्दर्यमूलक/मानवीय अन्तरजगतकेन्द्री अमूर्त र सूक्ष्म संवेदनायुक्त

सहभागी : म/स्वेच्छिक

परिवेश : प्रतीकात्मक/साङ्केतिक/सूत्रात्मक

उद्देश्य : यथार्थको प्रकटीकरण/आनन्दको प्रकटीकरण

दृष्टिबिन्दु : केन्द्रीय/प्रथम पुरुष/सहभागी

भाषाशैलीय विन्यास : मुक्त छन्द/मुक्त लय/साङ्केतिक, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, निजी बिम्ब, निजी प्रतीक, स्वप्न बिम्ब र आर्थी विचलनको प्रयोग गरिएको छ ।

अर्थच्छाया : कवितामा अस्तित्वको सन्धान गरिएको छ । आजको भयावह त्रासदी जीवनको चित्राङ्कन छ । विसङ्गतिबोधको उपस्थिति रहेको पाइन्छ । जीवनको क्षणभङ्गुरतालाई देखाइएको छ । यहाँ प्रयुक्त पीडा शब्दले सार्वजनिक सत्यलाई बुझाउँछ । 'पीडाको विशेषाङ्क पढिरहेछु देवालयहरूमा' यस पदावलीमा मानक र परिम्परित सन्दर्भको भञ्जन गरिएको पाइन्छ । कोशीय विचलनले कवितांश निकै मर्मस्पर्शी र सांवेगिक बनेको पाइन्छ । 'बरफ' यथास्थितिको प्रतीकका रूपमा आएको छ । बरफले जीवनको चिसोपना अकर्मण्यता लाचारपनलाई इङ्गित गर्दछ । गतिशीलता जीवन हो । दुःख जीवनको शाश्वत चिन्तन हो । जीवन र पीडा समानधर्मी वस्तुहरू हुन् भन्ने सन्दर्भ देखाइएको छ । देवालयमा विलापको घन्ट बज्नुले अनिष्ट परिस्थितिको सङ्केत र दुःखान्तको सृजना गरेको पाइन्छ ।

कविताशीर्षक : *कविको रङ्गयात्रा*

पङ्क्तिपुञ्ज : १०

कवितांश :

    बन्दुकको नालमा
    परेवाको गुँड छ
अँध्यारोमै सेतो भुइँ
सम्भावित रगतका बाछिटाहरूले रङ्गिएछ
        मानौँ समय -
असुन्दरहरूको सुन्दर सुख भोगिरहेछु ...।

पृ. ४

| | | |
|---|---|---|
| वस्तु | : | कलात्मक/संवेदनात्मक/रागात्मक/सौन्दर्यमूलक/अमूर्त परिधीय |
| सहभागी | : | सम्बोधित/प्रापक |
| परिवेश | : | प्रतीकात्मक/साङ्केतिक, सूत्रात्मक |
| उद्देश्य | : | यथार्थको प्रकटीकरण, आनन्दको प्रकटीकरण |
| दृष्टिबिन्दु | : | तृतीय पुरुष असहभागी |
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, साङ्केतिक आन्तरिक, बाह्य समानान्तरता, निजी बिम्ब, निजी प्रतीक, स्वप्न बिम्ब र आर्थी विचलनको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | आजको सन्त्रस्त परिवेशको चित्रण गरिएको छ । वर्तमानको क्षयीकरणले जीवनका आशा प्राप्ति र सम्भावनाहरू शुष्क र कठोर बनेको सन्दर्भको प्रस्तुति छ । बन्दुकको नालमा परेवाको गुँडले दुर्घटित मानवीय मूल्यलाई सङ्केत गरेको पाइन्छ । जीवन ओइलाएको सन्दर्भलाई केलाइएको छ । सेतो भुइँ सम्भावित रगतका बाछिटाहरूले रङ्गिनुको सन्दर्भले चरम विसङ्गतिबोध र विद्रूप जीवनको उपस्थिति भएको पाइन्छ । आर्थी विचलनको जोडदार प्रस्तुतिले कवितामा परिष्कृत कलात्मक चेत रहेको पाइन्छ । असुन्दरहरूको सुन्दर सुख भोग्नु सन्दर्भले भ्रम र अन्योलपूर्ण जीवन बाँचेको सन्दर्भ प्रस्तुत गरेको पाइन्छ । पाइलैपाइलामा दुर्घटित विश्वास, मानवीय मूल्यको विघटन, निराशा, त्रास र भयको उपस्थितिले जीवनका कलिला मुनाहरूको तिरोहणजस्ता पक्षहरू देखिएका छन् । कवितामा शिल्प चमत्कृति निकै ओजपूर्ण र प्रभावी बनेको पाइन्छ । |

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *बर्सातमा मृत्युका बुँदहरू* |
| पङ्क्तिपुञ्ज | : | ४ |
| कवितांश | : | हावामा मृत्युका झोक्काहरू<br>थालीमा जीवनको सुवास<br>उहिल्यै थाली घोप्टिएछ |

सुवास पोखिएछ र मृत्यु बहेछ
पूर्वी आकाशतिर ...
सुनेथेँ
जहाँबाट उज्यालोको सुरुआत भएथ्यो

पृ. ७

| | | |
|---|---|---|
| वस्तु | : | भावात्मक, अमूर्त कलात्मक, रागात्मक, सौन्दर्यमूलक, मानवीय अन्तरजगत, सार्वकालीन अमूर्त, केन्द्रीय संवेदनापूर्ण |
| सहभागी | : | सङ्केतबद्ध/स्वेच्छिक |
| परिवेश | : | प्रतीकात्मक/साङ्केतिक/सूत्रात्मक |
| उद्देश्य | : | यथार्थको प्रकटीकरण/आनन्दको प्रकटीकरण |
| दृष्टिबिन्दु | : | तृतीय पुरुष, असहभागी |
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, साङ्केतिक, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, निजी बिम्ब, निजी प्रतीक, स्वप्न बिम्ब, आर्थी विचलन, लेखिमिक विचलन र प्रयुक्ति विविधताको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | जीवनको शाश्वत पक्षको चित्रण गरिएको छ । मृत्यु अवश्यम्भावी र स्वयम्मा सत्य समयसन्दर्भ भएको कुरा अभिव्यञ्जित भएको छ । अस्तित्वको खोजीले कविता ओजपूर्ण रहेको पाइन्छ । भावमा अभावको प्रस्तुति छ । थालीमा जीवनको सुवासले सृष्टिचक्रको प्रस्तुतीकरण गरेको पाइन्छ । सुवास पोखिनु, मृत्यु बहनुजस्ता सन्दर्भले विसङ्गत पक्षको चित्रण गरेका छन् । सृष्टि स्थिति र प्रलयको उपस्थिति, आदिमतापरक चेतनाको प्रस्तुतीकरणले कविता प्रभावी र रहस्यमय बन्न पुगेको छ । |

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *अन्तरिम नोस्टाल्जिया* |
| पङ्क्तिपुञ्ज | : | ४ |

कवितांश : लाग्दैछ -

यतिखेर गुलाफका नजरबाट ओठहरूबाट

पीडाको बहुरूपी गन्ध फैलिरहेछ

हुन सक्छ -

यसरी नै मान्छेको चेतना

आफ्नै मनको ब्ल्याक होलमा

विरुपाक्षझैँ

आधा फँसिरहेको हुन्छ ।

पृ. ९

वस्तु/भाव/विचार : भावात्मक, कलात्मक, रागात्मक, सौन्दर्यमूलक, मानवीय अन्तरजगतकेन्द्री अमूर्त र सूक्ष्म संवेदनात्मक

सहभागी : म/स्वेच्छिक

परिवेश : प्रतीकात्मक/साङ्केतिक/सूत्रात्मक

उद्देश्य : आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण

दृष्टिबिन्दु : केन्द्रीय/प्रथम पुरुष, सहभागी

भाषाशैलीय विन्यास : मुक्त लय, मुक्त छन्द, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, आर्थी विचलन, निजी बिम्ब, निजी प्रतीक, स्वप्न बिम्ब र प्रयुक्ति विविधता को प्रयोग गरिएको छ ।

अर्थच्छाया : मानवीय मूल्यको क्षयीकरणको प्रस्तुति अभिव्यञ्जित छ । पाइला-पाइलामा दुर्घटित आस्था र विश्वासको चित्रण गरिएको छ । परम्परित वस्तु र धर्मको भञ्जन गरिएको पाइन्छ । दुर्घटित मानवीय मूल्यको प्रस्तुतीकरण पाइन्छ । मानवीय संवेदनाको तिरोहण गरिएको पाइन्छ । युगीन जीवन धराशायी भएको सन्दर्भ अभिव्यक्ति भएको पाइन्छ । परम्परा र नवीनताप्रतिको आन्तरिक सङ्घर्षको उपस्थिति रहेको पाइन्छ । मान्छेको चेतना मान्छेको मनको ब्ल्याक होलमा पस्नुले आदर्श र मानवीय मूल्यको तिरोहणको प्रस्तुतीकरण गरिएको छ ।

कविताशीर्षक : *प्रतिवाद/विद्रोह/घृणा*

पङ्क्तिपुञ्ज : ३

कवितांश : मेघाच्छन्न आकाशको
निष्ठुर आशीर्वाद बाँचिरहेको धर्ती
आज ब्रह्माण्डकै कतै उद्धृत अन्धकार
गुफा बस्न आतुरजस्तो लाग्छ

पृ. १०

वस्तु/भाव/विचार : भावात्मक, कलात्मक, रागात्मक, सौन्दर्यमूलक, मानवीय अन्तरजगतकेन्द्री अमूर्त र सूक्ष्म संवेदनात्मक

सहभागी : म/स्वेच्छिक

परिवेश : प्रतीकात्मक, साङ्केतिक, सूत्रात्मक

उद्देश्य : आनन्दको प्रकटीकरण, यथार्थको प्रकटीकरण

दृष्टिबिन्दु : केन्द्रीय, प्रथम पुरुष सहभागी

भाषाशैलीय विन्यास : मुक्त लय, मुक्त छन्द, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, आर्थी विचलन, लेखिमिक विचलन, निजी बिम्ब, निजी प्रतीक, स्वप्न बिम्ब र प्रयुक्ति विविधताको प्रयोग गरिएको छ ।

अर्थच्छाया : विसङ्गतिको चित्रण गरिएको पाइन्छ । जीवनको गतिशीलतामा अवरोधक तत्त्वको उपस्थितिको प्रकटीकरण गरिएको छ । दुर्घटित आस्था र भरोसाको चित्रणको उपस्थिति पाइन्छ । आजका मानिसका बीचमा हराएको मानवता र सङ्कटापन्न विश्वासको चित्रण गरिएको पाइन्छ । निष्ठुर आशीर्वाद बाँचेको धर्तीले स्वप्न, अस्मिता र मूल्य हराएको सन्दर्भलाई इङ्गित गर्दछ । आदिम वृत्तिको चित्रण गरिएको छ र अकर्मण्यताको सङ्केत गरिएको छ ।

कविताशीर्षक : *समय बास बसेको जङ्गलबाट*

पङ्क्तिपुञ्ज : ७

कवितांश : बेवारिस सडक पीडाको मृत्यु !
गतिहीन सभ्यताको मृत्यु !

सपाट अँध्यारोको मृत्यु !

प्रकृत उज्यालोको अनुष्ठान !

पृ. १२

| | | |
|---|---|---|
| वस्तु/भाव/विचार | : | भावात्मक, कलात्मक, रागात्मक, सौन्दर्यमूलक, मानवीय अन्तरजगत्केन्द्री सार्वजनीन |
| सहभागी | : | सङ्केतबद्ध/स्वेच्छिक |
| परिवेश | : | प्रतीकात्मक/साङ्केतिक/सूत्रात्मक |
| उद्देश्य | : | आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण |
| दृष्टिबिन्दु | : | परिधीय |
| भाषाशैलीय विन्यास | : | मुक्त लय, मुक्त छन्द, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, लेखिमिक विचलन, आर्थी विचलन, निजी बिम्ब, निजी प्रतीक, स्वप्न बिम्ब, प्रयुक्ति विविधता र आद्यबिम्बको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | अस्तित्वको खोजी गरिएको छ, जीवनका अभाव पक्ष र अकर्मण्यताको तिरोहणको प्रस्तुति पाइन्छ । जीवनको आशालाग्दो भविष्यको चित्रण गरिएको छ । अभावबाट भावतर्फ अपूर्णबाट पूर्णतर्फको झुकाउतर्फको अभिसार पाइन्छ । विविध पीडाहरूको सन्दर्भ प्रस्तुत गरी तिनीहरूको अवसानका पक्षहरूको सजीवीकरण गरिएको छ । विविध विषादका स्थितिहरूको पूर्णतः शमनपछि प्राकृत उज्यालोको सूत्रपात र अनुष्ठान हुने सङ्केत चित्रित भएको पाइन्छ । |

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *सूर्य समय* |
| पङ्क्तिपुञ्ज | : | ५ |
| कवितांश | : | आखिर ऊ 'समय' थियो<br>मैले बहिष्कार गर्न नसकेको सूर्य<br>आखिर ऊ नै थियो !<br>हत्केलाले छेक्न नसकेको सूर्य<br>र झोलामा बन्द गर्न नसकेको सूर्य |

पृ. १४

वस्तु/भाव/विचार : भावात्मक, कलात्मक, रागात्मक, सौन्दर्यमूलक, सार्वजनीन, मानवीय अन्तरजगतकेन्द्री, अमूर्त

सहभागी : म/स्वेच्छिक

परिवेश : प्रतीकात्मक/सङ्केतात्मक/सूत्रात्मक

उद्देश्य : आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण

दृष्टिबिन्दु : केन्द्रीय/प्रथम पुरुष सहभागी

भाषाशैलीय विन्यास : मुक्त छन्द, मुक्त लय, निजी बिम्ब, निजी प्रतीक, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, आर्थी विचलन र लेखिमिक विचलनको प्रयोग गरिएको छ ।

अर्थच्छाया : मानवीय मूल्यको क्षयीकरणको प्रस्तुति भएको पाइन्छ । पाइला-पाइलामा दुर्घटित आस्था र विश्वासको चित्रण गरिएको छ । परम्परित वस्तु र धर्मको भञ्जन गरिएको पाइन्छ । दुर्घटित मानवीय मूल्यको प्रस्तुतीकरण पाइन्छ । मानवीय संवेदनाको तिरोहण गरिएको पाइन्छ । युगीन जीवन धराशायी भएको सन्दर्भको प्रस्तुति भएको पाइन्छ । परम्परा र नवीनताप्रतिको आन्तरिक सङ्घर्ष मूर्तित भएको पाइन्छ । मान्छेको चेतना मान्छेको मनको ब्ल्याक होलमा पस्नुले आदर्श र मानवीय मूल्यको तिरोहणको प्रकटीकरण गरिएको पाइन्छ ।

कविताशीर्षक : *नयाँ शताब्दीको मान्छे*

पङ्क्तिपुञ्ज : ५

कवितांश :

आँखामा लाम लागेका
सपनाका कहालीलाग्दा पहाडहरूको सम्झनाले
विपनाको उकालीमा
ऊ पसिना उमार्छ ... ।

पृ. ३

वस्तु/भाव/विचार : स्वप्निल विषयवस्तु, रागात्मक, कलात्मक, भावपरक, सौन्दर्यमूलक

सहभागी : स्वेच्छिक

परिवेश : सङ्केतात्मक/प्रतीकात्मक/सूत्रात्मक

दृष्टिबिन्दु : तृतीय पुरुष

भाषाशैलीय विन्यास : मुक्त छन्द, मुक्त लय, निजी बिम्ब, निजी प्रतीक, स्वप्न बिम्ब, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, आर्थी विचलन र लेखिमिक विचलनको प्रयोग गरिएको छ ।

अर्थच्छाया : भ्रमपूर्ण सुन्दर जीवनको चित्रण गरिएको छ । जीवनका अमूर्त पक्षको चित्राङ्कन भएको छ । तीव्र संवेदनाको प्रस्तुतीकरण पाइन्छ ।

कविताशीर्षक : *कला, भ्रम र यथार्थ*

पङ्क्तिपुञ्ज : ५

कवितांश : यादमा एउटा रात

एकै हावाको झोक्काले

तिम्रो आँखाको पर्दा लाग्दा

मेरो शब्दभित्र

प्रकाशहीन गुफा बस्नुपऱ्यो

उही हावाको झोक्काले

मेरो आँखाको पर्दा झारिँदिँदा

तिम्रो क्यानभास

रङ्गहीन गुज्रिनुपऱ्यो ।

पृ. १७

वस्तु/भाव/विचार : स्वप्निल विषयवस्तु, रागात्मक, कलात्मक, भावपरक, अमूर्त मानवीय अन्तरजगत

सहभागी : स्वेच्छिक

परिवेश : सङ्केतात्मक, सूत्रात्मक, प्रतीकात्मक

दृष्टिबिन्दु : तृतीय पुरुष

भाषाशैलीय विन्यास : मुक्त छन्द, मुक्त लय, निजी बिम्ब, निजी प्रतीक, स्वप्न बिम्ब, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता र प्रयुक्ति विचलनको प्रयोग गरिएको पाइन्छ ।

अर्थच्छाया : स्वरैकल्पनाको प्रस्तुतीकरण गरिएको छ । प्रेमको उदात्तीकरणको प्रस्तुति पाइन्छ । एकात्मकताको प्रस्तुति पाइन्छ । समन्वयवादी दृष्टिकोण पाइन्छ । जीवनको पूर्णताको सङ्केत र एकालापीय दृष्टिकोण पाइन्छ ।

कविताशीर्षक : *मेरो रिट निवेदन*

पङ्क्तिपुञ्ज : ४

कवितांश :

वर्षा चुहिएर थेग्रिएको
ग्रीष्म ऋतुको आँगनमा
प्रसवरातका अधुरा पीडाहरू
दृढ ढुङ्गा भएर -
तिम्रा सामु मूर्तिवत् छन् ।

पृ. १९

वस्तु/भाव/विचार : रागात्मक, कलात्मक, सौन्दर्यमूलक, भावपरक, अमूर्त, सार्वजनीन

सहभागी : म/स्वेच्छिक

परिवेश : सङ्केतात्मक/प्रतीकात्मक/सूत्रात्मक

उद्देश्य : आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण

दृष्टिबिन्दु : तृतीय पुरुष/प्रथम पुरुष

भाषाशैलीय विन्यास : मुक्त छन्द, मुक्त लय, आर्थी विचलन, निजी बिम्ब र निजी प्रतीकको प्रयोग गरिएको छ ।

अर्थच्छाया : जीवनका दुःखद पक्षको चित्रण गरिएको छ । जीवनका शाश्वत पक्षका विविध सन्दर्भहरूको प्रकटीकरण गरिएको छ । सङ्गतिहीनतालाई प्रस्तुत गरिएको छ । विषम परिस्थितिप्रतिको अनुरागको प्रकटीकरण गरिएको पाइन्छ ।

जीवनका कारुणिक पक्षमाथिको स्वीकारोक्तिको चित्रण पाइन्छ ।

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *हराएको म* |
| पङ्क्तिपुञ्ज | : | ३ |
| कवितांश | : | आफ्नै सम्बोधनमा नपरेको म<br>आफ्नो इमेज सम्झनै नसकेर<br>आफैँभित्र फ्रिज भएको छ ।<br>पृ. २० |
| वस्तु | : | रागात्मक, कलात्मक, सौन्दर्यपरक, भावपरक, मानवीय अन्तरजगतकेन्द्री, अमूर्त |
| सहभागी | : | स्वेच्छिक |
| परिवेश | : | सङ्केतात्मक/सूत्रात्मक/प्रतीकात्मक |
| उद्देश्य | : | आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण |
| दृष्टिबिन्दु | : | प्रथम पुरुष |
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, आर्थी विचलन, निजी बिम्ब, निजी प्रतीक र प्रयुक्ति विविधताको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | अपरिचयीकरणको प्रस्तुतीकरण भएको पाइन्छ । स्वको खोजी, अनिर्धारित अर्थहरूको उद्घाटन गरिएको पाइन्छ । अस्पष्ट भावोक्तिको प्रस्तुति पाइन्छ । भ्रमपूर्ण वास्तविकताको प्रस्तुतिको उद्घाटन गरिएको छ । |

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *चेतनाको साँघुरो गल्लीमा* |
| पङ्क्तिपुञ्ज | : | ४ |
| कवितांश | : | पानी सहज बग्न नसक्नुको टक्करमा<br>अत्तालिएको अर्थसङ्गीत<br>युगप्रकरण प्रतिध्वनित छ<br>ओहोरदोहोर/पुरानो-नयाँ<br>ठोक्किएर |

उहिल्यै श्रापित सिसिफस
आजका अस्वत्थामाहरूसँगै
खुला आकाशमा
पीडाको उत्सव मनाइरहेछ ...

पृ. २१

| | | |
|---|---|---|
| वस्तु/भाव/विचार | : | रागात्मक, कलात्मक, सौन्दर्यपरक, भावात्मक, इन्द्रियसंवेद्य विषयवस्तु, अमूर्त मानवीय अन्तरजगतकेन्द्री, स्वप्निल भाव, तन्द्राजन्य भावको प्रस्तुति |
| सहभागी | : | स्वेच्छिक |
| परिवेश | : | सूत्रात्मक/सङ्केतात्मक/प्रतीकात्मक |
| उद्देश्य | : | आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण |
| दृष्टिबिन्दु | : | तृतीय पुरुष दृष्टिबिन्दु |
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, आर्थी विचलन, निजी बिम्ब, निजी प्रतीक, प्रयुक्ति विविधता, लेखिमिक विचलन, आन्तरिक समानान्तरता र बाह्य समानान्तरताको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | क्रमहीनताको प्रस्तुतिको चित्राङ्कन गरिएको छ । जीवनका असङ्गत पक्षको चित्रण प्रस्तुति छ । जीवनको दुःखान्त पक्षको प्रस्तुति एवम् विद्रुपात्मक जीवनको चित्रणको उपस्थिति पाइन्छ । प्रेमको तिरोहणलाई देखाइएको छ, शून्यता एवम् जीवनको प्रकटीकरण गरिएको छ, मिथकीय प्रस्तुतिलाई देखाइएको छ । |

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *पहाडहरू त अग्लिरहन्छन्* |
| पङ्क्तिपुञ्ज | : | ४ |
| कवितांश | : | घन्टाघरको आँखाबाट<br>समय असामयिक चुहिरहेछ ...<br>इतिहासका सग्ला अक्षरहरू<br>लतपतिरहेछन् |

र भीमसेन - दशरथहरू
विरक्तिको नशा झुम्दै
झर्दै गरेको पात/अनि
उड्दै गरेको पतकरमा
आफूलाई भेट्टाउँछन्
लाग्छ पीठमहलमा धुन ठोक्किएर
आफैँतिर पीडापहाड जति बगे नि
पहाडहरू त अग्लिरहन्छन् ...

पृ. २३

| | | |
|---|---|---|
| वस्तु/भाव/विचार | : | रागात्मक, कलात्मक, सौन्दर्यपरक, भावपरक, इन्द्रियसंवेद्य, अमूर्त, मानवीय अन्तरजगत, स्वप्निल तन्द्राजन्यभाव |
| सहभागी | : | स्वेच्छिक/म |
| परिवेश | : | प्रतीकात्मक/सङ्केतात्मक/सूत्रात्मक |
| उद्देश्य | : | आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण |
| दृष्टिबिन्दु | : | तृतीय पुरुष/प्रथम पुरुष |
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, आर्थी विचलन, निजी बिम्ब र निजी प्रतीकको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | जीवनका दु:खद पक्षको चित्रण गरिएको छ । मानवजीवनका शाश्वत पक्षका विविध सन्दर्भहरूको प्रस्तुतीकरण पाइन्छ । सङ्गतिहीनता विषादजन्य परिवेशको प्रस्तुति पाइन्छ । स्थायित्व र परम्पराका रूपमा रहेका विषयवस्तुमाथि क्रमहीनता चित्रण छ । शाश्वत पक्ष र आदर्शको तिरोहणको प्रकटीकरण गरिएको पाइन्छ । आस्था र विश्वास पातहरूमा रूपान्तरित भएको सन्दर्भ प्रस्तुत गरिएको छ । विषम परिस्थितिप्रतिको अनुरागको उपस्थिति पाइन्छ । जीवनलाई दु:खान्त र करुणाका रूपमा हेरिएको पाइन्छ । दशरथ र भीमसेनजस्ता सन्दर्भहरू मिथकीय प्रस्तुतिका रूपमा आएको पाइन्छ । जीवनक्रम र सङ्गतिको रैखिक र सपाट बाटोमा नहिँडी अरैखिक रूपमा हिँडेको सन्दर्भ अभिव्यञ्जित भएको पाइन्छ । |

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *बैजनी वैशाख* |
| पङ्क्तिपुञ्ज | : | ५ |
| कवितांश | : | बयानमा<br>देख्ने आँखाहरू हिउँ जमेका छन्<br>घन्टाघर पक्षघातले थलिएको छ<br>बाटाहरू बरफ बनेका छन्<br>जुन बाटो<br>शिरीष बलात्कृत हुनुअघि<br>उसैको प्रेमी हिँडेको थियो ।<br>पृ. २५ |
| वस्तु/भाव/विचार | : | भावात्मक, रागात्मक, सौन्दर्यपरक, कलात्मक, सार्वजनीन, सर्वज्ञ विषयवस्तु अमूर्त |
| सहभागी | : | स्वेच्छिक/म |
| परिवेश | : | प्रतीकात्मक/सङ्केतात्मक/सूत्रात्मक |
| उद्देश्य | : | आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण |
| दृष्टिबिन्दु | : | तृतीय पुरुष |
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, अर्थतात्त्विक विचलन, निजी बिम्ब, निजी प्रतीक र प्रयुक्ति विविधताको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | अभिशप्त र दुर्घटित जीवनको चित्रण गरिएको छ । युगीन र शाश्वत मूल्य, महिमा र प्रतिष्ठाको तिरोहण अभिव्यञ्जित छ । घन्टाघर पक्षघातले थलिनु गतिशीलतामा अवरोध सृजना हुनु हो र दैनन्दिक कार्यमा स्थिरता देखिनु हो । मानवीय जीवन शून्यता र निस्सारतामा हिँडेको सन्दर्भको प्रकटीकरण भएको पाइन्छ । सत्य, विश्वास, प्रेम, आशा र सम्भावनाको तिरोहणको प्रस्तुति छ । युगीन शाश्वत मूल्य र विश्वासको सङ्कटापन्न स्थितिको चित्रण गरिएको पाइन्छ । मानवका उग्रतापूर्ण क्रियाकलापको वर्णन गरिएको पाइन्छ । |

मानवका शुष्क कठोर व्यवहारको चित्रण अङ्कित भएको पाइन्छ ।

कविताशीर्षक : *अस्तित्व पीडा*

पङ्क्तिपुञ्ज : ...

कविताांश : हिँड्दाहिँड्दै थकानको साँझ
मान्छेबाट निर्वासित ऊ
प्रकृतिको प्रेमिल काखमा निदायो
र सोही मान्छेले लासमाथि भारी श्रद्धा चढायो

पृ. २६

वस्तु/भाव/विचार : भावात्मक, रागात्मक, कलात्मक, सार्वजनीन सर्वज्ञ, विषयवस्तु अमूर्त

सहभागी : स्वेच्छिक

परिवेश : सङ्केतात्मक/प्रतीकात्मक/सूत्रात्मक

उद्देश्य : आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण

दृष्टिबिन्दु : तृतीय पुरुष

भाषाशैलीय विन्यास : मुक्त छन्द, मुक्त लय, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, अर्थतात्त्विक विचलन, निजी बिम्ब, निजी प्रतीक, स्वप्न बिम्ब र प्रयुक्ति विविधताको प्रयोग गरिएको छ ।

अर्थच्छाया : दुर्घटित विश्वासको खोजी गरिएको छ र निरर्थक जीवन चित्रित छ । विविध सङ्गतिहीनताको चित्रण गरिएको छ । विविध बोझ, परिश्रमबाट थाकेको मानिसले प्रकृतिको शरणमा परेको सन्दर्भको प्रकटीकरण भएको पाइन्छ । आजको अस्तव्यस्त र भयाक्रान्त जीवनबाट अलग्गिएर टाढा रही प्रकृतिको ममतामयी काखमा शरण लिन पुगेको सन्दर्भ अभिव्यञ्जित भएको पाइन्छ ।

कविताशीर्षक : *कविको आत्मा*

पङ्क्तिपुञ्ज : ५

कवितांश : म मेरो जीवनप्रति आभारी छु

जसले बाँचेको आभासमा

हर सूर्योदयलाई अभिवादन अर्पन्छ

मानौँ

आत्माको विस्तारमा

सृष्टिको अन्तिम फूल

मलाई नै उपहार मिलेको छ

पृ. २८

वस्तु/भाव/विचार : सौन्दर्यात्मक, भावपरक, रागात्मक, कलात्मक, सार्वजनीन

सहभागी : म

परिवेश : सूत्रात्मक/प्रतीकात्मक/सङ्केतात्मक

उद्देश्य : आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण

दृष्टिबिन्दु : प्रथम पुरुष

भाषाशैलीय विन्यास : मुक्त छन्द, मुक्त लय, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, निजी बिम्ब, निजी प्रतीक, कोशीय विचलन र लेखिमिक विचलनको प्रयोग गरिएको छ ।

अर्थच्छाया : जीवनका आशावादी सम्भावनाहरूको प्रस्तुतीकरण पाइन्छ । मानवीय मूल्य र आस्थाहरूको पूर्णताका प्रकटीकरण पाइन्छ । अस्तित्ववादी चेतनाको प्रस्तुति छ । जीवनका सङ्गतिहरूलाई देखाउन खोजिएको छ ।

कविताशीर्षक : *मान्छेको भगवान्*

पङ्क्तिपुञ्ज : ५

कवितांश : मान्छेले बनाएको मन्दिर

मन्दिरभित्रको देवता

मान्छे उसैसँग डराउँछ ।

पृ. ३०

वस्तु/भाव/विचार : सौन्दर्यात्मक, अमूर्त, भावपरक, रागात्मक, कलात्मक, सार्वजनीन

सहभागी : स्वेच्छिक

परिवेश : प्रतीकात्मक/सूत्रात्मक/सङ्केतात्मक

उद्देश्य : आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण

दृष्टिबिन्दु : तृतीय पुरुष

भाषाशैलीय विन्यास : मुक्त छन्द, मुक्त लय, कोशीय विचलन, अर्थतात्त्विक विचलन, निजी बिम्ब, निजी प्रतीक, आन्तरिक समानान्तरता र बाह्य समानान्तरताको प्रयोग गरिएको छ ।

अर्थच्छाया : दुर्घटित जीवन चित्रित छ । परम्परित मूल्य र मान्यताको तिरोहणको प्रस्तुति छ । मान्छेले बनाएको देवतासँग मानिस डराउनुको सन्दर्भले अविश्वास, विद्रूप जीवन एवम् असङ्गतिपूर्ण जीवन चित्रित भएको पाइन्छ ।

कविताशीर्षक : *फूलको आँधीमा जीवनबोध*

पङ्क्तिपुञ्ज : ३

कवितांश :

यात्रामा
अन्तिम आस्थाको फूलदान फुटेर
चौबाटाभरि छरिएपछि
धार कुल्चेर रगताम्मे पाइला
अघि बढ्नुको पनि के अर्थ र ?
बल्दो आगोका सामुन्ने आँखाबाट
भावुकता बर्सिनुको पनि के अर्थ र ?

पृ. ३३

वस्तु/भाव/विचार : अमूर्त, कलात्मक, रागात्मक, सौन्दर्यात्मक, भावपरक, सार्वजनीन

सहभागी : स्वेच्छिक

| | | |
|---|---|---|
| परिवेश | : | प्रतीकात्मक/सङ्केतात्मक/सूत्रात्मक |
| उद्देश्य | : | आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण |
| दृष्टिबिन्दु | : | तृतीय पुरुष |
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, कोशीय विचलन, अर्थतात्त्विक विचलन, निजी बिम्ब, निजी प्रतीक, आन्तरिक समानान्तरता र बाह्य समानान्तरताको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | मानवको विद्रूपात्मक जीवनको चित्रण गरिएको छ । मानवीय मूल्य, परम्परा र आस्थाको क्षयीकरणको प्रस्तुति पाइन्छ । अभिशप्त विद्रूप जीवनको चित्रण अङ्कित छ । विसङ्गत जीवनको चित्रण गरिएको छ । |

कविताशीर्षक : *अर्थ विशेषाङ्क*

पङ्क्तिपुञ्ज : ४

कवितांश :

कतै जीवनको रङ्ग नै उड्यो कि !
या उसको बनोट भुलेँ !
खै ठेगाना नै फेर पऱ्यो कि !
या उसलाई बदलिँदा
परिचयहरूले
अनुहारसम्म ढाकेर बेरिसके !
यो हेर्ने आँखा नै बदलियो कि !
यो क्षण -
सङ्क्रमणमा उभिएर आज म
त्यो आदिम आफूलाई नै
खोजिरहेछु ...

पृ. ३५

वस्तु/भाव/विचार : अमूर्त, कलात्मक, रागात्मक, सौन्दर्यात्मक, भावपरक

सहभागी : म/स्वेच्छिक

परिवेश : परिवेशात्मक/प्रतीकात्मक/सूत्रात्मक

उद्देश्य : आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण

दृष्टिबिन्दु : प्रथम पुरुष

भाषाशैलीय विन्यास : मुक्त छन्द, मुक्त लय, कोशीय विचलन, अर्थतात्त्विक विचलन, निजी बिम्ब, निजी प्रतीक, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, मिथकीय प्रस्तुति र आद्यबिम्बको प्रयोग गरिएको छ ।

अर्थच्छाया : स्वको खोजी र पहिचान गरिएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । आत्म परिचयीकरणको प्रस्तुतिलाई देखाइएको छ । जीवनको अनुत्तरित प्रश्नहरूको सन्दर्भको प्रकटीकरण गरिएको छ ।

कविताशीर्षक : *ऋतु चक्र*

पङ्क्तिपुञ्ज : ३

कवितांश :

औँसीको कालो धब्बा
घना केशराशिभित्र लुकाएर
जूनको आवाज
समुद्रीछालको उचाइमा लिपिबद्ध हुँदै
जलतरङ्ग बगेर किनारसम्म
पागल कविलाई
निमन्त्रणा छोडेर जान्छ

पृ. ३७

वस्तु/भाव/विचार : अमूर्त, कलात्मक, रागात्मक, सौन्दर्यात्मक, भावपरक, प्रकृतिपरक

सहभागी : स्वेच्छिक

परिवेश : प्रतीकात्मक/सङ्केतात्मक/सूत्रात्मक

उद्देश्य : आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण

दृष्टिबिन्दु : तृतीय पुरुष

भाषाशैलीय विन्यास : मुक्त छन्द, मुक्त लय, कोशीय विचलन, अर्थतात्त्विक विचलन, निजी बिम्ब, निजी प्रतीक, आन्तरिक समानान्तरता र बाह्य समानान्तरताको प्रयोग गरिएको छ ।

अर्थच्छाया : यस कवितांशमा अस्तित्वको खोजी गरिएको छ । जीवनका विषादजन्य परिस्थितिहरूलाई जीवनका उज्याला पाटाहरूले शमन गरेको सन्दर्भको प्रकटीकरण पाइन्छ । कविको काव्यिक चेतना पूर्णताको सङ्केततिर लम्किएको सन्दर्भ अभिव्यक्त भएको पाइन्छ । जीवनमूल्यको प्रस्तुतीकरण भएको पाइन्छ । कविताको आराधनाले कर्मशील जीवनको प्रस्तुतिलाई देखाउँछ । प्रकृति र कविको स्वप्निल सम्बन्ध मूर्तित भएको पाइन्छ ।

कविताशीर्षक : *अनुभवमध्ये*

पङ्क्तिपुञ्ज : ४

कवितांश : मेरो लामो समयको प्रतीक्षापछि

आज सपनामा तिमीले

मसित प्रेमप्रस्ताव राख्यो

अफसोच् !

सपना त मेरै थियो ।

पृ. ३८

वस्तु/भाव/विचार : अमूर्त, कलात्मक, रागात्मक, सौन्दर्यात्मक, भावपरक, प्रकृतिपरक

सहभागी : म

परिवेश : सङ्केतात्मक/प्रतीकात्मक/सूत्रात्मक

उद्देश्य : आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण

दृष्टिबिन्दु : प्रथम पुरुष

| | | |
|---|---|---|
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, कोशीय विचलन, अर्थतात्त्विक विचलन, निजी बिम्ब, निजी प्रतीक, आन्तरिक समानान्तरता र बाह्य समानान्तरताको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | स्वरैकल्पनाको प्रस्तुति गरिएको छ । भ्रमपूर्ण जीवनको चित्रण गरिएको छ । सपना र प्रेमको अन्तरसम्बन्धलाई देखाइएको छ । अचेतन मनका कुण्ठाहरूको निकास पाउन खोजेको सन्दर्भ अभिव्यञ्जित भएको पाइन्छ । |

कविताशीर्षक : *नेपथ्य खुसी*

पङ्क्तिपुञ्ज : ५

कवितांश :

र ढुङ्गे मुटु पग्लेर
सादा कागजमा
वर्तमान बग्दै जाँदा
नजरमा अक्षरहरू पोतिएपछि
नयाँ सडकतिर
सग्ला अक्षरहरू खोज्दै हिँडेका
एक साहित्यकार भन्छन्
उनका नेपथ्यका खुसीहरूमा पनि
मेरै जस्तो जथाभावी
काउसो लागेको हुनुपर्छ ...

पृ. ३९

| | | |
|---|---|---|
| वस्तु/भाव/विचार | : | सौन्दर्यात्मक, कोमल, ललित, रागात्मक, अमूर्त, भावपरक |
| सहभागी | : | स्वेच्छिक/म |
| परिवेश | : | प्रतीकात्मक/सङ्केतात्मक/सूत्रात्मक |
| उद्देश्य | : | आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण |
| दृष्टिबिन्दु | : | तृतीय पुरुष |

| | | |
|---|---|---|
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, अर्थतात्त्विक विचलन, कोशीय विचलन, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, निजी बिम्ब र निजी प्रतीकको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | जीर्ण परम्परालाई नवीनताको साँचोमा ढाल्न खोजेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । मानवीय मूल्य अस्तित्वको रक्षापनार्थ कवि हिँडेको सन्दर्भलाई देखाइएको छ । आनुवांशिकताको चित्रणको प्रस्तुति पाइन्छ । कठोर विगतमा वर्तमान चिहाएको सन्दर्भलाई देखाइएको छ । आदिम पक्षको चित्रणको प्रस्तुति छ । विसङ्गत पक्षहरूको अभिव्यक्ति पाइन्छ । अक्षरहरूको खोजीको सन्दर्भले जीवनको गतिशीलतालाई बुझाएको छ र ज्ञानको भोकलाई तृप्त पार्ने प्रयास गरिएको छ । |

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *साँझ त्रासदी* |
| पङ्क्तिपुञ्ज | : | ७ |
| कवितांश | : | संवादहरूमा<br>पात्रहरूको शब्दस्वरले<br>प्राकृतिक न्याय मागिरहेजस्तो<br>फेरि अपराधको स्वीकृति बाँचेजस्तो<br>लाग्यो<br>विषयवस्तु नै हराएर<br>मान्छेले पाएको विषयवस्तु<br>नाटकले फर्माइस गरिरह्यो<br>पृ. ४१ |
| वस्तु/भाव/विचार | : | भावपरक, कलात्मक, रागात्मक, सौन्दर्यमूलक, अमूर्त, मानवीय अनुभूति, मानवीय अन्तरजगतकेन्द्री |
| सहभागी | : | स्वेच्छिक/म |
| परिवेश | : | प्रतीकात्मक/सङ्केतात्मक/सूत्रात्मक |
| उद्देश्य | : | आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण |

| | | |
|---|---|---|
| दृष्टिबिन्दु | : | तृतीय पुरुष |
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, अर्थतात्त्विक विचलन, कोशीय विचलन, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, निजी बिम्ब, निजी प्रतीक र लेखिमिक विचलनको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | यस कवितांशमा जीवन रङ्गमञ्च हो भन्ने सन्दर्भलाई प्रस्तुत गरिएको छ । जीवनको क्षणभङ्गुरतालाई देखाइएको छ । जीवनका त्रासद पक्षहरूको सङ्केतनको प्रस्तुति छ । स्वप्निल यथार्थहरूको प्रस्तुतीकरण पाइन्छ । |

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *प्रश्न !* |
| पङ्क्तिपुञ्ज | : | ३ |
| कवितांश | : | जब-जब धर्ती अँध्यारिँदै जान्छ आकाश -<br>सचेत उज्यालोमा लिएर आउँछ<br>तर आफ्नै आँखामा पट्टी बाँधेर पनि<br>मानौँ ऊ अँध्यारो तृष्णा मेटाइरहन्छ<br>नजाने कस्तो प्यास हो यो !<br>आफ्नै आँखामा छ पानी<br>उस्तो अनौठो रीत हो यो<br>अनुत्तरित भयो जिन्दगानी<br>पृ. ४३ |
| वस्तु/भाव/विचार | : | रागात्मक, सौन्दर्यात्मक, कलात्मक, भावपरक, अमूर्त, आभ्यान्तरिक जीवनको चित्रण |
| सहभागी | : | म |
| परिवेश | : | प्रतीकात्मक/सङ्केतात्मक/सूत्रात्मक |
| उद्देश्य | : | आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण |
| दृष्टिबिन्दु | : | तृतीय पुरुष |

भाषाशैलीय विन्यास : मुक्त छन्द, मुक्त लय, निजी बिम्ब, निजी प्रतीक, कोशीय विचलन, लेखिमिक विचलन र आर्थी विचलनको प्रयोग गरिएको छ ।

अर्थच्छाया : जीवनका अप्राप्तिहरूको सङ्केतको प्रस्तुति छ । अप्राप्तिका बीचबाट प्राप्तिलाई खोजिएको छ । स्वरति, स्वपहिचान र आत्मपरिचयीकरणको अभाव अभिव्यक्त भएको पाइन्छ । विपरीतधर्मी वस्तुबीचको विपरीत गुणको सन्दर्भलाई देखाइएको छ । मृगतृष्णाको उपस्थिति प्रकट भएको पाइन्छ । आत्मपरिचयीकरणको अभावलाई देखाएर जीवनका सम्भावना र सुखद पक्षलाई ग्रहण गर्न नसकिने सन्दर्भ अभिव्यञ्जित भएको पाइन्छ । जिन्दगीका रहस्यमय कुराहरूलाई चिन्न नसकेको सन्दर्भको प्रस्तुति छ । आकाश र धर्तीजस्ता सन्दर्भहरू विपरीतधर्मी वस्तुका रूपमा आएको पाइन्छ ।

कविताशीर्षक : *अर्थ*

पङ्क्तिपुञ्ज : ७

कवितांश : यिनै अर्थबोधको विशिष्ट क्षण
मान्छेहरू जीवनलाई 'आगो' बोलिरहेछन्
तर बोल्ने ओठहरू डढ्नेछैनन्
जता गहिरो उता पानी
जीवनलाई 'पानी' नै बोलिरहेछन्
तर बोल्ने ओठहरू भिज्नेछैनन् ।

पृ. ४५

वस्तु/भाव/विचार : रागात्मक, सौन्दर्यात्मक, कलात्मक, भावपरक, अमूर्त, सार्वजनीन

सहभागी : स्वेच्छिक

परिवेश : प्रतीकात्मक/सङ्केतात्मक/सूत्रात्मक

उद्देश्य : आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण

| | | |
|---|---|---|
| दृष्टिबिन्दु | : | तृतीय पुरुष |
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, निजी बिम्ब, निजी प्रतीक, कोशीय विचलन, लेखिमिक विचलन र आर्थी विचलनको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | वस्तु र अर्थबीचको सन्दर्भ अभिव्यञ्जित भएको पाइन्छ । दृश्यमान् वस्तु अर्थबोधमा रूपान्तरित हुने हुँदा अर्थ सधैँ भावजगत्सँग केन्द्रित रहने सन्दर्भको प्रकटीकरण पाइन्छ । भाषाको सङ्केत व्यवस्थाअनुसार अर्थ मानसिक प्रक्रिया हो भन्ने सन्दर्भ प्रस्तुत भएको पाइन्छ । सम्बन्ध सङ्केतितसँग जैविक एवम् ठोस रूपमा नभई बोधका रूपमा मात्र प्रकट हुन्छ । बोल्ने ओठहरू डढ्ने छैनन् र बोल्ने ओठहरू भिज्ने छैनन् भन्ने सन्दर्भले मानसिक प्रक्रिया र मानस अनुभूतिका रूपमा बोध ग्रहण क्षमता रहन्छ भन्ने कुरा प्रस्तुत गर्दछ । |

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *युग बिम्ब* |
| पङ्क्तिपुञ्ज | : | ६ |
| कवितांश | : | रगतको समुद्रमा प्रेमको निरन्तर लहर<br>किनार नपुग्दै घृणाको उद्घोषण<br>मेरो युगको अनुहार !<br>पृ. ४७ |
| वस्तु/भाव/विचार | : | रागात्मक, सौन्दर्यात्मक, कलात्मक, भावपरक, अमूर्त, अनुभूतिकेन्द्री |
| सहभागी | : | म |
| परिवेश | : | प्रतीकात्मक/सङ्केतात्मक/सूत्रात्मक |
| उद्देश्य | : | आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण |
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, निजी बिम्ब, निजी प्रतीक, आनन्तरिक समानान्तरता, बाह्य समानान्तरता, कोशीय विचलन र अर्थतात्त्विक विचलनको प्रयोग गरिएको छ । |

| | | |
|---|---|---|
| अर्थच्छाया | : | यस कवितांशमा तीव्र विसङ्गतिबोधको चित्रण गरिएको छ । सङ्कटापन्न मानवीय नियतिको वर्णन मूर्तित भएको पाइन्छ । अभिशप्त जीवनको चित्रण गरिएको छ । विद्रूपात्मक जीवनको चित्रण अभिव्यञ्जित छ । क्षयग्रस्त जीवनको चित्रणको प्रस्तुति छ । आस्थाको तिरोहण भएको सन्दर्भ प्रस्तुत गरिएको छ । |

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *अन्तिम भूमिका* |
| पङ्क्तिपुञ्ज | : | ६ |
| कवितांश | : | यो अन्तिम उज्यालोमा<br>मेरा धुमिल स्मृतिका छटपटीहरू टिपेर<br>कुनै उत्कृष्ट कुशल हातबाट भरिएको<br>सुन्दर फूलदानजस्तो आफूलाई<br>दर्शकदृष्टिले म हेरिरहेछु ।<br>पृ. ४८ |
| वस्तु/भाव/विचार | : | भावपरक, सौन्दर्यपरक, कलापरक, अमूर्त, सार्वजनीन विषयवस्तु |
| सहभागी | : | म |
| परिवेश | : | प्रतीकात्मक/सूत्रात्मक/सङ्केतात्मक |
| उद्देश्य | : | आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण |
| दृष्टिबिन्दु | : | प्रथम पुरुष |
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, निजी बिम्ब, निजी प्रतीक, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, कोशीय विचलन, आर्थी विचलन र लेखिमिक विचलनको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | मानवीय मूल्यको खोजी गरिएको छ । अस्तित्वबोधको प्रस्तुतीकरण छ । कर्तव्यबोधको प्रस्तुति पाइन्छ । जीवनबोधको खोजी गरिएको छ । |

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *प्रकृति-यात्रा* |
| पङ्क्तिपुञ्ज | : | १ |
| कवितांश | : | कवितामा - आँधीले आफ्नो पन छाडेर गयो<br>धुनमा - बर्सातले आफ्नो मन अर्पेर गयो<br>चित्रमा - घामले आफ्नो उज्यालो नै समर्पण गऱ्यो ।<br>पृ. ५० |
| वस्तु/भाव/विचार | : | भावपरक, सौन्दर्यात्मक, कलापरक, अमूर्त, सार्वजनीन, विषयवस्तु, सर्वज्ञ विषयवस्तु |
| सहभागी | : | स्वेच्छिक |
| परिवेश | : | प्रतीकात्मक/सूत्रात्मक/सङ्केतात्मक |
| उद्देश्य | : | यथार्थको प्रकटीकरण/आनन्दको प्रकटीकरण |
| दृष्टिबिन्दु | : | तृतीय पुरुष |
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, निजी बिम्ब, निजी प्रतीक, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, कोशीय विचलन, अर्थतात्त्विक विचलन, लेखिमिक विचलन |
| अर्थच्छाया | : | प्रकृतिको मानवीकरणलाई देखाइएको छ । कला र प्रकृतिबीचको सामञ्जस्यताको प्रस्तुति पाइन्छ । वस्तुपिच्छेका स्वभाव र धर्म फरक हुन्छन् भन्ने अवधारणा प्रस्तुत गरिएको छ । शाश्वत प्रेमको प्रस्तुति छ । प्राकृतिक सङ्गतिमा जीवन हिँडेको सन्दर्भ अभिव्यक्त भएको पाइन्छ । |

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *छायामा कालो निद्राको समवेदना* |
| पङ्क्तिपुञ्ज | : | ९ |
| कवितांश | : | फेरि पनि सपनाभरि<br>खुला नीलो आकाशमा उडिरहेँ<br>ब्युँझदा घनघोर अँध्यारोमा म कुँजिएको रहेछु ।<br>पृ. ५१ |

| | | |
|---|---|---|
| वस्तु/भाव/विचार | : | भावपरक, सौन्दर्यात्मक, कलात्मक, अमूर्त, मानवीय अन्तरजगत |
| सहभागी | : | म |
| परिवेश | : | सङ्केतात्मक/प्रतीकात्मक/सूत्रात्मक |
| उद्देश्य | : | आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण |
| दृष्टिबिन्दु | : | प्रथम पुरुष |
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, निजी बिम्ब, निजी प्रतीक, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, कोशीय विचलन, आर्थी विचलन र लेखिमिक विचलनको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | विसङ्गतिबोधको चित्रणको प्रस्तुति छ । निस्सारताको चित्रणको अभिव्यक्ति भएको पाइन्छ । मानवीय मूल्यहीन र अर्थहीन जीवनको प्रस्तुति पाइन्छ । अर्थहीन र निष्प्रयोजन जीवन बाँचेको सन्दर्भको प्रकटीकरण गरिएको छ । |

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *मृत्यु जो सिसा बनेर उभिरह्यो* |
| पङ्क्तिपुञ्ज | : | ६ |
| कवितांश | : | लहडी उन्माद मृत्यु<br>जो आफ्नो रहरबिन्दुमा पारदर्शी उभियो<br>र जीवन भ्रमित भइरह्यो<br>सिसा बनेर छेकिरह्यो ...<br>पृ. ५३ |
| वस्तु/भाव/विचार | : | भावपरक, सौन्दर्यपरक, कलापरक, अमूर्त, सार्वजनीन, सर्वज्ञ विषयवस्तु |
| सहभागी | : | स्वेच्छिक |
| परिवेश | : | प्रतीकात्मक/सङ्केतात्मक/सूत्रात्मक |
| उद्देश्य | : | आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण |
| दृष्टिबिन्दु | : | तृतीय पुरुष |

| | | |
|---|---|---|
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, निजी बिम्ब, निजी प्रतीक, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, कोशीय विचलन, आर्थी विचलन र लेखिमिक विचलनको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | शाश्वत सत्यको चित्रणको प्रस्तुति छ । मृत्यु मानिसको जीवनमा अवश्यम्भावी छ भन्ने कुराको प्रस्तुति छ । जीवनको अनन्तता र विराट् स्वरूपको प्रस्तुति छ । जीवनको गतिशीलतामा मृत्युबाधक तत्त्व बनेको सन्दर्भ अभिव्यक्त भएको पाइन्छ । |

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *आकाशको जून धर्तीको यात्री* |
| पङ्क्तिपुञ्ज | : | ६ |
| कवितांश | : | कठै !<br>क्याक्टस सजाउने मान्छेले<br>धर्तीमा जून सजाउन सकेन<br>जून रोएर बेमौसममै आकाशतिर फर्कियो<br>औँसीले फेरि जून नपर्खन सकेन<br>पृ. ५५ |
| वस्तु/भाव/विचार | : | अमूर्त, कोमल, भावपरक, सौन्दर्यपरक, कलापरक |
| सहभागी | : | स्वेच्छिक |
| परिवेश | : | प्रतीकात्मक/सङ्केतात्मक/सूत्रात्मक |
| उद्देश्य | : | आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण |
| दृष्टिबिन्दु | : | तृतीय पुरुष |
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, निजी बिम्ब, निजी प्रतीक, कोशीय विचलन र आर्थी विचलनको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | यस कवितांशमा देवकोटाप्रति प्रेमको उदात्तताको प्रस्तुतीकरण पाइन्छ । प्रकृतिप्रेमको प्रस्तुतीकरण छ । प्रेमलाई चिन्न नसक्ने मानिसको नियतिको प्रस्तुति छ । देवकोटाप्रति सम्मान र सौहार्दको कमी भएको सन्दर्भ चित्रित भएको पाइन्छ । |

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *तारा बलेको रात* |
| पङ्क्तिपुञ्ज | : | ७ |
| कवितांश | : | मेरो कविताको रोमान्टिक मूर्च्छना<br>यो रात !<br>शब्दको किनारबाट भागेर, म<br>तिम्रा वक्ररेखाहरूको भुमरीमा फसेको छु<br>यतिखेर मलाई<br>भुमरीको ठोक्कर र गहिराइ दुवै प्यारो लागेको छ<br>बलेको रात<br>पृ. ५७ |
| वस्तु/भाव/विचार | : | अमूर्त, कोमल, भावपरक, सौन्दर्यपरक, कलापरक, सार्वजनीन, विषयवस्तु |
| सहभागी | : | स्वेच्छिक |
| परिवेश | : | प्रतीकात्मक/सङ्केतात्मक/सूत्रात्मक |
| उद्देश्य | : | आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण |
| दृष्टिबिन्दु | : | प्रथम पुरुष |
| भाषाशैलीय विन्यास | : | मुक्त छन्द, मुक्त लय, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, निजी बिम्ब, निजी प्रतीक, कोशीय विचलन र आर्थी विचलनको प्रयोग गरिएको छ । |
| अर्थच्छाया | : | जीवन सङ्घर्ष हो भन्ने भावभूमि अभिव्यञ्जित छ । जीवनका दुःखद र विषाद पक्षहरूप्रति प्रेमको प्रस्तुतीकरण पाइन्छ । भुमरीको ठोक्कर र गहिराइले जीवनका जटिलता र सङ्घर्षलाई सङ्केत गर्दछन् । |

| | | |
|---|---|---|
| कविताशीर्षक | : | *फूलको बिम्ब* |
| पङ्क्तिपुञ्ज | : | ६ |
| कवितांश | : | ग्रिक सभ्यताझैँ<br>तिमी फक्रिएको क्षण<br>काँडाबीचको तिम्रो शालीन मुस्कुराहट सम्झेर<br>भगवान्सँग वरदान माग्नै बिर्सेछु<br>पृ. ५९ |

वस्तु/भाव/विचार : कलापरक, भावपरक, सौन्दर्यपरक, अमूर्त

सहभागी : स्वेच्छिक

परिवेश : सङ्केतात्मक/प्रतीकात्मक/सूत्रात्मक

उद्देश्य : आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण

दृष्टिबिन्दु : तृतीय पुरुष

भाषाशैलीय विन्यास : मुक्त छन्द, मुक्त लय, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, कोशीय विचलनर आर्थी विचलनको प्रयोग गरिएको छ ।

अर्थच्छाया : विषमता र अन्योलग्रस्त वातावरणमा जीवन बाँचेको सन्दर्भको प्रस्तुति पाइन्छ । शाश्वत चिन्तन, आदिम वृत्तिको चित्रणको अभिव्यक्ति पाइन्छ । अस्तित्वको खोजी गरिएको छ ।

कविताशीर्षक : *अर्धसत्यमा पीडा*

पङ्क्तिपुञ्ज : ७

कवितांश :

हरेक साँझ
भीडले मलाई लुगा पहिराइदिन्छ
तर म
मभित्र रहन्नँ
..............
हरेक बिहान
सागरले मलाई नुहाइदिन्छ
तर एकबुँदे पनि मेरो रहन्नँ

पृ. ६१

वस्तु/भाव/विचार : सौन्दर्यात्मक, भावपरक, कलापरक, मानवीय अन्तरजगतकेन्द्री, अमूर्त

सहभागी : म

परिवेश : सङ्केतात्मक/प्रतीकात्मक/सूत्रात्मक

उद्देश्य : आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण

दृष्टिबिन्दु : प्रथम पुरुष

भाषाशैलीय विन्यास : मुक्त छन्द, मुक्त लय, आन्तरिक समानान्तरता, बाह्य समानान्तरता, कोशीय विचलन र लेखिमिक विचलनको प्रयोग गरिएको छ ।

अर्थच्छाया : प्राकृतिक नग्न यथार्थको चित्रण छ । अस्तित्व खोसिएको सन्दर्भको प्रस्तुति पाइन्छ । बाह्य आवरणमा मूलभूत सन्दर्भ लुकेको तथ्य देखाइएको छ ।

कविताशीर्षक : *दुर्गम उचाइमा फूलको आँधी*

पङ्क्तिपुञ्ज : ७

कवितांश : भर्खरै मान्छेको विशिष्ट चेतना

मनको लास बोकेर

सभ्यताको आधार शिविरतिर झरेको छ

पृ. ६३

वस्तु/भाव/विचार : कोमल, सौन्दर्यात्मक, रागात्मक, कलापरक, भावपरक, अमूर्त

सहभागी : स्वेच्छिक

परिवेश : प्रतीकात्मक/सङ्केतात्मक/सूत्रात्मक

उद्देश्य : आनन्दको प्रकटीकरण/यथार्थको प्रकटीकरण

दृष्टिबिन्दु : तृतीय पुरुष

भाषाशैलीय विन्यास : मुक्त छन्द, मुक्त लय, निजी बिम्ब, निजी प्रतीक, बाह्य समानान्तरता, आन्तरिक समानान्तरता, आर्थी विचलन र कोशीय विचलनको प्रयोग पाइन्छ ।

अर्थच्छाया : विपरीतधर्मी वस्तुबीचको विकर्षणको प्रस्तुति पाइन्छ । मानवीय मूल्य कठघरामा परेको सन्दर्भ अभिव्यञ्जित

भएको पाइन्छ । विद्रूपात्मक जीवनको चित्रण छ । मृत्युको विभत्स चित्रणको प्रस्तुति पाइन्छ ।

## ४.६ प्रगीतात्मक संरचना

प्रगीत शब्द लिरिकको नेपाली रूपान्तर हो । फ्रेन्चको लिरिक ल्याटिनको लिरिकस तथा ग्रिकको लिरिकसबाट व्युत्पन्न लिरिक शब्दको शाब्दिक अर्थ प्राचीन ग्रिकमा वीणा नामक वाद्ययन्त्रद्वारा निसृत सङ्गीतका साथ गाइने गीत भन्ने रहेको छ । गेयात्मक कविता वा गीतका लागि लिरिकस शब्दको प्रयोग गरिएको पाइन्छ । गायनका लागि बनाएको रचना वा गीतिकाव्य पनि भनिन्छ ।

प्रगीतात्मक संरचना भएको कविता आकार वा आयामका दृष्टिले छोटो र सानो हुन्छ । यस किसिमका कवितामा केन्द्रीय भाव सशक्त रूपमा रहेको हुन्छ । केन्द्रीय भावको विस्तार सम्पूर्ण कवितामा एकै किसिमले रहेको पाइन्छ । कवितामा रहेका भाषिक एकाइहरू पटक-पटक आवृत्ति भइरहन्छन्, यिनीहरू पनि केन्द्रीय भावको केन्द्रीयतामा घुमेर कवितालाई भावप्रधान बनाउँछन् । प्रगीतात्मक संरचनामा लेखिएका कविताहरूमा प्रमुख भाव र गौण भावको अधिकता रहन्छ । गौण भावहरूले प्रमुख भावलाई वरिपरि घुमेर कवितालाई अत्यधिक भावपूर्ण बनाउँछन् । यस किसिमका कविताहरूमा कतिका सुखदुःखात्मक हर्ष-विस्मातपूर्ण निजी चिन्तन, वैचारिक अभिव्यक्ति, जीवनका वैयक्तिक भोगाइहरू कविताका वस्तुको रूपमा आएका छन् । कविका अनुभूति, आत्माभिव्यक्ति, स्वानुभूति, मानवीय संवेगजन्य विषयवस्तुहरू प्रगीतात्मक कविताका प्रमुख आधारका रूपमा रहेका छन् । यस किसिमका कवितामा प्रायः आख्यानको उपेक्षा हुन्छ । यसमा सहभागीका रूपमा म, पात्र र दृष्टिबिन्दुका रूपमा प्रथम पुरुष दृष्टिबिन्दुको अधिकतर प्रयोग भएको पाइन्छ ।

**दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहमा सङ्कलित कविताहरूमा मानवीय अनुभूतिको बहुल प्रयोग गरिएकोले प्रस्तुत कवितासङ्ग्रह प्रगीतात्मक संरचनामा आबद्ध रहेको छ । कवितामा कविका नितान्त वैयक्तिक मनोभावहरूको उपस्थिति भएको छ । कवितामा प्रस्तुत भएका निजी भोगाइहरू कविकै मनका उपजहरू हुन् । कवितामा रहेका ध्वनिदेखि सङ्कथनस्तरका प्रसङ्गहरूले कविताको मूल भावलाई परिपुष्ट बनाएका छन् ।

कवितामा घनीभूत रूपमा आएका भावपुञ्जहरू बर्तुलित र चक्रीय रूपमा रहेका छन् । भावनात्मक, विषयपरक, श्रुतिमधुर, अनुभूतिमय काल्पनिकजस्ता प्रगीतधर्मी गुणहरूले गर्दा **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहलाई प्रगीतात्मक संरचनामा आबद्ध भएको कवितासङ्ग्रह मान्न सकिन्छ ।

## ४.७ निष्कर्ष

शैलीविज्ञान भाषावैज्ञानिक मान्यताको जगमा अडिएको हुनाले कृतिको संरचनात्मक विश्लेषण गरिनु वाञ्छनीय देखिन्छ । संरचनाको अभिधात्मक अर्थ बनाउनु वा निर्माण गर्नु भए पनि यसले विविध सन्दर्भहरूलाई समेटेको हुन्छ । वस्तु वा कृतिको सङ्गठित वा व्यवस्थित रूप कृतिमा रहेका अङ्ग र उपाङ्गहरूको समष्टिगत स्वरूपलाई संरचना शब्दले बुझाएको पाइन्छ ।

संरचनालाई पाश्चात्य चिन्तक एवम् नेपाली समालोचकहरूले व्यवस्थाका अभिलक्षणहरू प्रदर्शित गर्ने शृङ्खलात्मक क्रम, पूर्ण परिवर्तनशील र स्वनिष्ठ धारणायुक्त सत्त्वहरूको विन्यास, व्यवस्थाको व्यवहारलाई नियन्त्रित गर्ने विधिहरूको समष्टि प्रभाव वस्तुको निर्माण तत्त्व वा रचनाघटकहरूको परस्पर सम्बन्धको समग्रताजस्ता पक्षमाथि केन्द्रित रहँदै परिभाषात्मक अवधारणा प्रस्तुत गरेको पाइन्छ ।

एउटा कृति साना-साना लघुघटकहरूद्वारा निर्मित पूर्ण जीवन्त र स्वनिष्ठ संरचना हो । कृतिको संरचना पक्षमा भाषिक संरचना, साहित्यिक संरचना र शैलीय संरचना पर्दछन् । कृतिको साहित्यिक संरचनामा बनोट र बुनोट, भाषिक संरचनामा भाषाका ध्वनि, व्याकरण अर्थका व्यवस्था पर्दछन् । शैलीगत संरचनाभित्र चयन अग्रभूमीकरण र प्रयुक्ति विविधता पर्दछन् ।

**दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहमा रहेको कविताक्रमलाई *दुर्गम उचाइमा ...* र *फूलको आँधी ...* गरी दुई शीर्षकमा ३५ ओटा कविताहरू प्रगीतात्मक संरचनामा लेखिएका छन् । कवितालाई कृतिविश्लेषणका आधारमा अध्ययन-विश्लेषण गरिएको छ । कृतिविश्लेषण गर्दा प्राप्त भएका कथ्य पक्षलाई कविताका संरचक घटकका आधारमा तथ्याङ्कीकरण र विश्लेषण गरिएको छ ।

# पाँचौं परिच्छेद
# 'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहको शैलीवैज्ञानिक विश्लेषण

## ५.१ परिचय

**दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहमा सङ्कलित कविताहरू शैलीवैज्ञानिक कोणबाट बढी विश्लेष्य देखिन्छन् । शैलीवैज्ञानिक उपकरण र प्रारूपका आधारमा कवितालाई अध्ययन-विश्लेषण गर्न सकिन्छ ।

## ५.२ 'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहमा विचलनको प्रयोग

भाषाको प्रचलित वा मानक रूपको अतिक्रमणलाई विचलन भनिन्छ । मानक वा प्रचलित रूपका विपरीत रहने कविताको भाषा सामान्य पदक्रममा नलेखिएर विशिष्ट पदक्रममा लेखिन्छ । नेपाली कवितापरम्परामा कोशीय विचलन, व्याकरणिक विचलन, लेखिमिक, आर्थी विचलन, भाषिकागत विचलन र प्रयुक्ति विचलन बढी देखिन्छ । **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहमा रहेका कविताहरूमा विचलनको प्रशस्त मात्रामा प्रयोग भएको पाइन्छ ।

### ५.२.१ कोशीय विचलनको प्रयोग

कविताशीर्षक :

कविताांश : मैले नदेखेको ईश्वरबाट *अलग्गिएर*
मेरो माटाको घाइते छाया
मलाई पछ्याइरहेछ
र पनि मेरो माया नै अन्तिम भनेर
माटोलाई
मसँगै सती आउन
अनुरोध गर्न सक्दिनँ ।
पृ. ३

**अर्थच्छाया**

यहाँ कोशीय विचलनलाई देखाइएको छ । अलग्गिएर शब्दले यस प्रकारको विचलनलाई इङ्गित गरेको पाइन्छ । अलग हुनु, फरक हुनुजस्तो शब्दको समानार्थी शब्दका रूपमा देखापरेको छ । कवितामा कोशीय विचलन सार्थक र विशिष्ट परिवेशमा आएको छ । यहाँ प्रयुक्त अलग्गिएर शब्दले कवितामा विशिष्टताको निर्वहण गरेको पाइन्छ । कवितामा कोशीय, विचलन सार्थक र विशिष्ट परिवेशमा आएको छ । यहाँ प्रयुक्त अलग्गिएर शब्द कोशेतर शब्द हो जसले व्यतिरेकी गुण वा धर्मलाई बुझाएको छ । ईश्वरबाट माटाको घाइते छाया अलग्गिनु सन्दर्भले यथार्थ परिवेशको उद्घाटन गरेको पाइन्छ । आजको दुर्घटित मानवीय मूल्य मनुष्यत्वको खोजीमा रहेको सन्दर्भको प्रस्तुतीकरण गरिएको पाइन्छ । माटाको घाइते छाया क्षयीग्रस्त मानवीय मूल्यको सङ्केत हो । माटोको घाइते छायाले स्वअस्तित्व एवम् मानवताको सन्धान गरेको सन्दर्भलाई देखाएको पाइन्छ । माटोलाई मानवसँग तादात्म्यता राख्न नसक्नुको सन्दर्भले मातृभूमिको स्थीरता, सत्यता र मनुष्य जीवनको क्षणभङ्गुरतालाई सङ्केत गरेको पाइन्छ । नदेखेको ईश्वरले जीवनको रहस्यमयतालाई देखाएको पाइन्छ । ईश्वरीय सत्ता अप्राप्य, दुरुह, क्लिष्ट एवम् जटिल भएको सन्दर्भ अभिव्यञ्जित छ । मानवीय जीवन ईश्वरको मायामा भ्रमित हुँदा मानवले यस भौतिक पारदर्शी जीवनलाई बुझ्न खोजेको सन्दर्भलाई सजीवीकरण गरेको पाइन्छ । अलग्गिएर शब्दले कवितांशमा कोशीय विचलन आएर कवितांशलाई विशिष्ट सोद्देश्य र प्रभावपूर्ण बनाएको पाइन्छ ।

कविताशीर्षक : *कविको रङ्गयात्रा*

कवितांश : एउटा निरीह अस्तित्व म
हिमदेशको निर्झर सम्झना *पग्लिएर*
भोलिको प्रथम रङ्ग घोलिरहेछु

पृ. ५.

**अर्थच्छाया**

यहाँ कोशीय विचलन सशक्त र साभिप्राय रूपमा आएको पाइन्छ । सम्झना पग्लिएर बग्न सक्दैन सम्झना, अनुभूतिग्राह्य स्मृति तत्त्व हो । सम्झना पग्लिनुको सन्दर्भलाई कोशीय अर्थबाट बुझ्न गाह्रो हुन्छ । जीवनका अप्राप्ति, कुण्ठा, पीडा, अनस्तित्वबाट सङ्क्रमित म पात्रले उज्यालो र पवित्र आनन्द खोजेको सन्दर्भ मूर्तित भएको पाइन्छ । वर्तमान जीवनका सङ्कटापन्न अवस्थाले युगीन पीडा र तापले आजको मानिसले

दु:खद परिस्थिति गुजारेपछि भविष्यका सुनौला सपना देख्न थालेको सन्दर्भको प्रस्तुतीकरण पाइन्छ । भोलिको प्रथम रङ्ग घोल्नुको सन्दर्भले आगामी सुखद भविष्य निर्माणको सङ्केतलाई बुझाएको पाइन्छ । हिमदेशको निर्झर सपना पग्लिएर भोलिको प्रथम रङ्ग घोलिरहेछु यो सन्दर्भ यस कवितांशमा कोशीय विचलनका रूपमा आएर कोशेतर विशिष्ट परिवेशको निर्माण गरेको पाइन्छ ।

कविताशीर्षक : *कविको रङ्गयात्रा*

कवितांश :

बन्दुकको नालमा
परेवाको गुँड छ
अँध्यारोमै सेतो भुइँ
सम्भावित रगतका बाछिटाहरूले *रङ्गिएछ*
मानौँ समय
असुन्दरहरूको सुन्दर सुख खोजिरहेछु

पृ. ५

**अर्थच्छाया**

कोशीय विचलनको प्रभावपूर्ण उद्देश्यमूलक र सार्थक प्रयोग गरिएको छ । कवितामा वर्तुल र चक्रात्मक रूपमा आएका भावबिम्बहरूलाई भावक वा कोशीय शब्दहरूले थेग्न नसकेपछि कवितामा कोशेतर शब्दको प्रयोग गरिन्छ । सेतो भुइँ सम्भावित रगतका बाछिटाहरूले रङ्गिएछ यो सन्दर्भ कवितांशमा कोशीय विचलनका रूपमा आएर अनुभूतिलाई बोध्य र विशिष्ट बनाएको पाइन्छ । सेतो भुइँ सम्भावित रगतका बाछिटाहरूले रङ्गिनु जीवनको विभत्समय स्वरूप एवम् मृत्युच्छादित परिवेशको निर्माण हुनु हो ।

कविताशीर्षक : *प्रतिवाद/विद्रोह/घृणा*

कवितांश :

क्षतविक्षत युगीन मन लिएर
स्वयम्मा *चर्किंदो* ऐनाको
मार्फत् उज्यालो बाँचिरहेको धर्ती
ऐनापारिको कुनै स्थिर अन्धकारमा
आफूलाई *छुपाउन* खोजिरहेजस्तो लाग्छ

पृ. १०

**अर्थच्छाया**

यहाँ कोशीय विचलनको प्रयोग गरिएको छ । यसमा प्रयुक्त छुपाउन र चर्किंदो शब्दले भाषाको मानक र परम्परित प्रक्रियाको भञ्जन गरेको पाइन्छ । आजको विकृत र विसङ्गतिजन्य परिवेशमा विश्वब्रह्माण्ड अर्थात् स्वयम् धर्ती पनि चेतनाशून्य भएर विस्मृततर्फ लागेको सन्दर्भलाई देखाउन खोजिएको छ । यहाँ प्रयुक्त छुपाउन र चर्किंदो कोशेतर शब्द हो । यसले कवितालाई सार्थकपूर्ण विशिष्ट र कलात्मक बनाएको पाइन्छ ।

कविताशीर्षक : *प्रतिवाद/विद्रोह/घृणा*

कवितांश :

आफ्नै जीवनको शीतकालमा
ग्रीष्मको निमन्त्रण गर्नुभन्दा
मेरो मानवता
*कठ्याङ्ग्रिदो* पीडाको पूजा गरिहिँड्छ
र पीडा भोग्न प्रेरित गर्छ
आफ्नै छायाको तलासमा
भूल परेको चेतना
उज्यालोको आह्वान गर्नुभन्दा
अँध्यारो एकान्तमा आँसु *बहाइहिँड्छ*

पृ. १०

**अर्थच्छाया**

यस कवितांशमा दुईओटा कोशेतर शब्द प्रयोग गरिएको छन् । कठ्याङ्ग्रिँदो पीडा र बहाइहिँड्छ जस्ता शब्दहरू कोशको परम्परित मान्यताभन्दा पृथक् देखिन्छन् । यी शब्दहरूले कवितामा भावहरू वर्तुलित र चक्रीय रूपमा आएर कवितालाई सशक्त बनाएका छन् । सार्थक र सोद्देश्य रूपमा आएका कठ्याङ्ग्रिँदो र बहाइहिँड्छ जस्ता शब्दहरूले कवितामा रागपरक, कलापरक, सौन्दर्यपरक ललित अभिव्यञ्जनाको छाप छोडेको पाइन्छ । पीडा, दुःख र छटपटी जीवनका शाश्वत सत्यहरू हुन् । यिनले जीवनलाई शाश्वत गति प्रदान गर्छन् भन्ने सन्देश प्रस्तुत गरिएको पाइन्छ । स्वको खोजी, अस्तित्वको पहिचानका लागि दुःख र सङ्घर्ष गर्नुपर्ने स्थितिको प्रस्तुति पाइन्छ ।

बाह्य उज्यालो र पराधीनतामा रहेको स्वतन्त्रतालाई अङ्गीकार गर्नुभन्दा आफ्नो कर्मबाट निसृत अस्तित्व भोग्नुपर्ने सन्दर्भ अभिव्यक्ति भएको पाइन्छ ।

कविताशीर्षक : *समय बास बसेको जङ्गलबाट*

कवितांश :
*झुक्यानमा* बत्ती निभाइएको
यो अँध्यारो बस्तीभरि
घडा पनि भरिएन/साइत पनि परेन
चोरको वैरी चन्द्रमा बनिदियो ।

पृ. १२

**अर्थच्छाया**

यहाँ झुक्यान शब्दले कोशीय विचलनको सन्दर्भलाई प्रस्तुत गरेको पाइन्छ । कोशमा झुक्यान शब्दको प्रविष्टि छैन । झुक्यान शब्दले बुझाउने अभिधात्मक अर्थ भ्रम हो । झुक्यान शब्दले यहाँ विशिष्ट अर्थको परिवेशलाई निर्माण गरेको पाइन्छ । युगीन जीवनका सारा क्रियाकलापहरू भ्रमपूर्ण निरुद्देश्य, निरर्थक र निष्प्रयोजनयुक्त छन् भन्ने भावलाई देखाउन झुक्यान शब्दको प्रयोग गरिएको हो । परिवेशबोधक र समयबोधक शब्दको रूपमा प्रयुक्त यस शब्दले यो कवितामा कोशीय विचलनका रूपमा आएको पाइन्छ ।

कविताशीर्षक : *कला, भ्रम र यथार्थ*

कवितांश :
यी आँखाबाट
टुक्राटुक्री समय बगेर पनि
तिम्रा आँखामा
सिङ्गो युगकै चित्र उद्धृत छु
यी आँखामा
सधैं लतपतिएर पनि
तिम्रा आँखामा
अमूर्त सौन्दर्यस्थित छु ।

पृ. १७

**अर्थच्छाया**

यहाँ कोशीय विचलनको प्रयोग सार्थक रूपमा प्रभावपूर्ण रूपमा एवम् उद्देश्यपूर्ण ढङ्गले गरिएको छ । लतपतिएर शब्द कोशीय विचलनको रूपमा आएको पाइन्छ ।

निजी स्वत्व र अस्तित्व आत्मगत कुराहरू हुन् । बाह्य संसारमा व्यक्ति पूर्णताको परिवेशमा बाँचेको हुन्छ भन्ने सन्दर्भलाई देखाइएको छ । बाह्य नजरमा मानिस प्रभावशाली र व्यक्तित्वशाली बन्दछ एवम् भित्री नजरमा मानिस अपूर्ण, अधुरो र अपूरो रहेको हुन्छ भन्ने सन्दर्भलाई देखाइएको पाइन्छ ।

कविताशीर्षक : *कला, भ्रम र यथार्थ*

कवितांश : सङ्गीत महलभरि
तिमी मनको पर्दा उघारेर
मेरा आँखामा
चित्रकविता कोर्दै गर
म तिमीभित्रै रङ्गहरूमा *घोलिएर*
तिम्रा आँखामा
शब्दभित्र बनिरहन्छु ।

पृ. १८

**अर्थच्छाया**

यहाँ प्रयुक्त घोलिएर शब्द कोशीय विचलनका रूपमा आएको पाइन्छ । घोलिएर शब्दले कवितालाई सार्थक सोद्देश्य प्रभावपूर्ण बनाएको पाइन्छ । यहाँ कलाको आराधनालाई व्यक्त गरिएको छ । जीवनका सम्भावना र सङ्गतिका क्षणहरूलाई देखाइएको छ ।

कविताशीर्षक : *चेतनाको साँघुरो गल्लीमा*

कवितांश : उज्यालो साँघुरो हिँड्न विवश अत्यासमा
*हतासिएका* छायाचित्रहरू
ओडारमा नजरबन्द भएर
कोठे वस्तादझैँ
युगको तप्त रात *अलापिरहेछन्*
बाहिर

साँघुरो गल्ली *फाटिएर*/जगततै
उज्यालो निरर्थक पोखिएका छन्
यतिखेर
स्वर्गलोकका ईश्वरहरू *अत्तालिएर*
मर्त्यलोकमा
नारदलाई अँध्यारो खोज्न पठाउँदै छन्

पृ. २२

**अर्थच्छाया**

यहाँ अलापिएर, फाटिएर, अत्तालिएर, हतासिएरजस्ता शब्दहरू परम्परित कोशीय, मानक मान्यताभन्दा भिन्न छन् । यी शब्दहरू कोशेतर शब्द हुन् । युगीन जीवनका विकृति र विसङ्गतिको चित्रण गरिएको छ । आजको अभिशप्त जीवनको चित्रणलाई देखाइन्छ । स्वर्गलोक ईश्वर र नारदजस्ता सन्दर्भले पौराणिक बिम्ब र मिथकलाई पनि प्रस्ट पारेको देखिन्छ ।

कविताशीर्षक : *पहाडहरू त अग्लिरहन्छन्*

कवितांश : नारायण गोपालहरू
सहमतिको यौवन चुलिँदै
फुटपाथमा बजिरहन्छन्
रिटिङ्रिटिङ नबजाऊ बिनायो

पृ. २३

**अर्थच्छाया**

यहाँ चुलिँदै शब्द कोशीय विचलनका रूपमा आएको पाइन्छ । जीवनका सम्भावनाहरूले जीवनको निम्नस्तरलाई छोएको सन्दर्भ सङ्केतित हुन्छ ।

कविताशीर्षक : *पहाडहरू त अग्लिरहन्छन्*

कवितांश : घण्टाघरको आँखाबाट
समय असामयिक *चुहिरहेछ* ...
इतिहासका सग्ला अक्षरहरू
*लतपतिरहेछन्*

र भीमसेन दशरथहरू
विरक्तिको नशा *झुम्दै*
झर्दै गरेको पात/अनि
उड्दै गरेको पतकरमा
आफूलाई भेटाउँछन् ।
लाग्छ, पीडा महलमा धुन ठोक्किएर
आफैँतिर *गर्जिएजस्तो*
आँसुले पीडापहाड जति बगे नि
पहाडहरू त अग्लिरहन्छन् ... ।

पृ. २४

**अर्थच्छाया**

यहाँ चुहिरहेछ, झुम्दै लतपतिरहेछन् र गर्जिएजस्तो सन्दर्भहरू कोशीय विचलनका रूपमा आएको पाइन्छ । कर्तव्यबोध, मानमर्यादा भत्किएको सन्दर्भलाई देखाइएको छ । स्थापित मान्यताको तिरोहणलाई देखाइएको छ ।

कविताशीर्षक : *पहाडहरू त अग्लिरहन्छन्*

कवितांश : तर
बोधिसत्वको सगरमाथा अग्लिएर पनि
गर्मिएर
भित्रभित्रै पग्लेको हिउँजस्तो
मनहरू नी...लो रहेर पनि
बर्सातको आकाशजस्तो
तुवाँलोभित्र अमरसिंहहरू
अग्निकुण्ड ठानेर गोसाइँकुण्डमै
आत्महत्या गर्न बाध्य हुन्छन् ।
र पनि माटोको उचाइ खोज्दै
मुर्दा-आँखाहरू नि खुलै रहन्छन्
हो, पहाडहरू त अग्लिरहन्छन्

पृ. २३

**अर्थच्छाया**

यहाँ अग्लिएर, गर्मिएर र खुलैजस्ता शब्दहरू कोशीय, विचलनका रूप अभिव्यञ्जित भएको पाइन्छ । यहाँ विसङ्गति र असङ्गतिको चित्रण गरिएको पाइन्छ । गर्मिएर शब्द कोशेतर शब्द हो । अग्लिएर शब्दले कोशीय विचलनलाई बुझाएको पाइन्छ । अमरसिंहहरू सन्दर्भले ऐतिहासिक बिम्बको प्रस्तुति पाइन्छ । युगीन जीवनका विविध तापहरूमा सङ्कटापन्न परिवेशमा रहेको मानवीय जीजीविषाको सङ्केतन पाइन्छ ।

कविताशीर्षक : *साँझ त्रासदी*

कवितांश : साँझ *झमक्कै* परिदियो
रातको आगमनमा
र युगको रात बग्दै रह्यो
अथाह त्रासदीमा

पृ. ४१

**अर्थच्छाया**

यहाँ झमक्कै परिदियो सन्दर्भ कोशीय विचलनका रूपमा आएको छ । अहिलेको भयावह परिस्थितिमा युगीन आस्थाले विकराल स्थिति भोग्नु परेको सन्दर्भ मूर्तित भएको पाइन्छ ।

कविताशीर्षक : *प्रश्न*

कवितांश : जब-जब धरती *अँध्यारिँदै* जान्छ
आकाश –
सचेत उज्यालो लिएर आउँछ
तर आफ्नै आँखामा पट्टी बाँधेर पनि
मानौँ ऊ
अँध्यारो तृष्णा मेटाइरहन्छ

पृ. ४४

**अर्थच्छाया**

यहाँ अँध्यारिँदै शब्दकोशीय विचलनका रूपमा आएको पाइन्छ । विषमधर्मी वस्तुका बीचमा भएको सङ्घर्षलाई हटाउन उज्यालोको अपेक्षा गरिएको छ ।

कविताशीर्षक : छायामा कालो निद्राको समवेदना

कविताांश : विमूढ सामुन्नेमा
छायाका अनन्त अर्थहरू *बौरिएर*
*अग्लिँदो* कालो पहाड हेरिरहेँ

पृ. ५२

**अर्थच्छाया**

यहाँ बौरिएर शब्द कोशीय विचलनको रूपमा प्रयोग भएको छ, जीवनका विविध सम्भावित प्रश्नहरू अनुत्तरित भएको सन्दर्भको प्रस्तुति पाइन्छ । अग्लिँदो शब्द कोशीय विचलनका रूपमा प्रयोगमा आएको छ । अग्लिँदो र बौरिएरजस्ता शब्दहरू कवितामा प्रभावकारी, विशिष्ट र उद्देश्यमूलक रूपमा अभिव्यञ्जित भएको पाइन्छ ।

कविताशीर्षक : *आकाशको जून धर्तीको यात्री*

कविताांश : जून त आकाशको सौन्दर्य भयौ
धड्कन छुटेछ यही धर्तीमा
तिमी त स्वयम् कविता हौ
यो *सागरीय* छातीमा

पृ. ५६

**अर्थच्छाया**

यहाँ सागरीय शब्द कोशीय मान्यताभन्दा पृथक् सन्दर्भमा आएको पाइन्छ । कवि लक्ष्मीप्रसाद देवकोटाको सम्मानमा र स्मृतिमा कविता केन्द्रित भएको पाइन्छ । कविता र लक्ष्मीप्रसादको सामीप्यलाई देखाउन खोजिएको छ ।

कविताशीर्षक : *फूलको बिम्ब*

कविताांश : कतै *बेहद* घाममा *मुर्झाएर*

तिमी नजरहरूमा छलिए पनि

आत्मीयताले अँध्यारोमै

चिन्न सक्ने भएछु ।

पृ. ५९

**अर्थच्छाया**

यहाँ बेहद र मुर्झाएरजस्ता शब्दहरू कोशीय विचलनका रूपमा आएको पाइन्छ ।

कविताशीर्षक : *अर्धसत्यमा पीडा*

कविताांश : रङ्गहरू

मेरो अँध्यारोमा पोखिन्छन्

कुनै चिज बन्दैन

रङ्गहरू –

मसँगै निरर्थक अँध्यारिरहन्छन्

परिचित आफ्नो मुठ्ठी रहन्न ।

पृ. ६१

**अर्थच्छाया**

यहाँ अँध्यारिरहन्छन् शब्द कोशीय विचलनका रूपमा आएको छ । मान्छेका जीवनका विकृति र विसङ्गतिको चित्रण गरिएको छ ।

## ५.२.२ अर्थतात्त्विक विचलनको प्रयोग

कविताशीर्षक : *दुर्गम उचाइमा फूलको आँधी*

कविताांश : भर्खरै मान्छेको विशिष्ट चेतना

*मनको लास* बोकेर

सभ्यताको आधार शिविरतिर झरेको छ ।

पृ. ३

**अर्थच्छाया**

मनको लास शब्द अर्थतात्त्विक विचलनको रूपमा आएको पाइन्छ । मनको लास शब्दमा अर्थगत विचलन भएको पाइन्छ । भर्खरै मान्छेको विशिष्ट चेतनाले मनको लास बोक्नुजस्तो सन्दर्भले अभिधात्मक कोशीय अर्थलाई भञ्जन गरी कवितामा विशिष्टता ल्याउने काम गरेको पाइन्छ ।

यहाँ युगीन विसङ्गतिलाई देखाइएको छ । मानवीय मूल्यको विघटनलाई देखाइएको छ । दुर्घटित मानवता, अकर्मण्यता र सन्तप्त परिवेशलाई देखाइएको छ । मनको लास हुन सक्दैन । मनको लासले कवितामा अर्थगत रूपमा विचलनको निर्वहण गर्ने क्रममा आएको पाइन्छ ।

कविताशीर्षक : *दुर्गम उचाइ*

कवितांश : <u>*पीडाको विशेषाङ्क*</u>

पढिरहेछु देवालयहरूमा

पृ. ३

**अर्थच्छाया**

यहाँ अर्थतात्त्विक विचलनको प्रयोग गरिएको छ । देवालय आस्था, धर्म र विश्वासको सङ्केतसूचक शब्द हो । यसको अभिधात्मक, परम्परित, कोशीय र रुढ अर्थमा विचलन आएको पाइन्छ । आजको भयावह संसारमा ईश्वरी सत्ता मिथ्याभासपूर्ण भएको सन्दर्भ केलाइएको छ । देवालयको नैतिक, शाश्वत मूल्यको तिरोहणलाई देखाइएको छ । पीडा, दुःख, सन्त्रास मानिसको जीवनका सार्वजनिक एवम् सर्वज्ञ विषयवस्तु हुन् भन्ने तथ्यलाई उजागर गरेको पाइन्छ । पीडाको मूर्त विशेषाङ्क हुँदैन, यसलाई अभिधेयार्थक रूपमा बुझ्न सकिन्न । यस पदावलीले कवितालाई विशिष्ट र सार्थक बनाएको छ । पीडाको विशेषाङ्क देवालयमा पढ्नु भन्ने सन्दर्भ अर्थगत विचलनलाई प्रस्ट्याउन प्रयोग भएको पाइन्छ ।

कविता शीर्षक : *कविको रङ्गयात्रा*

कवितांश : कविको रङ्गयात्रामा

स्वप्न सम्मेलनको

एक पात्रले एउटा

आलो खबर ल्याएको छ ।

पृ. ४

**अर्थच्छाया**

यहाँ अर्थतात्त्विक विचलन प्रभावपूर्ण र साभिप्राय: रूपमा आएको पाइन्छ । स्वप्न, अमूर्त, वस्तुबोधी, समयसूचक, अनुभूतियोग्य भ्रम हो । यसको कुनै सम्मेलन हुँदैन । 'आलो खबर' यस सन्दर्भले अर्थतात्त्विक विचलनलाई सङ्केत गर्छ । सपनाको सम्मेलन पदावलीले शाब्दिक अर्थलाई बुझाउँदैन । यो अभिधेयार्थ रूपमा बुझ्न जटिल हुने समयसन्दर्भ हो । आलो खबर अर्थगत विचलनका रूपमा आएको छ । यसले पुरातन मान्यताको भञ्जन, नवीन र नूतन ज्ञानको प्रादुर्भाव, चैतन्यको खोजी र जीवनका सम्भावनाहरूको उद्‌घाटनजस्ता पक्षलाई देखाएको पाइन्छ । कवितामा कलात्मकताको सन्धान, अस्तित्वबोध, सौन्दर्यबोधजस्ता सन्दर्भहरूको प्रकटीकरण गर्न अर्थगत विचलनको प्रयोग गरिएको छ ।

कविताशीर्षक : *कविको रङ्गयात्रा*

कवितांश : पराइको डायरीमा

*कैद भइसकेको आफन्त*

*ठेगानाजस्तो*

पृ. ४

**अर्थच्छाया**

यहाँ अर्थतात्त्विक विचलनको विशिष्ट प्रयोग देखिन्छ । कैद भइसकेको आफन्त ठेगाना वाच्यार्थ र अभिधेयार्थका रूपमा नआइकन लक्ष्यार्थ र व्यञ्जनार्थका रूपमा आएको पाइन्छ । मानवीय अस्तित्वको सङ्कटलाई देखाइएको छ । यसमा निरर्थक निरूपाय, निस्सार जीवनको चित्रणलाई देखाइएको छ । मानिसको पलायनवादी प्रवृत्तिलाई देखाइएको छ । स्वत्वहीन जीवनको प्रस्तुति एवम् मानवीय मूल्यको तिरोहणको प्रस्तुति पाइन्छ ।

कविताशीर्षक : *बर्सातमा मृत्युका बुँदहरू*

कवितांश : आगोमा *मृत्युका मुस्लाहरू*

पानीमा *जीवनको बीजाधान*

(अर्थतात्त्विक विचलन)

पृ. ७

**अर्थच्छाया**

मृत्युका मुस्लाहरू जीवनका बीजाधानजस्ता सन्दर्भहरू कवितामा विशिष्ट परिवेशका रूपमा आएका छन् । मृत्युका मुस्लाहरू र जीवनको बीजाधान अर्थगत विचलनका रूपमा प्रयोग भएका छन् । जीवनको शाश्वत पक्षलाई स्पष्ट पार्न चित्रण गर्न यी सन्दर्भहरू कवितामा अमूर्त रूपमा छन् । जीवनको रूपमा आगोको चित्रण गरिएको छ । शीतलता र सृष्टिचक्रको नियमितताका रूपमा पानीको चित्रण गरिएको छ ।

कविताशीर्षक : *अन्तरिम नोस्ताल्जिया*

कवितांश : अहिले म
*निगरानी आँखा* छलेर
बेतोड भागिरहेछु
मेरै मनको सुदूर प्रदेशतिर
जहाँ *यादहरूको चिहानघारी* चिनिने छैन

पृ. ९

**अर्थच्छाया**

मनको सुदूर प्रदेशले अर्थगत विचलनको प्रस्तुतिलाई देखाएको छ । यादहरूको चिहानघारीलाई वाच्यार्थका रूपमा बुझ्न सकिन्न । यो सन्दर्भ आर्थी विचलनको रूपमा आएको पाइन्छ । 'निगरानी आँखा' कवितामा विशिष्ट परिवेश सृजना गर्न आएको देखिन्छ । यहाँ विस्मृति प्रेमलाई देखाइएको छ । स्वतन्त्रताको अनुभूतिलाई प्रस्तुत गरिएको छ । शून्यताको प्रस्तुतिलाई देखाइएको छ । अतीतका तिक्त अनुभूतिहरूको प्रसङ्गलाई देखाइएको छ । यादहरूको चिहानघारीले अतीतका कटु र यथार्थ पक्षहरूलाई सङ्केत गरेका छन् । अतीतजन्य अनुभूतिहरूको वितृष्णा र उपेक्षाभावलाई देखाइएको छ ।

कविताशीर्षक : *प्रतिवाद/विद्रोह/घृणा*

कवितांश : मेघाच्छन्न आकाशको
निष्ठुर आशीर्वाद बाँचिरहेको धर्ती
आज, ब्रह्माण्डकै कतै *उद्धृत अन्धकार*मा
गुफा बस्न आतुरजस्तो लाग्छ ।

पृ. १०

**अर्थच्छाया**

निष्ठुर आशीर्वाद, उद्धृत अन्धकारजस्ता पदावलीहरू अर्थतात्त्विक विचलनका रूपमा आएका छन् । आजको मानिसको परनिर्भरता र पराश्रित भावलाई सङ्केत गरिएको छ । आजका मानिसका उत्तरदायित्व, जिम्मेवारी, कर्तव्यबोधजस्ता पक्षहरू किनारातर्फ लागेको सन्दर्भलाई देखाइएको छ । मेघाच्छन्न आकाशले दु:ख, विसङ्गति र विद्रूप जीवनको चित्रण गरेको छ । परनिर्भरता र पराश्रित भावना मानिसका नियतिका खेल हुन् भन्ने सन्दर्भलाई देखाइएको छ ।

कविताशीर्षक : *पहाडहरू त अग्लिरहन्छन्*

कविताांश : माटोको उचाइ खोज्दै
मुर्दा आँखाहरू नि खुलै रहन्छन्
हो, पहाडहरू त अग्लिरहन्छन्
पृ. २३

**अर्थच्छाया**

यहाँ माटोको उचाइले अर्थगत विचलनलाई बुझाएको पाइन्छ । माटोको उचाइ छुन सक्दैन । यहाँ माटोको उचाइ छुन सक्दैनले असामान्यताको सृजना गरेको छ । अर्थगत विचलनले मानिसको निरर्थक, निष्प्रयोजन, निरूपाय जीवन बाँचेको सन्दर्भलाई देखाएको छ । जीवनको अस्तित्वलाई बचाउन अर्थगत विचलनको प्रयोग गरिएको छ । मुर्दा आँखाहरू खुला रहन सक्दैनन् । तिनीहरूमा जीवनको सङ्केत र आभास पाइन्न यहाँ यी अर्थगत विचलनमा आएका सन्दर्भहरूले सामान्य वा अभिधात्मक अर्थलाई अतिक्रमण गरी यसबाट वर्तमानको सङ्गतिहीनताले आजको मान्छे दु:खी भएको कुरा प्रस्तुत गरिएको छ र आर्थी विचलनले कविताको कथ्यलाई प्रभावपूर्ण बनाएको देखिन्छ ।

कविताशीर्षक : *बैंजनी वैशाख*

कविताांश : बयानमा
*देख्ने आँखाहरू हिउँ जमेका* छन्
*घण्टाघर पक्षघात*ले थलिएको छ
जुन बाटो
शिरीष बलात्कृत हुनुअघि
उसैको प्रेमी हिँडेको थियो
पृ. २५

**अर्थच्छाया**

यहाँ अर्थगत विचलन प्रभावपूर्ण रूपमा आएको पाइन्छ । देख्ने आँखाहरूमा हिउँ जम्न सक्दैन, आँखा र हिउँको सम्बन्धमा व्यतिरेकी भिन्नता पाइन्छ । घण्टाघर निर्जीव वस्तु हो, उसमा प्राणवायु हुँदैन, घण्टाघर थलिएको छ । यो सन्दर्भ भाषाको परम्परित मानक र शुद्ध रूपमाथिको अतिक्रमणका रूपमा देखापरेको पाइन्छ । शिरीष, फूल फुल्ने वनस्पतिजगत्को फूलको बिरुवा हो । यो बलात्कृत हुन सक्दैन । कवितामा मानवीय प्रेम र शान्तिको क्षयीकरण देखाउन शिरीषको फूल बलात्कृत हुनुजस्तो सन्दर्भ अर्थगत विचलनको रूपमा आएको पाइन्छ । यसले आजको मानिसको मानवीय संवेदनहीन जीवनको चित्रण गरेको छ । मानवीय मूल्य, शाश्वत सत्य, मानवीय आस्था र विश्वासको तिरोहण भएको सन्दर्भलाई अर्थगत विचलनले स्पष्ट पारेको देखिन्छ ।

कविताशीर्षक : *अस्तित्व (ड) पीडा*

कवितांश : उसले आफूलाई
बाँचेको भेट्यो र
*स्वप्निल सालिकमा*
अनुदित भयो ।
पृ. २६

अर्थच्छाया

यहाँ अर्थगत विचलन कवितालाई विशिष्ट र प्रभावकारी बनाउन आएको देखिन्छ । मृत्युको शाश्वत सत्यतालाई देखाइएको छ, मृत व्यक्ति बाँच्न असम्भव छ र बँचाइका निम्ति सालिकमा रूपान्तरित भएको सन्दर्भलाई देखाइएको छ । स्वप्निल सालिकमा अनुदित हुनु सन्दर्भ कवितामा अर्थतात्त्विक विचलनका रूपमा आएको पाइन्छ ।

कविताशीर्षक : *फूलको आँधीमा जीवनबोध*

कवितांश : मुर्दाघरको सुनसान रातमा
मृत्युका रङ्गहरू भरेर
लास भित्ताभरि
जीवनचित्र कोरिरहेछ
पृ. ३३

**अर्थच्छाया**

यहाँ प्रयुक्त लास शब्द कवितामा आर्थी विचलनको रूपमा आएको छ । मृत्युका रङ्गहरू हुँदैनन्, अभिधेयार्थ रूपमा माथिको कवितालाई बुझ्न सकिन्न । लास जीवनको अवसानको चित्रण हो । लासले जीवनचित्र कोरिरहेछ यस सन्दर्भका अभिधात्मक अर्थको अतिक्रमण गरिहेछ । आजका भयावह त्रासदीमा जीवनका सङ्कटापन्न स्थितिमा मानवीय जीवन बाँच्नुपरेको सन्दर्भलाई देखाउन आर्थी विचलनको प्रयोग गरिएको छ । मृतात्माले जीवनका सम्भावनाहरूको खोजी गर्ने कार्य तीव्र भएको सन्दर्भलाई देखाइएको छ । लास भित्ताभरि जीवनचित्र कोरिरहेछ भन्ने सन्दर्भले मानिसका मनका कुण्ठा, इच्छा, रहर, सपना, वासनाहरू पूर्ण नभएपछि ती अपूर्ण वृत्तिहरूलाई पूर्ण सन्तुष्टि प्रदान गर्न नयाँ जीवनप्रति अभिरुचि देखाएको सन्दर्भ प्रस्तुत गरिएको छ ।

कविताशीर्षक : *अर्थ*

कवितांश : मान्छे विपनाको सडकमा
सपनाको नाइल बगिरहेको हुन्छ ।
पृ. ४४

**अर्थच्छाया**

सपनाको नाइल बग्न सक्दैन । सपनाको नाइल बगिरहेको सन्दर्भले अर्थतात्त्विक विचलनलाई बुझाएको पाइन्छ । कोशीय परम्परित मानव एवम् भाषाको सरलीकरण प्रयोगले उक्त कवितांश अस्पष्ट र दुर्बोध्य हुने हुँदा कवितालाई सान्दर्भिक विशिष्ट, प्रभावपूर्ण कलात्मक बनाउन अर्थगत विचलन सार्थक रूपमा प्रयोग भएको देखिन्छ । यसमा स्वैरकल्पना र अतिरञ्जनात्मक सन्दर्भलाई समेटिएको छ । यथार्थ र कल्पनाका माध्यमले मानिसको जीवन परिभाषित हुन्छ भन्ने सन्दर्भलाई देखाइएको छ । सपनाको नाइलले तिलस्मी, कल्पनातत्त्व र मनोद्वेगहरूको सन्दर्भहरूलाई देखाएको पाइन्छ । विपनाको सडक र सपनाको नाइल अर्थतात्त्विक विचलनका रूपमा आई त्यसले मानिसको महत्त्वाकाङ्क्षी जीवनको चित्रण गरेको छ ।

कविताशीर्षक : *अन्तिम भूमिका*

कवितांश : *समतल अर्थको शिविरसामु*
यो अभिनेता
आफ्ना भूमिकाहरू समर्पण गरिरहेछ ।
पृ. ४८

**अर्थच्छाया**

समतल अर्थ यहाँ अर्थतात्त्विक विचलनका रूपमा आएको पाइन्छ । मानिसको जीवन रेखीय ढाँचामा र सङ्गतिपूर्ण ढाँचामा हिँडेको सन्दर्भलाई देखाइएको छ । मानिसको कर्तव्यबोधप्रतिको उन्मुखताको अभिव्यक्ति छ । जीवनेच्छाप्रतिको मोहलाई देखाइएको छ ।

कविताशीर्षक : *छायामा कालो निद्राको समवेदना*

कवितांश : कैयन ऋतुहरू हाँगाबाट झर्दै रहे
सिसिफस श्रापबाट मुक्त भएको सपना पनि देखेँ
ब्युँझँदा श्रापको ठूलो ढुङ्गाले आफै किचिएको रहेछु ।

पृ. ५१

**अर्थच्छाया**

ऋतुहरू हाँगाबाट झर्नु, ठूलो ढुङ्गाले किचिनुजस्ता सन्दर्भहरू अर्थतात्त्विक विचलनका रूपमा आएको पाइन्छ । यसमा तीव्र विसङ्गतिबोधलाई देखाइएको छ । समयले बनाएका निर्मम घाउहरूको चित्रण छ । विद्रूपात्मक जीवनको चित्रणलाई देखाइएको छ । स्वैरकल्पना, अतिरञ्जनात्मकजस्ता पक्षको प्रस्तुति पाइन्छ । श्रापको ठूलो ढुङ्गाले किचिएको सन्दर्भले अर्थतात्त्विक विचलनलाई देखाएको पाइन्छ ।

कविताशीर्षक : *तारा बलेको रात*

कवितांश : तारा बलेको यो मलामी रात !
तिम्रो प्रेमको आकाश फैलिन
मलाई तिम्रै समयको वेश्या हुने रहर छ
तिमीजस्तै, म
म
मेरो समयको आउटसाइडर हुँ ।

पृ. ५७

**अर्थच्छाया**

यहाँ मलामी रात, प्रेमको आकाश, समयको वेश्याजस्ता सन्दर्भहरू अर्थतात्त्विक विचलनका रूपमा आएका छन् । रात समयबोधक शब्द हो यो मलामी हुन सक्दैन । प्रेम अनुभूतिबोध्य शब्द हो यसले आकाश छुन सक्दैन । कवितालाई विशिष्ट बनाउन अर्थगत विचलन आएको पाइन्छ । यहाँ प्रेमको उदात्तीकरणलाई देखाइएको छ । प्रेमको प्रकृत र नग्न चित्रणलाई देखाइएको छ । मलामी रातले जीवनको अवसानलाई देखाएको पाइन्छ । मेरो समयको आउटसाइडरले किनारामा पुगेको जीवन व्यक्तित्वलाई बुझाउँछ ।

कविताशीर्षक : *फूलको बिम्ब*

कवितांश : ग्रिक सभ्यताझैँ

तिमी फक्रिएको क्षण

काँडाबीचको तिम्रो शालीन मुस्कुराहट सम्झेर

भगवान्सँग वरदान माग्नै बिर्सेछु

पृ ५९

**अर्थच्छाया**

काँडाबीचको शालीन मुस्कुराहट सम्झेर या सामान्य अर्थको अतिक्रमण गरी आर्थी विचलनद्वारा विशिष्ट अर्थको सृजना भएको छ । काँडाबीचमा शालीन मुस्कुराहट हुँदैन । यसमा मुस्कुराहटका रूपमा फूलको कार्यव्यापारलाई देखाएर कवितामा आर्थी विचलनको प्रयोगलाई देखाइएको छ । यहाँ विसङ्गतिबोधभित्र अस्तित्वको स्वरलाई देखाउन खोजिएको छ । विषादजन्य परिवेशमा जीवन चिहाएको सन्दर्भलाई देखाएको पाइन्छ । मानवीय सौन्दर्यको उद्घाटनलाई प्रस्ट पार्ने काम अर्थतात्त्विक विचलनले गरेको छ । कवितामा कलात्मक, रागात्मक, सौन्दर्यात्मक विशिष्ट परिवेशको निर्माण गरेको पाइन्छ ।

कविताशीर्षक : *तारा बलेको रात*

कवितांश : मूर्च्छना

मेरो कविताको रोमाण्टिक

यो रात

शब्दको किनारबाट भागेर म

तिम्रा वक्ररेखाहरूको भुमरीमा फँसेको छु

यतिखेर मलाई

भुमरीको ठोक्कर र गहिराइ दुवै प्यारो लागेको छ

पृ. ५७

**अर्थच्छाया**

मेरो कविताको रोमाण्टिक मूर्च्छनाले कविमा विशिष्ट सन्दर्भको द्योतन गरेको पाइन्छ । शब्दको किनारबाट भाग्न सकिँदैन । शब्दको किनार कुनै स्थल होइन जहाँबाट सजिलै भाग्न सकियोस् । कवितामा यो सन्दर्भ परम्परित अर्थको अतिक्रमणका रूपमा आएको पाइन्छ । तिम्रा वक्ररेखाहरूको भुमरी अभिधेयार्थ वा वाच्यार्थका रूपमा नआएर अर्थगत विचलनको रूपमा आएको पाइन्छ । वक्ररेखाहरूको भुमरीमा मानिस फस्न सक्दैन । कवितामा विशिष्ट अर्थ बुझाउन मानक नियमको अतिक्रमण भएको सन्दर्भ पुष्टि हुन्छ । भुमरीको ठोक्कर र गहिराइ प्यारो लाग्नु यो सन्दर्भले अर्थतात्त्विक विचलनका रूपमा आएर मानिसको जीवनका सङ्घर्षका पक्षहरूलाई देखाएको पाइन्छ । निरर्थक र निष्प्रयोजनयुक्त कर्ममा अस्तित्वको सङ्कटलाई देखाइएको छ । तरल संवेद्य अनुभूतिको प्रस्तुतिलाई देखाइएको पाइन्छ ।

कविताशीर्षक : *तारा बलेको रात*

कवितांश :

समयको भव्य सुस्केरा

यो रात

कतै पुगिन्छ कि भनेर

म तिम्रो चित्रमा

मेरो चेतनाको विनिर्मित कालो पहाड उक्लिरहेछु

पृ. ५७

**अर्थच्छाया**

यहाँ समयको भव्य सुस्केरा, मेरो चेतनाको विनिर्मित कालो पहाडजस्ता सन्दर्भहरूले आर्थी विचलनलाई बुझाएका छन् । समयको भव्य सुस्केरा कवितामा परम्परित मान्यतालाई तोड्दै नवीन मान्यताका रूपमा विचलित भएर आएको पाइन्छ । चेतनाको विनिर्मित कालो पहाड हुन सक्दैन, जुन उक्लिनु असम्भवप्राय कुरा हो । कवितामा

चक्रीय वर्तुलरूपमा आएका अनुभूतिहरूलाई प्रवेश गराउन कोशीय मान्यता र परम्परित अर्थमा भञ्जन भएको देखिन्छ । मानिसको सङ्घर्षपूर्ण, कष्टपूर्ण र दु:खदायी जीवनको चित्रण गर्न आर्थी विचलनको रूपमा मेरो चेतनाको विनिर्मित कालो पहाड उक्लिरहेछु भन्ने सन्दर्भ देखिन आउँछ ।

कविताशीर्षक : *आकाशको जून धर्तीको यात्री*

कवितांश : कठै !

क्याक्टस सजाउने मान्छेले

धर्तीमा जून सजाउन सकेन

जून रोएर बेमौसममै आकाशतिर फर्कियो

औँसीले फेरि जून नपर्खन सकेन

पृ. ५५

**अर्थच्छाया**

यहाँ जून रोएर बेमौसममै आकाशतिर फर्कियो, यस पदावलीमा आर्थी विचलन परम्परित अर्थभन्दा भिन्न भएर आएको छ । धर्तीमा जून सजाउन नसक्नु, जून रोएर बेमौसममै आकाशतिर फर्किनु यी सन्दर्भहरू अर्थगत विचलनका रूपमा आएर कथ्यलाई प्रभावकारी बनाउँछन् । शाश्वत सौन्दर्यको उपेक्षा गरिएको छ । कलालाई चिन्न नसकेको सन्दर्भलाई देखाइएको छ । निरर्थक वस्तुप्रतिको अनुराग एवम् मूल्यवान वस्तुप्रतिको उपेक्षाभावलाई देखाइएको छ ।

कविताशीर्षक : *अन्तिम भूमिका*

कवितांश : ठीक उही साइत

प्राप्तिको भुमरीमा धनीभूत दृष्टिभन्दा

धे...रै टाढा

जीवनको अन्तिम पृष्ठमा

आज यो अभिनेता

परम शून्यको अभिषेक गरिरहेछ

पृ. ४८

**अर्थच्छाया**

कवितामा वाच्यार्थ शिथिल भई लक्ष्यार्थ वा व्यञ्जनार्थका रूपमा आएको अर्थगत विचलन प्रभावकारी भएको पाइन्छ । प्राप्तिको भुमरीमा, जीवनको अन्तिम पृष्ठमा र परम शून्यको अभिषेकजस्ता सन्दर्भहरू आर्थी विचलनका रूपमा आएर कवितालाई सशक्त र प्रभावकारी बनाएका छन् । पूर्वीय वेदान्त दर्शनलाई देखाइएको छ । मानिसले आजको भौतिकताबाट उत्पन्न भएको तापबाट मुक्ति लिन खोजेको सन्दर्भलाई देखाइएको छ । जीवनको शाश्वत सत्यलाई देखाइएको छ ।

कविताशीर्षक : *अन्तिम भूमिका*

कवितांश : कुनै समय
आफ्नै मनको अँध्यारोमा
गुफा बसेको आँधी सङ्गीत
यो अन्तिम भूमिकामा
आकाशको शून्यविस्तारभरि
म पृष्ठभूमिमा बजिरहेछु

पृ. ४८

**अर्थच्छाया**

यहाँ मनको अँध्यारो, गुफा बसेको आँधीसङ्गीत, आकाशको शून्यविस्तार, पृष्ठभूमिमा बजिरहेछुजस्ता सन्दर्भहरूले कवितामा विशिष्टता र प्रभावकारिता ल्याई अर्थगत विचलनका रूपमा आएको पाइन्छ । नश्वरपूर्ण जीवनका अमरता चिहाएको सन्दर्भलाई देखाइएको छ । यशपूर्ण जीवनको प्रस्तुति अभिव्यञ्जित भएको पाइन्छ ।

कविताशीर्षक : *युगबिम्ब*

कवितांश : मेजर अप्रेसनको सफलता
मुर्दाघरको अग्रिम बुकिङ
मेरो युगको आस्था

पृ. ४७

**अर्थच्छाया**

यहाँ मुर्दाघरको अग्रिम बुकिङ अर्थगत विचलनका रूपमा आएर कविताको कथ्यलाई प्रभावकारी र पूर्ण बनाएको पाइन्छ । धराशायी भएका युगीन सम्भावनाहरूको चित्रण गरिएको छ । विद्रूपात्मक जीवनको चित्रण गरिएको छ । मानिसका चोइटिएका सङ्कल्प र आशाहरूको चित्रण गरिएको छ । टुक्रिएको सङ्गतिहीन युगको चित्रणलाई देखाउन आर्थी विचलन निकै सशक्त रूपमा आएको पाइन्छ । मेरो युगको आस्थाले कविताको कथ्यलाई प्रभावपूर्ण बनाएको पाइन्छ ।

कविताशीर्षक : *युगबिम्ब*

कवितांश : सहरभरि लासहरूको दुर्गन्ध
सुगन्धित अगरबत्ती
मेरो युगको वर्तमान
पृ. ४७

**अर्थच्छाया**

यहाँ तिरोहित मानवीय मूल्य र विद्रूपात्मक जीवनको चित्रण गर्न अर्थगत विचलन परम्परित मान्यताभन्दा भिन्न कथ्यलाई प्रभावकारी बनाउन आएको पाइन्छ । 'मेरो युगको वर्तमान' यस सन्दर्भमा अर्थगत विचलन कवितालाई विशिष्ट बनाउन आएको पाइन्छ ।

कविताशीर्षक : *अर्थविशेषाङ्क*

कवितांश : फेरि पनि कविताको तेस्रो आँखाले
म जीवन खोजी नै रहेछु
जीवन, तेस्रो आँखालाई पनि छलेर
शास्त्रीय भूमिको आधुनिक नृत्य नाच्दै
अघि नै अनुदित हिँड्छे कि !
यो क्षण
उसको परिधिक पदछापहरूमा
संस्कारित अर्थहरूको
उपसंहारहीन विशेषाङ्क पढिरहेछु ...
पृ. ३५

**अर्थच्छाया**

यहाँ मानवीय मूल्यको प्रकटीकरणलाई देखाउन अर्थगत विचलन प्रभावकारी र विशिष्ट सन्दर्भमा आएको पाइन्छ । कविताको तेस्रो आँखा अभिधेयार्थ रूपमा बोध्य देखिन्न । कविताको तेस्रो आँखाले जीवन खोज्नु कलाको सन्धान गर्नु भन्ने हुन्छ । जीवनका आशा र सम्भावनाहरूलाई देखाइएको छ । जीवनले तेस्रो आँखालाई छल्न सक्दैन, जीवन अमूर्त वस्तु हो । यो दुर्बोध्य अस्पष्ट छ, मानिसका आदिम विश्वास र अतीतको सन्दर्भलाई देखाइएको छ । अतीतको बाटोमा वर्तमान हिँडेको सन्दर्भलाई देखाइएको पाइन्छ । कविताको तेस्रो आँखा, शास्त्रीय भूमिको आधुनिक नृत्य, संस्कारित अर्थहरूको उपसंहारहीन विशेषाङ्कजस्ता सन्दर्भले कवितामा आर्थी विचलनको निर्माण गरेको पाइन्छ । संस्कृतिजन्य आद्यबिम्बको आलोकमा वर्तमानको धरातल सुदृढ भएको सन्दर्भलाई देखाइएको पाइन्छ ।

कविताशीर्षक : *मान्छेको भगवान्*

कवितांश : युग पगालेर
मान्छेले स्थापन गरेको आस्था
उही ईश्वरका अगाडि
मान्छे अपराध गर्छ ।

पृ. ३०

**अर्थच्छाया**

यहाँ मानिसका जीवनका बह्वर्थी रूपको चित्रण गरिएको छ । युग पगाल्नु, मान्छेले स्थापन गरेको आस्थाजस्ता सन्दर्भहरू कवितामा व्यञ्जनात्मक अर्थमा प्रतिध्वनित भई कवितालाई विशिष्ट बनाई अर्थगत विचलनका रूपमा आएको पाइन्छ । मानवभित्र दानवीय व्यवहार आरुढ भएको सन्दर्भलाई देखाइएको पाइन्छ ।

कविताशीर्षक : *चेतनाको साँघुरो गल्लीमा*

कवितांश : पानी सहज बग्न नसक्नुको टक्करमा
अत्तालिएको अर्थसङ्गीत
युगप्रकरण प्रतिध्वनित छ
ओहोरदोहोर/पुरानो नयाँ

ठोक्किएर

गीत सङ्क्रमण बजिरहेछ

यतिखेर

*उहिल्यै श्रापित सिसिफस*

आजका अस्वत्थामाहरूसँगै

खुला आकाशमा

*पीडाको उत्सव* मनाइरहेछ ...

पृ. २१

**अर्थच्छाया**

यहाँ अत्तालिएको अर्थसङ्गीत, श्रापित सिसिफस, पीडाको उत्सवजस्ता सन्दर्भहरू भाषाको सामान्य अर्थबाट अतिक्रमित भई विशिष्ट परिवेशमा आएका छन् । यहाँ अभिधेयार्थ गौण रूपमा आएको छ र कवितामा लक्ष्यार्थ र व्यञ्जनार्थ विशिष्ट सन्दर्भमा आएको पाइन्छ । यहाँ मानिसको जीवनसङ्घर्षलाई देखाइएको छ । विसङ्गतिबोधको चित्रणले कविता निकै सशक्त देखिन्छ । मानवीय पीडालाई सार्वजनीन सत्य स्वीकारेको सन्दर्भलाई देखाइएको पाइन्छ । भ्रमपूर्ण जीवनको प्रस्तुतिलाई देखाइएको छ ।

कविताशीर्षक : मेरो रिट निवेदन

कवितांश : *वर्षा चुहिएर थेग्रिए*को

*ग्रीष्म ऋतुको आँगन*मा

*प्रसवरातका अधुरा पीडाहरू*

दृढ ढुङ्गा भएर

तिम्रासामु मूर्तिवत् छन्

पृ. १९

**अर्थच्छाया**

यहाँ ग्रीष्म ऋतुको आँगन र प्रसवरातका अधुरा पीडाहरूजस्ता सन्दर्भले अर्थको सङ्गतिमा असामान्यताको सृजना गरी आर्थी विचलनद्वारा आजको मान्छेको सङ्गतिहीन विद्रूप युगीन यथार्थलाई अभिव्यक्त गरिएको छ । पीडाको शाश्वत

सत्यलाई प्रकट गरिएको छ । मानिसको सङ्घर्षपूर्ण जीवनको प्रस्तुतिलाई देखाइएको छ । ग्रीष्म ऋतुको आँगन, पीडाहरू दृढ ढुङ्गा भएरजस्ता सन्दर्भहरू लक्ष्यार्थ र व्यञ्जनार्थका रूपमा आएर कविताको कथ्यलाई विशिष्ट बनाएका छन् ।

कविताशीर्षक : *नयाँ शताब्दीको मान्छे*

कवितांश : आँखामा लाम लागेका
सपनाका कहालीलाग्दा
पहाडहरूको सम्झनाले
विपनाको उकालीमा
ऊ पसिना उमार्छ

पृ. १५

**अर्थच्छाया**

यहाँ सपनाका कहालीलाग्दा पहाडहरूको सम्झनामा सामान्य अर्थ गौण भई लक्ष्यार्थ वा व्यञ्जनात्मक अर्थको निर्माण भएको छ । आँखामा लाम लागेका सपनाका कहालीलाग्दा पहाडहरू र विपनाको उकालीजस्ता सन्दर्भहरूले अर्थगत विचलनलाई बुझाएको पाइन्छ । यहाँ अतीतले वर्तमानलाई चिहाएको सन्दर्भलाई देखाइएको छ । अचेतन अवस्थामा रहेका दमित इच्छाहरूको निकासलाई देखाइएको छ । जीवन सङ्घर्षले युक्त भएको सन्दर्भ मूर्तित भएको पाइन्छ ।

कविताशीर्षक : *अन्तरिम नोस्टाल्जिया*

कवितांश : यतिखेर गुलाफका नजरबन्द ओठहरूबाट
पीडाको बहुरूपी गन्ध फैलिरहेछ

पृ. ९

**अर्थच्छाया**

गुलाफका नजरबन्द ओठहरू सामान्य अर्थबाट अतिक्रमित भएर अर्थगत विचलनको रूपमा आएको पाइन्छ । पीडाको बहुरूपी गन्धलाई पनि अभिधेयार्थ रूपमा बुझ्न सकिन्न । कवितामा यी सन्दर्भहरू आर्थी विचलनका रूपमा आएको पाइन्छ । यहाँ

शाश्वत सत्यको तिरोहण देखाइएको छ । विनिर्मित गुलाफको सन्दर्भले मानवीय आस्था, मूल्य दुर्घटित भएको सन्दर्भ प्रस्तुत भएको पाइन्छ ।

कविताशीर्षक : वर्षात्मा मृत्युका बुँदहरू

कवितांश : *हावामा मृत्युका झोक्काहरू*
*थालीमा जीवनको सुवास*
उहिल्यै थाली घोप्टिएर
सुवास पोखिएछ र मृत्यु बहेछ
पूर्वी आकाशतिर

पृ. ७

**अर्थच्छाया**

हावामा मृत्युका झोक्काहरू हुन सक्दैनन्, थालीमा जीवनको सुवासजस्ता सन्दर्भहरू कवितामा विशिष्टीकृत परिवेशमा आएर अर्थतात्त्विक विचलनका रूपमा रहेको पाइन्छ । यहाँ जीवनको निस्सारताको वर्णन गरिएको छ । मानिसको जीवनको क्षणभङ्गुरतालाई देखाइएको छ । मृत्यु जीवनको शाश्वत सत्य हो भन्ने सन्दर्भलाई देखाउन खोजिएको छ । हावामा मृत्युका झोक्काहरू र थालीमा जीवनको सुवासजस्ता सन्दर्भहरू अर्थतात्त्विक विचलनका रूपमा आएको पाइन्छ ।

कविताशीर्षक : *कविको रङ्गयात्रा*

कवितांश : देख्दैछु
फूलहरू झर्दैछन्
लासहरूमा अनुदित हुँदैछन्

पृ. ४

**अर्थच्छाया**

यहाँ फूलहरू लासहरूमा अनुदित हुँदैछन् । यो सन्दर्भ अर्थतात्त्विक विचलनका रूपमा आएर कवितालाई सशक्त कलात्मक प्रभावकारी बनाएको पाइन्छ । यहाँ जीवनको निस्सारतालाई देखाउन खोजिएको छ । मानवीय मूल्यको विघटनलाई देखाइएको छ । मानिसको विद्रूपात्मक जीवनको चित्रणलाई देखाइएको छ ।

## ५.२.३ प्रयुक्ति विचलनको प्रयोग

कविताशीर्षक : *कविको रङ्गयात्रा*

कविताांश : यतिखेर

सहरको ब्ल्याक आउटमा

छलिएर रेडलाइट एरिया

पुगेको एउटा निरीह अस्तित्व म

हिमदेशको निर्झर सम्झना पग्लिएर

भोलिको प्रथम रङ्ग घोलिरहेछु

पृ. ४

**अर्थच्छाया**

यहाँ भाषिक प्रयुक्तिको मानक अतिक्रमित भई विशिष्ट परिवेशको निर्माण भएको पाइन्छ । सहरको ब्ल्याक आउट, रेडलाइट एरियाजस्ता सन्दर्भहरू प्रयुक्ति विविधताका सन्दर्भहरू हुन् । यहाँ दुर्घटित मानवीय मूल्यको चित्रण गरिएको छ । मानिसको विद्रूपात्मक, विभत्स, नग्नतापूर्ण जीवनको चित्रण गरिएको छ । हिमदेशको निर्झर सम्झना, भोलिको प्रथम रङ्गजस्ता सन्दर्भहरू अर्थगत विचलनका रूपमा आएर कवितालाई विशिष्ट र कलात्मक बनाएको पाइन्छ ।

कविताशीर्षक : *बर्सातमा मृत्युका बुँदहरू*

कविताांश : धुँवामा मृत्युचित्रहरू

*खुला स्पेस जीवनको सम्भावना*

उहिल्यै स्पेस भरिएर

कुहिरीमण्डल भएछ र मृत्युले कब्जा गरेछ

सारा पृष्ठभूमिहरू

सुनेथेँ जहाँ भाग्यले सभ्यताको

आदर्श लेखेथ्यो

पृ. ७

**अर्थच्छाया**

यहाँ खुला स्पेस प्रयुक्ति विचलनको रूपमा आएर कवितालाई सशक्त र प्रभावकारी बनाएको पाइन्छ । यहाँ विसङ्गतिबोधलाई देखाइएको छ । अस्तित्वको खोजीलाई देखाइएको छ । धुँवामा मृत्युचित्रहरू मृत्युले कब्जा गर्नु, भाग्यले सभ्यताको आदर्श लेख्नुजस्ता सन्दर्भहरू परम्परित कोशीय र मानक नियमबाट अतिक्रमित भई अर्थगत विचलनको रूपमा आएको पाइन्छ ।

कविताशीर्षक : *अन्तरिम नोस्ताल्जिया*

कवितांश : मान्छेको चेतना

आफ्नै मनको ब्ल्याक होलमा

विरुपाक्षझैँ

आधा फँसिरहेको हुन्छ ।

पृ. ९

**अर्थच्छाया**

यहाँ ब्ल्याक होल र विरुपाक्षजस्ता सन्दर्भहरू भाषाको सामान्य नियमबाट अतिक्रमित भई विशिष्ट परिवेशमा आएको पाइन्छ । यी शब्दहरूले कवितामा प्रयुक्ति विचलनलाई देखाएको पाइन्छ । कविताको कथ्यलाई स्पष्ट्याउन आएका ब्ल्याक होल र विरुपाक्षजस्ता शब्दहरूले प्रयुक्ति विचलनका सन्दर्भबाट विशिष्टीकृत मान्यतालाई देखाउँछन् । यहाँ मानवीय संवेदना कैद भएको सन्दर्भलाई देखाइएको छ । आजका मानिसले गुमाउन पुगेका मानवीय मूल्य, विश्वास र सङ्गतिको चर्चा गरिएको छ । नियतिले निम्त्याएका कष्टहरूको चित्रण गरिएको छ ।

कविताशीर्षक : *समय बास बसेको जङ्गलबाट*

कवितांश : क्याक्टसहरू मनी प्लान्ट बनेर

फूलदानमा उधारो फूल भरेर

माटो बेच्न कुशल सपूतको

अग्रिम जन्मदिन मनाइरहेछन् ।

पृ. १२

**अर्थच्छाया**

यहाँ क्याक्टसहरू, मनिप्लान्टजस्ता सन्दर्भहरू सामान्य अर्थमा अतिक्रमित भएर प्रयुक्ति विचलनको रूपमा आएको पाइन्छ । आजका मानिसमा बिस्तारै हराउँदै गएको हृदयहीनता र संवदेनालाई प्रस्तुत गर्न क्याक्टसको परिकल्पना गरिएको छ । आजका मानिस मूल्यवान् वस्तुको खोजमा नलागी निष्प्रयोजन र निरर्थक मूल्यका वस्तुलाई महत्ता दिएको सन्दर्भलाई देखाइएको छ । मानिसमा भएका बाह्याडम्बर र खोक्रोपनको प्रस्तुतिलाई देखाउन फूलदानामा उधारो फूल भरेर यो सन्दर्भ विशिष्टीकृत रूपमा आएको पाइन्छ । धराशायी बन्दै गएको युगीन अवस्था एवम् मानिसहरूमा हराउँदै गएको राष्ट्रप्रेम, नैतिकता, शाश्वत सत्यको तिरोहणलाई देखाएको पाइन्छ । राष्ट्रप्रति अनुत्तरदायी भावना बढ्दै गएको सन्दर्भलाई देखाइएको छ । मानवीय मूल्य ह्रास भएको, राष्ट्रप्रेम शून्य भएको आजको मानिस नै नायक भएको सन्दर्भ अभिव्यञ्जित भएको पाइन्छ ।

कविताशीर्षक : *हराएको म*

कवितांश : आफ्नै सम्बोधनमा नपरेको म
आफ्नो इमेज सम्झन नसकेर
आफैँभित्र फ्रिज भएको छु ।
मानौँ
बिरानो भूमिमा स्थगित युद्धपश्चात्
सपनामा जितिएको युद्धजस्तो ...
ब्ल्याक एन्ड ह्वाइटको एकरसतामा
रक्तरञ्जित फूलको उत्सवजस्तो
आफैँभित्रको सुनसानमा म
आफैँ टुटेको सङ्गीत सुनिरहेछु
आफू हुनुकै अर्थ बिर्सेर
आफैँ हराएको सूचना पढिरहेछु ...

पृ. २०

**अर्थच्छाया**

यहाँ ब्ल्याक एन्ड ह्वाइट, टुटेको सङ्गीतजस्ता सन्दर्भहरू विशिष्टीकृत रूपमा आएर प्रयुक्ति विचलनका रूपमा देखिएका छन् । फ्रिज, इमेजस्ता सन्दर्भहरू भाषाको सामान्य नियम वा कोशीय मान्यताबाट अतिक्रमित भई प्रयुक्ति विचलनका रूपमा आएको पाइन्छ । आजका मानिसले भोगेको एकाकीपनको चित्रण गरिएको छ । मानिसको बढ्दै गइरहेको अपरिचयीकरण, एक्लोपन र पराइपनको उपस्थितिले जीवन शून्यमा हिँडेको सन्दर्भलाई देखाएको पाइन्छ । मानिसले गर्ने खेलहरू, मानिसले जीवन भोग्ने क्रममा बिताएका पलहरू निरर्थक भएको सन्दर्भलाई देखाइएको छ ।

कविताशीर्षक : *अस्तित्व पीडा*

कवितांश : हिजो सपनामा कतै
उसले आफ्नो लास जलाएर
अस्तित्वको सेन्सर गऱ्यो
र भाग्यरेखा कोऱ्यो

पृ. २६

**अर्थच्छाया**

अस्तित्वको सेन्सर र भाग्यरेखा कोर्नुजस्ता सन्दर्भहरू कवितामा विशिष्ट परिवेशमा आएका छन् र प्रयुक्ति विचलन भएको देखिन्छ । कविताको अभिधेयार्थ सामान्यार्थ गौण भएर कविता विशिष्टीकृत बनेको पाइन्छ । यहाँ मानिसमा गुम्दै गएको संवेदनालाई प्रस्तुत गरिएको छ । मानिसमा विद्यमान यान्त्रिक जडताको प्रस्तुतिले जीवन विसङ्गत स्थितितर्फ गएको सन्दर्भलाई देखाइएको छ । यहाँ अस्तित्वको खोजी गरिएको छ । मानिसको शुष्क, कठोर, रुढ, यान्त्रिक जीवनप्रतिको वितृष्णालाई देखाइएको छ । विगतका कार्यकलाप र स्थिति धराशायी र तिरोहित बन्दै गएको सन्दर्भलाई देखाइएको छ । अस्तित्वको सेन्सर गर्नुले मानिसको स्वत्व र अभिमानलाई जोगाउनु भन्ने बुझिन्छ ।

कविताशीर्षक : *अस्तित्व पीडा*

कवितांश : अचानक गिरफ्तारीको वारेन्ट पढेपछि
उज्यालो हुनुअघि नै
ऊ बिनासम्पादन हिँड्यो
र भन्नेले पागल भन्यो

.... .... .... ....

हिँड्दाहिँड्दै थकानको साँझ

मान्छेबाट निर्वासित ऊ

प्रकृतिको प्रेमिल काखमा निदायो

र सोही मान्छेले लासमाथि भारी श्रद्धा चढायो

पृ. २६

**अर्थच्छाया**

गिरफ्तारीको वारेन्ट प्रयुक्ति विचलनका रूपमा आएको पाइन्छ । यसमा कविताको सामान्य अर्थ अतिक्रमित भएको पाइन्छ । यसमा मानवीय स्वत्व, अस्तित्व सङ्कटमा परेको सन्दर्भलाई देखाइएको छ । आजको मानवताशून्य जीवनमा नैतिकता, सहिष्णुता, प्रेम र सदाचारजस्ता पक्षहरूको अवसान भएको देखाइएको छ । सच्चा, कर्मठ व्यक्तिको कदर नभएको सन्दर्भलाई देखाइएको छ । प्रकृतिको शरणमा सात्विक आनन्द भेट्न सकिने सन्दर्भलाई प्रस्तुत गरिएको छ । मान्छेको अवसानपछि देखाइने तथा कथित आदर्शको प्रस्तुतिले जीवन विसङ्गतिपूर्ण छ भन्ने भाव देखाइएको छ ।

कविताशीर्षक : *फूलको आँधीमा जीवनबोध*

कवितांश : घृणाका फोसिलमाथि फुलिरहेको

फूलको अन्जान रहरजस्तो

जीवन प ... र क्षितिजबाट

फूलको आँधीमा काँडा कुल्चँदै

उही मुर्दाघरतिर बढिरहेछ

पृ. ३३

**अर्थच्छाया**

यहाँ घृणाका 'फोसिल' शब्द प्रयुक्ति विचलनका रूपमा आएको छ । यसमा भाषाको सामान्य नियम अतिक्रमित भई प्रयुक्ति विचलन भएको पाइन्छ । मानिसमा रहेको संवेदनहीनतालाई देखाइएको छ । निस्सारतापूर्ण जीवनको प्रस्तुतिलाई देखाइएको छ । विविध किसिमका असन्तुष्टि, कुण्ठा, निराशा र हताशमा जीवन बाँचेको सन्दर्भ अभिव्यञ्जित भएको पाइन्छ ।

कविताशीर्षक : *साँझ त्रासदी*

कवितांश : घाउहरू बग्दै रहेको
मान्छेको कर्फ्यू साँझ
साँझभन्दा प...र बसेर
साँझकै नाटक हेरिरहैं
पृ. ४१

**अर्थच्छाया**

यहाँ कर्फ्यू साँझ सामान्यार्थमा गौण भूमिकामा रहेर कवितामा विशिष्ट अर्थको रूपमा आएको पाइन्छ । कर्फ्यू साँझले कवितामा प्रयुक्ति विचलनलाई बुझाएको पाइन्छ । यसमा मानिसका विषादजन्य परिस्थितिलाई देखाइएको छ । मानवीय अस्तित्व बन्धकमा परेको सन्दर्भको प्रस्तुति छ । जीवन दु:खान्त नाटक हो भन्ने सन्दर्भलाई देखाइएको छ ।

## ५.२.४ लेखिमिक विचलनको प्रयोग

कविताशीर्षक : *अर्धसत्यमा पीडा*

कविताांश : एउटा श्रापित ढुङ्गा →
एउटा घाइते अहल्या →
एउटा चोइटिएको छाया →
यसै कतै ढलेको हुन्छु
पृ. ६१

**अर्थच्छाया**

यहाँ पौराणिक मिथकका रूपमा श्रापित ढुङ्गा र अहल्या आएको पाइन्छ । बाण चिह्नले कवितामा लेखिमिक विचलनको सन्दर्भलाई प्रस्तुत गरेको पाइन्छ । यहाँ लेखिमिक चिह्नका रूपमा रहेको बाण चिह्न (→) भाषाको सामान्य, मानक नियमको व्यतिरेकमा आएर कवितामा विशिष्टताको परिवेश निर्माण गरेको पाइन्छ । मानिसको शून्यतापूर्ण र निस्सारपूर्ण जीवनको चित्रण गरिएको छ । मानवीय संवेदना दुर्घटित भएको सन्दर्भलाई देखाइएको पाइन्छ । मर्मान्तपूर्ण मानवीय नियतिको वर्णन गरिएको छ । मानवीय स्वाभिमानको दुर्घटित रूपलाई देखाइएको छ ।

कविताशीर्षक : *अर्धसत्यमा पीडा*

कविताांश : यतिखेर

अर्धसत्यहरूको पहाडहरूमा ???

म सम्पूर्णताको प्रश्न

यसै अडेसा लागेको छु ।

पृ. ६१

**अर्थच्छाया**

यहाँ अर्धसत्यहरूको पहाडमा ??? यस सन्दर्भले कवितामा लेखिमिक विचलन भएको पाइन्छ । यहाँ मानिसको भ्रमपूर्ण जीवनको चित्रण गरिएको छ । मानिसका छद्मवेषी जीवनका विविध सन्दर्भलाई देखाइएको छ । भ्रमपूर्ण र अवास्तविक जीवनलाई देखाइएको पाइन्छ ।

कविताशीर्षक : *तारा बलेको रात*

कविताांश : तर सभ्यताको प्रेममय विश्राम

यो साइबर रात !

सम्झेरै आत्महत्याको कुरा गर्ने छैन

रात त आखिर

उज्यालोमा छाया परेको न हो

पृ. ५७

**अर्थच्छाया**

यहाँ साइबर रातपछि विस्मयादिबोधक चिह्नको प्रयोग गरिएको छ, जसले कवितामा लेखिमिक विचलनलाई देखाउँछ । यहाँ प्रविधि संस्कृतिको प्रभावको उपस्थिति छ । उत्तरआधुनिक संस्कृतिप्रतिको मोहको अभिव्यक्ति भएको पाइन्छ । प्रेमिल जीवनको चित्रण मूर्तित भएको छ । जीवनका दु:खद र सुखद पक्षको प्रस्तुतिलाई देखाइएको छ ।

कविताशीर्षक : *प्रकृति यात्रा*

कविताांश : कवितामा → आँधीले आफ्नोपन छाडेर गयो

धुनमा → बर्सातले आफ्नो मन अर्पेर गयो

चित्रमा → घामले आफ्नो उज्यालो नै समर्पण गऱ्यो

पृ. ५०

**अर्थच्छाया**

यहाँ कवितामा → आँधीले ... धुनमा → बर्सातले, चित्रमा → घामले आफ्नो उज्यालो ... जस्तो सन्दर्भले लेखिमिक विचलनलाई बुझाएको पाइन्छ । यहाँ कविता र सङ्घर्षबीचको सहसम्बन्धलाई देखाइएको छ । पानी र वर्षाबीचको एकरूपतालाई देखाइएको छ । कलाको सार्वजनीन तथा उज्ज्वल रूपलाई देखाइएको छ ।

कविताशीर्षक : *समय बास बसेको जङ्गलबाट*

कवितांश : बेवारिसे पीडाको मृत्यु !
गतिहीन सभ्यताको मृत्यु !!
सपाट अँध्यारोको मृत्यु
प्रकृत उज्यालोको अनुष्ठान !

पृ. १२

**अर्थच्छाया**

यहाँ सडक पीडा, गतिहीन सभ्यता र सपाट अँध्यारोको मृत्युजस्ता सन्दर्भले आर्थी विचलनलाई स्पष्ट पारेका छन् । आशावादी स्वर प्रकट गरिएको छ । आदिम प्रकृत उज्यालोको खोजीले मान्छेको सृष्टिचक्रको नियमिततालाई सङ्केत गरेको पाइन्छ । विस्मयादिबोधक शब्दको मात्रात्मक आवृत्तिले लेखिमिक विचलनलाई बुझाएको पाइन्छ ।

कविताशीर्षक : *कविको रङ्गयात्रा*

कवितांश : उज्यालो भेटेजस्तो म एउटा दर्शक
सात सुरको झ-न-न-न मा
सप्तरङ्गको इन्द्रेनी सुख भोगिरहेछु

पृ. ४

**अर्थच्छाया**

यहाँ सात सुरको झ-न-न-न ले लेखिमिक विचलनलाई बुझाएको पाइन्छ । मानवीय अस्तित्वको प्राप्तिलाई देखाइएको छ । जीवनका सम्भावनाहरूको खोजीलाई देखाइएको छ । सात सुरको झ-न-न-न मा लेखिमिक विचलन प्रयोग भएको सन्दर्भलाई देखाइएको छ ।

### ५.२.५ ध्वनितात्त्विक विचलनको प्रयोग

कविताशीर्षक : कविको रङ्गयात्रा

कविताांश : उज्यालो भेटेजस्तो
म एउटा दर्शक
सात सुरको झ-न-न मा
सप्तरङ्गी इन्द्रेणी सुख भोगिरहेछु

पृ. ४

**अर्थच्छाया**

सात सुरको झ-न-न मा ध्वनितात्त्विक विचलनको प्रयोगलाई देखाइएको छ । झ-न-न-न शब्दले सङ्गीतको अनन्ततालाई सङ्केत गर्दछ । मानवीय अस्तित्वको प्राप्तिलाई देखाइएको छ । जीवनका बहुविध रूपहरूको चित्रण गरिएको छ । जीवनका सम्भावनाहरूको खोजी गरिएको छ । मानवीय मूल्य प्राप्तिको सन्दर्भलाई देखाइएको छ ।

कविताशीर्षक : *समय बास बसेको जङ्गलबाट*

कविताांश : यतिखेर मेरो दृष्टिको उज्यालोमा
टा...ढा कोही
अँध्यारामा हिँड्न अभ्यास गरिरहेछ
बत्ती निभाएर उज्यालो सोचेजस्तो
ऊ नदी किनारमा नदीसँगै बगिरहेछ ।

पृ. १२

**अर्थच्छाया**

यहाँ टा...ढा कोही भन्ने सन्दर्भले ध्वनितात्त्विक विचलनको प्रस्तुति पाइन्छ । यहाँ मानिसको जीवनसङ्घर्षको प्रस्तुतीकरण पाइन्छ । मानिस असङ्गतपूर्ण जीवनमा बाँच्न रत भएको सन्दर्भलाई देखाइएको छ । प्रतिकूलताभित्रको अनुकूलताको उपस्थिति पाइन्छ । सहजपनाभित्रको असहजपनालाई देखाइएको छ । प्रतिकूलता, जीवनसङ्घर्ष, टकराव जीवनका महनीय पक्ष हुन् भन्ने सन्दर्भ अभिव्यञ्जित भएको पाइन्छ ।

कविताशीर्षक : *अन्तिम भूमिका*

कविताांश : ठीक उही साइत
प्राप्तिको भुमरीमा
घनीभूत दृष्टिभन्दा
धे...रै टाढा
जीवनको अन्तिम पृष्ठमा
आज यो अभिनेता
परम शून्यको अभिषेक गरिरहेछ ।

पृ. ४८

**अर्थच्छाया**

यहाँ धे...रै टाढा सन्दर्भले ध्वनितात्त्विक विचलनलाई बुझाएको पाइन्छ । जीवनको अनन्तताजस्ता पक्षलाई बुझाउन धे...रै ध्वनितात्त्विक विचलनको प्रयोग गरिएको छ । यहाँ पूर्वीय वेदान्त दर्शनको प्रस्तुतिलाई देखाइएको छ । आजको मानिस विविध किसिमका तापबाट आक्रान्त छ । आजको मानिसले शान्तिपूर्ण जीवनमा बाँच्न पाउनुपर्छ भन्ने सन्दर्भलाई देखाइएको छ । जीवनका सङ्गतिका पक्ष र शाश्वत सत्यप्रतिको उन्मुखताको झुकाउ पाइन्छ ।

## ५.३ 'दुर्गम उचाइमा फूलको आँधी' कवितासङ्ग्रहमा समानान्तरताको प्रयोग

### ५.३.१ बाह्य समानान्तरताको प्रयोग

कविताशीर्षक : *प्रश्न*

कविताांश : कतै हाँसी-हाँसी पारेको गाँठो
रोई-रोई फुकाउनुपर्दा
बयानमा
आफ्नै यो वैरी मनसँग
कसरी म नजर मिलाऊँ ?

पृ. ४३

**अर्थच्छाया**

यहाँ हाँसी-हाँसी र रोई-रोईजस्ता सन्दर्भहरू बाह्य समानान्तरताका रूपमा आएका छन् । यहाँ हाँसी-हाँसी र रोई-रोईजस्ता सन्दर्भमा रूपतात्त्विक, शाब्दिक समानान्तरता आएको पाइन्छ । मानिसको जीवनमा विभिन्न किसिमका उतारचढाव आउँछन् भन्ने सन्दर्भको प्रस्तुति पाइन्छ । जीवनमा आइपर्ने हर्ष र विस्मातको सहसम्बन्धको प्रकटीकरण पाइन्छ । परिवेशजन्य विविधताले मानिसका जीवनमा आइपर्ने विविध घटनाको प्रस्तुतीकरण अभिव्यञ्जित भएको पाइन्छ ।

कविताशीर्षक : *अर्थ*

कवितांश : बादल *फाटेको* निको लागे नि
मन *फाटे* अर्थहरू आइलाग्छन्
मनैको हार मनैको जित सम्झे नि
कुबेलामा बजेको बतासको घण्टजस्तो
आइलाग्ने अर्थहरूमाथि प्रतिद्वन्द्वी अर्थहरू
नसोधैरै आइलाग्ने गर्छन्

पृ. ४५

**अर्थच्छाया**

यहाँ फाटेको, फाटे, मनैको हार, मनैको जितजस्ता सन्दर्भहरू रूपातात्त्विक, ध्वनितात्त्विक, समन्वयात्मक, समानान्तरताका रूपमा आएका छन् । मानिसका जीवनमा आइपर्ने विविधताजन्य सङ्घर्ष र टकरावका प्रस्तुतिलाई देखाइएको छ । जीवनका बहुल अर्थहरूको खोजी गरिएको छ । विसङ्गतिबोधको उपस्थितिलाई देखाइएको छ । बादल फाट्नु प्रकृतिजन्य सन्दर्भ हो जसले सुन्दरता, आनन्द र बेदागपूर्ण स्थितिबोधलाई सङ्केत गर्दछ । मन फाट्नुले मानिसका विविध किसिमका संवेगजन्य अर्थहरूलाई बुझाउँछन् । मन फाट्नु वा हर्षको व्यतिरेकमा आएको पीडा सन्दर्भ हो ।

कविताशीर्षक : *अर्थ*

कवितांश : अर्थहरूको यो मौन बजारमा
मात्र आगो र पानीजस्तो उपमा भनौं अर्थ
या आगो र पानीको रूप हो अर्थ
या आगो र पानीको उत्प्रेक्षा हो अर्थ !...!!

पृ. ४५

**अर्थच्छाया**

यहाँ समध्वन्यात्मक समानान्तरतालाई देखाइएको छ । शाब्दिक समानान्तरताको प्रस्तुति पाइन्छ । विषमधर्मी वस्तुहरूबीचको सहसम्बन्धलाई देखाइएको छ । अर्थहरू अनन्त छन्, असीमित छन्, अन्तिम अर्थ भनेर अर्थलाई परिभाषित गर्ने, बुझ्ने अर्थको कुनै आधारशीला छैन, अर्थलाई मापन गर्ने कुनै कसी नभएको सन्दर्भ अभिव्यञ्जित भएको पाइन्छ । अर्थ अनन्त, सन्देहपूर्ण र संशयपूर्ण रहेको स्थिति देखाइएको छ । अर्थ दुर्बोध्य एवम् व्यक्तिसापेक्ष हुन्छ भन्ने सन्दर्भको प्रस्तुति छ । आगो र पानीलाई उपमा, उत्प्रेक्षा र रूपका सन्दर्भमा हेरेर संशयपूर्ण परिवेशको निर्माण गरिएको छ ।

कविताशीर्षक : *आकाशको जून धर्तीको यात्री*

कवितांश : झर्नामा गीत रच्ने

पात-पातमा कहानी लेख्ने

ढुङ्गा-ढुङ्गामा कविता खोप्ने

हर फूलमा शीतको गजल रुने

ऊ धर्तीको यात्री

आकाशको जून

आज मेरो सँघारभरि पोखिएको छ ।

पृ. ४५

**अर्थच्छाया**

यहाँ पात-पातमा, ढुङ्गा-ढुङ्गामा लेख्ने, रच्ने, रुने, खोप्नेजस्ता सन्दर्भहरू बाह्य समानान्तरताका रूपमा आएको पाइन्छ । यहाँ शाब्दिक, रूपतात्त्विकजस्ता बाह्य समानान्तरता पनि आएको देखिन्छ । देवकोटाको काव्यिक चिन्तनको प्रस्तुतीकरण अभिव्यञ्जित भएको पाइन्छ । देवकोटाको कविताप्रतिको प्रेमिल अनुरागको प्रस्तुति छ । विविध विषादजन्य परिवेशमा देवकोटाको जीवन अङ्कुराएको सन्दर्भ अभिव्यञ्जित भएको पाइन्छ । प्रकृति र देवकोटाबीच नश्वरवस्तु एवम् पाषाणवस्तुबीच देवकोटाको अनन्य भक्तिभावना रहेको सन्दर्भ अभिव्यञ्जित भएको पाइन्छ । कविप्रति दर्शाइएको प्रेमिल हार्दिक सम्मानको प्रस्तुति पाइन्छ ।

कविताशीर्षक : *तारा बलेको रात*

कविताांश : शब्दसँग शब्दको टक्करमा
केवल शब्दकै आविष्कार
प्रकृतिको शालीन विद्रोह
यो रात
मलाई चित्रबस्तीमै रहन देऊ
पृ. ५७

**अर्थच्छाया**

यहाँ शब्द-शब्द शब्दकैजस्ता शब्दहरू बाह्य समानान्तरताअन्तर्गत रूपातात्त्विक, शाब्दिक समानान्तरताका रूपमा आएका छन् । शब्दसङ्घर्ष अर्थात् अध्ययनको विस्तारित रूप एवम् अनन्तताको प्रस्तुतीकरण पाइन्छ । मानिसले जीवनभर शब्द, अनुभूति, चिन्तन एवम् अक्षरसँग खेलिरहेको हुन्छ र ज्ञानको गहिराइमा पुगेर चेतनाको विस्तार गर्न चाहन्छ भन्ने सन्दर्भ प्रस्तुत गरिएको छ । कला अनन्त हो, कला शाश्वत प्रेम हो भन्ने सन्दर्भको प्रकटीकरण गरिएको छ । शब्दप्रतिको समर्पणभाव, ज्ञानप्रतिको सहसम्बन्ध, प्रकृति र मानवबीचको सदियौँदेखिको सहसम्बन्ध अभिव्यञ्जित भएको पाइन्छ ।

कविताशीर्षक : *प्रकृति यात्रा*

कविताांश : आँधीको तुफानी वेगमा कविता लिपिबद्ध हुँदै गयो
बर्सातको झङ्कृतिमा गीत सङ्गीतबद्ध हुँदै गयो
साँझको घाममा क्यानभास, बिहानीको निमन्त्रण गर्दै रह्यो
पृ. ५०

**अर्थच्छाया**

यहाँ लिपिबद्ध, सङ्गीतबद्धजस्ता सन्दर्भहरू शाब्दिक समानान्तरता अर्थात् बाह्य समानान्तरमा आबद्ध भएर आएका छन् । यहाँ जीवनको आरोह-अवरोहमा कलाको प्रस्तुतीकरण भएको पाइन्छ । प्रकृति र कलाबीचको अन्तरसम्बन्धको प्रकटीकरण गरिएको छ । प्रकृतिमा कलाको अवतरण भएको सन्दर्भलाई देखाइएको छ ।

कविताशीर्षक : *प्रकृति यात्रा*

कविताांश : कवितामा → आँधीले आफ्नो पन छाडेर गयो

धुनमा → बर्सातले आफ्नो मन अर्पेर गयो

चित्रमा → घामले आफ्नो उज्यालो नै समर्पण गऱ्यो

पृ. ५०

**अर्थच्छाया**

यहाँ आफ्नो पन, आफ्नो मन, आफ्नो उज्यालोजस्ता सन्दर्भहरू बाह्य समानान्तरताका रूपमा आएका छन् । यहाँ ध्वनिगत समानता पाइन्छ । यहाँ प्रकृतिमा कला आरुढ भएको सन्दर्भलाई देखाइएको छ । प्रकृतिका विभिन्न रूपहरूसँगै जीवन हिँडेको सन्दर्भको प्रकटीकरण भएको पाइन्छ । कवितामा आँधीको पनि पन देखिनुले कला सृजना गर्न दुरुह भएको स्थितिलाई बुझाउँछ । प्रकृतिका विविध किसिमको स्वरूपको प्रकटीकरण भएको पाइन्छ ।

कविताशीर्षक : *समय बास बसेको जङ्गलबाट*

कविताांश : झुक्यानमा बत्ती निभाइएको

यो अँध्यारो बस्तीभरि

घडा पनि भरिएन । साइत पनि परेन

चोरको वैरी चन्द्रमा बनिदियो !

पृ. १२

**अर्थच्छाया**

यहाँ चोरको वैरी चन्द्रमा भइदियो बाह्य समानान्तरताका रूपमा आएको पाइन्छ । यहाँ मानिसको जीवनको अवसानको प्रस्तुति छ । कलुषित मानवीय जीवन चित्रित भएको छ । निरर्थक, निष्प्रयोजन अनुत्तरदायी जीवनको चित्राङ्कन गरिएको पाइन्छ ।

कविताशीर्षक : *कविको रङ्गयात्रा*

कविताांश : यतिखेर लाग्छ विमानवीकृत धरतीकै

अन्तिम नायिका म

सृष्टिको सम्भावित शून्यमा

सृष्टिको आदिरङ्ग खोजिरहेछु

पृ. ४

**अर्थच्छाया**

यहाँ सृष्टि शब्दको आवृत्तिले बाह्य समानान्तरतालाई बुझाएको पाइन्छ । यहाँ शाब्दिक समानान्तरता छ । मानिसका मनमा संस्कारजन्य वस्तुका रूपमा रहेका आदिम विश्वासको प्रस्तुतीकरण गरिएको छ । अतीतप्रतिको अनुराग र मोहलाई देखाइएको छ । अस्तित्वको खोजी गरिएको छ । मानिसका जीवनमा आइपर्ने यात्राका अनेक रूपहरूको प्रस्तुति छ । विमानवीकृत धरतीकै अन्तिम नायिकाले नारीअस्तित्व र स्वत्वको बचाउ हुने सन्दर्भ अभिव्यञ्जित भएको पाइन्छ । सृष्टिको सम्भावित शून्यले मानिसको जीवन नरहेको सन्दर्भको प्रकटीकरण पाइन्छ । सृष्टिको आदिरङ्ग खोजिरहेछु यस सन्दर्भले जीवनका सम्भावनाहरूको चित्रण गरेको पाइन्छ ।

## ५.३.२ आन्तरिक समानान्तरता

कविताशीर्षक : *कविको रङ्गयात्रा*

कवितांश : यतिखेर
चेतनाको घाउ लागेको
एउटा अभिशप्त दर्शक म
आगोको प्यास खप्दै
माटोको प्यास झेल्दै
घामपानीको उमङ्गमा

पृ. ४

**अर्थच्छाया**

यहाँ आगोको प्यास, माटोको प्यासजस्ता सन्दर्भहरू आन्तरिक समानान्तरताका रूपमा आएको पाइन्छ । खप्दै र झेल्दैजस्ता सन्दर्भहरू अर्थगत समानान्तरताका रूपमा आएका छन् । यहाँ मानिसको जीवनमा आइपर्ने विविध विसङ्गतिहरूको चर्चा गरिएको छ । जीवनसङ्घर्षको प्रस्तुतीकरण छ । अस्तित्ववादी चेतना र स्वाभिमानी जीवनको सन्दर्भको प्रकटीकरण गरिएको छ । मानिसका जीवनमा आइपर्ने विविध प्राप्ति र अप्राप्तिको प्रस्तुति छ । सचेतनाको पीडाले आक्रान्त भएका मानिसले भोग्नुपर्ने व्यथाहरूको प्रस्तुतीकरण गरिएको पाइन्छ । मानिसका जीवनमा पाइलैपिच्छे देखापर्ने सङ्घर्षका क्षणहरूको चित्रण गरिएको छ । जीवन सोझो

साङ्केतिक र सपाट रेखामा निर्धक्कसँग हिँड्दैन भन्ने सन्दर्भको प्रस्तुति पाइन्छ । यहाँ आगोलाई दु:ख, कष्ट, पीडा र सन्त्रासका रूपमा रूपान्तरित गरिएको छ । मानिसको जीवन आगोको लप्काजस्ता विसङ्गतिका बीचबाट हिँडेको सन्दर्भ अभिव्यञ्जित भएको पाइन्छ । माटोलाई स्थिरता, ठोस र अकर्मव्यता एवम् चिसोपनाका रूपमा पनि देखाइएको छ । घाम र पानी मानिसका जीवनमा आइपर्ने विविध सन्दर्भहरू हुन् । घाम र पानीको उमङ्गले जीवनमा देखापर्ने विविध रङ्ग, ढाँचा एवम् जीवनका दु:खद र सुखद पक्षको प्रकटीकरण गरिएको पाइन्छ ।

कविताशीर्षक : बर्सातमा मृत्युका बुँदहरू

कवितांश : घडामा जीवनको शुभ साइत
उहिल्यै घडा भरिएर
जीवन पोखिएछ र मृत्यु बगेछ
निराकलुष बस्तीतिर ...
जहाँ प्रेमदूतको जन्म भएथ्यो ।
पृ. ७

**अर्थच्छाया**

यहाँ घडा बगेछ, मृत्यु बगेछजस्ता सन्दर्भहरू आन्तरिक समानान्तरताका रूपमा आएका छन् र यिनले अर्थगत समानान्तरतालाई बुझाएको पाइन्छ । यहाँ परम्परा र नवीनताका बीचमा भएको सङ्घर्षलाई देखाइएको छ । घडा मानव जीवनको संस्कृतिजन्य पदार्थबोध्य वस्तु हो । घडाले जीवनका सङ्गतिका पक्षहरू, आनन्दका पक्षहरू एवम् सौन्दर्यका पक्षहरूलाई इङ्गित गर्दछ । जीवनको शुभसाइत घडामा रहनुले जीवनका अनन्तता र स्थायित्वलाई सङ्केत गर्दछ । घडा जीवनले भरिनु अनि पोखिनुले अवसानका विसङ्गतिका पटाक्षेपहरूलाई खोतल्दा मृत्यु बगेको सन्दर्भले जीवनले बोकेर ल्याएका असीमित, व्यापक, अनन्त सम्भावनाहरूलाई विस्थापन गर्दछ भन्ने भाव देखाइएको छ । मृत्युपछि जीवन देखिनुले सृष्टि, स्थिति र प्रलयअनुरूपका सन्दर्भ मूर्तीकरण भएको पाइन्छ । प्रेमदूतको जन्म हुनुले अतीतजन्य विकारले जन्माएका सम्पूर्ण विकृति, विसङ्गति र अन्योलपूर्ण सन्दर्भ बढारेको र विघटनलाई देखाइएको छ । परम्पराको भञ्जन एवम् नयाँ केन्द्रको स्थापना गर्न सुशान्ति र आनन्दको व्यवस्थापनका लागि प्रेमदूतको जन्मको प्रसङ्ग आएको पाइन्छ ।

कविताशीर्षक : *बर्सातमा मृत्युका बुँदहरू*

कविताांश : आगोमा मृत्युका मुस्लाहरू
पानीमा जीवनको बीजाधान
उहिल्यै रापमा पानी बाफिएर
सतह डढेछ र मृत्यु फैलिएछ
सगरमाथाको अग्लाइतिर ...
सुनेथैँ जहाँ खोज्नेहरूलाई
मेरो परिचय मिलेथ्यो

पृ. ७

**अर्थच्छाया**

पानी, मृत्यु र जीवनजस्ता शब्दहरूको आवृत्तिले आन्तरिक समानान्तरतालाई बुझाएका छन् । यी सन्दर्भहरू अर्थगत समानान्तरताका रूपमा आएका छन् । मृत्युको सन्दर्भलाई देखाएर जीवनको सत् र शाश्वत पक्षलाई देखाइएको छ । आगो संहारक तत्त्व हो । मृत्यु र आगो दुवै सत्य छन्, पीडादायी छन् भन्ने सन्दर्भको अभिव्यक्ति भएको पाइन्छ । मानिसको सम्पूर्ण जीवन विविध रङ्गहरूमा घोलिएको सन्दर्भको प्रकटीकरण गरिएको छ । पानी शीतलताको, आनन्दको प्रतीक हो । पानीले जीवनका अनन्त सम्भावना गतिशीलतालाई बोकेको पाइन्छ । आजको जीवन निकै कष्टकर रूपमा उभिएको सन्दर्भलाई देखाइएको छ । पानी बाफिएर सतह डढ्नुले अङ्कुरित जीवनका भागहरूलाई निमोठेको सन्दर्भ प्रस्ट्याइएको पाइन्छ । मृत्युको एकछत्र रजाइँमा जीवनका सूक्ष्मतम कोमल भावबिम्बहरू शमन भएको सन्दर्भ अभिव्यञ्जित भएको पाइन्छ । मृत्यु र जीवनको बीचमा भएको व्यतिरेकी सम्बन्धलाई देखाइएको पाइन्छ । प्रतिनिधि मात्र म को जीवन, जीवन र मृत्युका चापहरूबाट चेतना प्राप्त गर्दै अघि बढेको सन्दर्भलाई देखाइएको छ । जीवनका मनोरम क्षण अर्थात् खुसीहरूको अवसानको प्रस्तुतीकरण गरिएको छ । पानीमा जीवनको बीजाधानले सृष्टिचक्रको अनन्ततालाई निरन्तरता दिइएको पाइन्छ । रापमा पानी बाफिनु र सतह डढ्नुजस्ता सन्दर्भले जिन्दगीको तिरोहणको प्रस्तुतीकरण गरिएको छ । सगरमाथाको अग्लाइतिर मृत्यु फैलिएको सन्दर्भले मानिसका जीवनमा आएका पीडा र शून्यताजस्ता पक्षहरूलाई देखाएको पाइन्छ । मृत्युको क्रूर र पाशविक लीलामा मानिसका स्वत्व, गौरव, अभिमान, प्रतिष्ठा, मूल्य, मान्यताजस्ता सुन्दरतम पक्षहरू तिरोहित भएको सन्दर्भको

पुष्टि गरिएको छ । पानीलाई शीतलता र सृष्टिचक्रको नियमितताका रूपमा प्रकटीकरण गरिएको छ ।

कविताशीर्षक : *प्रतिवाद⁄विद्रोह⁄घृणा*

कवितांश : मेरो मानवता
कठ्याङ्ग्रिदो पीडाको पूजा गरिहिँड्छ
र पीडा भोग्न प्रेरित गर्छ
आफ्नै छायाको तलासमा

पृ. १०

**अर्थच्छाया**

यहाँ पीडा शब्द आन्तरिक समानान्तरताको रूपमा आएको पाइन्छ । मानिसले जीवनमा विविध किसिमका सङ्घर्ष गर्नुपर्छ । जीवनको अर्को नाम सङ्घर्ष हो भन्ने भावभूमि यहाँ प्रस्तुत गरिएको छ । पीडा मानिसको जीवनको शाश्वत सत्य हो । पीडाबाट नै चेतनाको आविष्कार हुन्छ भन्ने सन्दर्भलाई देखाइएको छ । पीडालाई शक्तिमा, साहसमा, तेजमा र ऊर्जामा रूपान्तरित गर्दा आफूभित्रको 'म' (स्वाभिमान र गौरव) लाई चिन्न सकिन्छ भन्ने सन्दर्भलाई व्यक्त गरिएको छ । संसारको सृष्टि पनि पीडा प्रसूत हो भन्ने भावलाई देखाइएको छ । आजको मान्छे आफूभित्र रहेको स्वकीय पहिचानलाई खोज्न सङ्घर्षरत छ भन्ने सन्दर्भलाई देखाइएको छ । मानवताको जन्म आनन्दबाट हुँदैन भन्ने सन्दर्भ देखाइएको छ । पीडा मानवीय जीवनको स्वीकारयोग्य शाश्वत पक्ष हो । पीडाले जन्माएको चेतनाले मान्छे स्वयम् परिभाषित बन्न सक्छ भन्ने सन्दर्भ अभिव्यञ्जित भएको पाइन्छ । पीडा शब्दको आवृत्तिले कवितामा आन्तरिक संरचनालाई देखाएको पाइन्छ ।

कविताशीर्षक : *समय बास बसेको जङ्गलबाट*

कवितांश : बेवारिस सडक पीडाको मृत्यु !
गतिहीन सभ्यताको मृत्यु !!
सपाट अँध्यारोको मृत्यु !!!
प्रकृत उज्यालोको अनुष्ठान

पृष्ठ १२

**अर्थच्छाया**

यहाँ पीडाको, सभ्यताको, सपाट अँध्यारोको र मृत्युजस्ता सन्दर्भहरू आन्तरिक समानान्तरताका रूपमा आएका छन् । मानिसका जीवनमा आइपर्ने विविध असङ्गतिको शमनलाई देखाइएको छ । बेवारिस सडक पीडाको मृत्युले जीवनयापनका क्रममा भोगिएका निष्प्रयोजन, निरर्थक असङ्गति क्षणहरूको समाप्तिलाई सङ्केत गर्दछ । गतिहीन सभ्यताको मृत्युमा गतिहीनको अर्थ गतिशीलता अर्थात् क्रियाशीलताको अभाव रहनु हो । समाजलाई कुनै परिवर्तित सन्देश वा विचार प्रकट गर्ने सभ्यता गतिहीन भएको सन्दर्भ देखाइएको छ । सपाट अँध्यारो जीवनका अभावका पक्षहरू हुन् । सपाट अँध्यारोले अकर्मण्यतालाई बुझाएको पाइन्छ । प्रगतिका बाधक तत्त्वका रूपमा पनि अँध्यारोलाई लिएको छ । मानिसका जीवनमा रहेका तमाम विसङ्गतिबोधक तत्त्वहरूको समाधि अर्थात् आहुतिलाई देखाइएको छ । समाजमा रहेका विविध अभाव, चेतनाको कमी, असङ्गति, विसङ्गतिहरूको शमनपछि चैतन्यबोध र ज्ञान प्राप्ति हुन्छ भन्ने सन्दर्भ देखाइएको छ । प्रकृत उज्यालोको अनुष्ठानले जीवनका सुन्दरतम र दिव्यतम सन्दर्भ मूर्तीकरण गरिएको छ ।

कविताशीर्षक : अस्तित्व पीडा

कवितांश : हूलमूलमा जीउ जोगाएर
अनिकालमा बीउ जोगाउन
मलाई आदेश मिलेको छ ।

पृ. २६

**अर्थच्छाया**

यहाँ जीउ र बीउजस्ता सन्दर्भहरू आन्तरिक समानान्तरताका रूपमा आएका छन् । सङ्कटमा पर्न लागेको मानवीय अस्तित्वको खोजी गरिएको छ । आदिम सत्ताको खोजी गरिएको छ ।

कविताशीर्षक : *कविको आत्मा*

कवितांश : अमरत्व पीडा
देवताको निजी मामला
आज मेरो कवितामा परावर्तित छ
मानौँ,

अमरत्व पीडाको

एकरस विस्तारमा

हर कविको आत्मा

सामेल छ ।

पृ. २८

**अर्थच्छाया**

पीडा र अमरत्वजस्ता सन्दर्भहरू आन्तरिक समानान्तरताका रूपमा आएका छन् । शाश्वत सत्यको प्रस्तुतीकरण गरिएको पाइन्छ । नाम र यश प्राप्तिप्रति मानिसको चाह भएको सन्दर्भ अभिव्यञ्जित भएको पाइन्छ । अमरत्व सन्दर्भ देवताको निजी वस्तुका रूपमा रहे पनि कलाको माध्यमले मानिस अमर बन्न चाहेको सन्दर्भको मूर्तीकरण भएको पाइन्छ । कवि तथा कलाकारहरू अमरत्व प्राप्त गरी जुगजुगान्तरसम्म बाँच्न पाउने सन्दर्भको पुष्टि गरिएको छ ।

कविताशीर्षक : *ऋतुचक्र*

कवितांश : हरेक पटकको निमन्त्रणामा

निमन्त्रणा छोड्नेकै नाममा

फूलको आँसुले

बगरभरि कोरिएका अनगिन्ती कविताहरू

आमन्त्रण - स्पर्शले नै

अन्जान मेटिइएर जान्छ

अवशेष !

मात्र सादा क्यानभास !

कवि शब्दचित्र कोरिरहन्छ !

पृ. ३७

**अर्थच्छाया**

निमन्त्रणा शब्दको आवृत्तिले आन्तरिक समानान्तरताको निर्माण गरेको पाइन्छ । यहाँ मानवीय जीवनका विसङ्गतिका पाटाहरू चित्रण गरिएको छ । मानिसको निरर्थक र

निष्प्रयोजनपूर्ण जीवनको प्रकटीकरण गरिएको छ । शून्यता र मानवजीवनको चित्रण अभिव्यक्त गरिएको छ ।

कविताशीर्षक : *अनुभवमध्ये*

कवितांश : आज आफैँ सपनाहीन !

कसैको सपनामा म

प्रेमप्रस्ताव राख्दिनँ क्यारे !!

पृ. ३८

**अर्थच्छाया**

सपना शब्दको आवृत्तिले आन्तरिक समानान्तरतालाई बुझाएको पाइन्छ । मानिसको निष्प्रयोजनपूर्ण जीवनको प्रस्तुति छ । मानिसका मानवीय मूल्य आस्था र प्रेमको तिरोहण अभिव्यञ्जित भएको पाइन्छ । कर्तव्यच्युत र प्रेमच्युत भएको मानवीय जीवनको प्रस्तुतिलाई देखाइएको पाइन्छ ।

कविताशीर्षक : *नेपथ्य खुसी*

कवितांश : फेरि आवाजप्रुफ जङ्गलमा

तपस्यारत रहँदा

आफ्नै आवाजले तपस्याच्युत

एक सङ्गीतकार भन्छन्

उनको मन भरिभरि

जीवनका बेसुरा धुनहरू बजिरहेछन् ...

पृ. ३९

**अर्थच्छाया**

आवाज शब्दको निरन्तर आवृत्तिले आन्तरिक समानान्तरता मानिसको आदिम सभ्यताको वर्णन गरिएको छ । मानिसमा रहेको कर्मचेतनाको प्रस्तुतीकरण गरिएको छ । मानवीय अन्तरजगत् कोलाहल एवम् विषादजन्य घटनाले युक्त भएको सन्दर्भ मूर्तित भएको पाइन्छ । विसङ्गतिबोधका विविध चित्रण प्रकटीकरण गरिएको छ । आवाज शब्दको निरन्तरताले आन्तरिक समानान्तरताको प्रकटीकरण गरेको पाइन्छ ।

कविताशीर्षक : *साँझ त्रासदी*

कवितांश : तर साँझ झमक्कै परिदियो
रातको आगमनमा
र युगको रात बग्दै रह्यो
अथाह त्रासदीमा ...

पृ. ४१

**अर्थच्छाया**

रात शब्दको आवृत्तिले आन्तरिक समानान्तरतालाई बुझाएको पाइन्छ । वर्तमान जीवनका विविध सन्त्रासजन्य क्षणहरूको प्रस्तुतिलाई देखाइएको छ । युगीन विसङ्गतिलाई देखाइएको छ । आजको भयावह डरलाग्दो समय अभिव्यञ्जित भएको पाइन्छ । मानिसमा क्रमशः हराउँदै गएको संवेदनाको चित्रण गरिएको छ ।

कविताशीर्षक : *अर्थ*

कवितांश : र जीवन –
भ्रमको सुखमा अल्झी नै रहेछ
अर्थबहानामा –
चेतनाको पीडा बल्झी नै रहेछ ।

पृ. ४३

**अर्थच्छाया**

मानिसको निरर्थक जीवनको चित्रण गरिएको छ । मानिसका क्षणिक सुखद अनुभूतिहरू चित्रित भएको पाइन्छ । मानिसका जीवनमा शाश्वत सत्यका रूपमा आउने दुःखमय अवस्थाको चित्रणलाई देखाइएको छ । अल्झी र बल्झी शब्दले आन्तरिक समानान्तरताको प्रकटीकरण गरेका छन् ।

कविताशीर्षक : *अन्तिम भूमिका*

कवितांश : कालो पहाडपारि
सपना डुबेजस्तो लाग्दा
पहाडवारि घनघोर हुरी चलिदिन्छ

पृ. ४८

**अर्थच्छाया**

पहाडवारि र पहाडपारिजस्ता सन्दर्भले आन्तरिक समानान्तरतालाई बुझाएको पाइन्छ । मानिसका जीवनका विषमजन्य परिस्थितिको चित्रण गरिएको पाइन्छ । जीवनका आरोह-अवरोहप्रतिको सङ्केतन गरिएको पाइन्छ । मानिसको जीवन रैखिक ढाँचामा नहिँडेर अरैखिक ढाँचामा हिँडेको सन्दर्भलाई देखाइएको छ ।

कविताशीर्षक : *प्रकृतियात्रा*

कवितांश : र

एउटा किसानले पसिना पुछ्दै सबैलाई प्रेम चढायो
एउटा नेताले रेशमी रुमालमा बेरेर सबैलाई प्रेम नै चढायो
एक विद्वान्ले पनि जीवनको गम्भीर मन्थन गरेर
सबैलाई प्रेमै चढायो ।

पृ. ५०

**अर्थच्छाया**

यहाँ प्रेम, प्रेमै, किसानले, नेताले, विद्वानले जस्ता सन्दर्भहरू आन्तरिक समानान्तरताका रूपमा आएका छन् । यहाँ मानिसका बहुविध कर्महरूको वर्णन गरिएको छ । यहाँ शाश्वत प्रेम कालजयी हुन्छ, पवित्र हुन्छ र निष्कलङ्क हुन्छ भन्ने सन्दर्भलाई देखाइएको छ । अस्थिर प्रेम बाह्याडम्बर भौतिक हुन्छ भन्ने सन्दर्भको प्रकटीकरण गरिएको पाइन्छ । दार्शनिक प्रेमको प्रस्तुतिलाई देखाइएको छ । दार्शनिक प्रेमदर्शनका बोझिल रूपलाई ग्रहण गरी अघि बढेको हुन्छ र निस्सार हुन्छ भन्ने सन्दर्भलाई देखाइएको छ । प्रेम शब्दको आवृत्तिले आन्तरिक समानान्तरतालाई बुझाएको पाइन्छ ।

कविताशीर्षक : *छायामा कालो निद्राको समवेदना*

कवितांश : कुनै वस्तु देखिनँ वस्तुको छाया देखिनँ
छायाविहीन छायाले सिङ्गो वर्तमान ढाकेर गयो
सपना देख्न कहीं-कतै सेतो रहेन

पृ. ५१

**अर्थच्छाया**

वस्तु शब्दको आवृत्तिले आन्तरिक समानान्तरतालाई बुझाएको पाइन्छ । यहाँ शून्यताको चित्रण गरिएको छ । मानिसका निरूपाय, निष्प्रयोजन, निरर्थक जीवनको प्रस्तुतीकरण गरिएको छ । संसारमा भएका गतिविधिहरू अन्योलपूर्ण छन्, भ्रमपूर्ण छन् भन्ने सन्दर्भलाई देखाइएको पाइन्छ ।

## ५.४ निष्कर्ष

कविताको शैलीवैज्ञानिक विश्लेषण गर्दा विविध प्रकारका विचलनलाई वस्तुसापेक्ष रूपमा देखाइन्छ । **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहमा रहेका कोशीय, अर्थतात्त्विक प्रयुक्ति, ध्वनितात्त्विक विचलनलाई देखाई तिनको सौन्दर्यात्मक पक्षलाई उद्घाटन गर्दा वस्तुवादी अध्ययन हुन पुग्दछ ।

कविताको शैलीवैज्ञानिक विश्लेषणमा समानान्तरताको पनि सर्वोपरि भूमिका रहेको पाइन्छ । आन्तरिक समानान्तरता र बाह्य समानान्तरताले कवितामा अन्तरनिहित रहस्यात्मक र सौन्दर्यात्मक पक्षहरूका खोलुवालाई स्पष्ट पार्दछन् ।

# छैटौँ परिच्छेद
# उपसंहार तथा निष्कर्ष

समकालीन नेपाली कवितापरम्परामा युगको नयाँ परिच्छेदलाई खोज्ने कविताको अन्तर्गर्भमा पसेर कवित्वको सन्धान गर्ने मोमिला नेपाली कविताको क्षेत्रमा उल्लेखनीय विशिष्ट साधकको रूपमा देखिन्छिन् । उनको जन्म २०२४ साल साउन महिनामा हुलाकटोल, धनकुटामा भएको हो । उनले २०३३ सालदेखि नै कविता लेख्न सुरु गरेकी हुन् । उनको प्रथम प्रकाशित भएको कविता *प्रतिबिम्बित मानवता* (**निर्माण**, २०४२/२०४३ तिर) हो । राष्ट्रियस्तरमा प्रकाशित कविता *प्रतीक्षा फेरि चिताको* (**रूपरेखा**, २०४४), हो । उनका प्रकाशित कृतिहरू **पैयूँ फुल्न थालेपछि** (२०५२), **जूनकिरीहरू ओर्लिरहेछन्** (२०५५), **दुर्गम उचाइमा फूलको आँधी** (कवितासङ्ग्रह, २०६०), *ईश्वरको अदालतमा आउटसाइडरको बयान* (**ललित**, निबन्धसङ्ग्रह २०६२), **सगरमाथाको नृत्यमग्न आत्मा** (२०६५) (**डान्सिङ सौल अफ माउन्ट एभरेस्ट**) अङ्ग्रेजीमा रूपान्तरित भइसकेको छ । यसको अनुवाद महेश पौडेल 'प्रारम्भ' ले गरेका हुन् । यसले विश्वसाहित्यको सङ्घारमा पुगेर नेपाली कवित्वलाई चिनाएको पाइन्छ । यिनले पद्मकन्या पदक (२०५२), प्रज्ञा पदक (कविता महोत्सव, २०५५), शताब्दी युवा सम्मान (२०५७), मोहन रेग्मी स्मृति सम्मान (२०५८), गुञ्जन प्रतिभा पुरस्कार (२०६२), युवा वर्ष मोती पुरस्कार (२०६३), धनकुटा प्रतिभा पुरस्कार (२०६४), सम्पदा राष्ट्रिय सम्मान (सन् २००८), देवकोटा शताब्दी काव्यसम्मान (सन् २००९), सद्भावना राजदूत सम्मान (सन् २०११), राष्ट्रिय प्रतिभा सम्मान (सन् २०११) प्राप्त गरेका छन् ।

यिनले कलाश्री साहित्य वार्षिकी, नोबेल साहित्य वार्षिकी, डब्ल्युडब्ल्युडब्ल्यु (www) नेपाली कलासाहित्य डट कम विशुद्ध साहित्यिक बेबपत्रिकाजस्ता साहित्यिक पत्रिकाहरूको सम्पादन गरेर सम्पादकीय कौशलता देखाएकी छिन् ।

**दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रह प्रगीतात्मक कवितासंरचनामा ढाँचामा लेखिएको उत्कृष्ट काव्यकृति हो । यसमा सङ्कलित कविताहरूलाई दुर्गम उचाइमा ... र फूलको आँधी... गरी दुई भागमा वर्गीकरण गरिएको छ । कविताहरू निकै पालिसदार, वजनदार र गहकिला छन् । शब्द चमत्कृति र भाव चमत्कृतिले कविताको अन्तर-बाह्य संरचनालाई परिपुष्ट बनाएको पाइन्छ । कवितामा रूपक उत्प्रेक्षा, अतिशयोक्तिजस्ता अलङ्कार, निजीबिम्ब, स्नायुबिम्ब, संवेदनाबिम्ब, निजी प्रतीक, मिथक, नवीन चेतना, सर्वज्ञ विषयवस्तु, युगबोध, जीवनबोधजस्ता पक्षहरू समेटिएका छन् ।

**दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रह शैलीवैज्ञानिक कोणबाट बढी विश्लेष्य देखिन्छ । शैलीविज्ञान समालोचना प्रणालीमा देखिएको नवीनतम आलोचना सिद्धान्त हो । कवितालाई वस्तु, समाज, दर्शन, मनोविज्ञान, धर्म, नीतिजस्ता पक्षमा हेर्दा कविताको यथार्थपरक, सटिक, वस्तुपरक अध्ययन-विश्लेषण हुन सक्दैन । कवितालाई शैलीवैज्ञानिक प्रक्रिया, प्रारूप, अवधारणा, दृष्टिकोण, समालोचना प्रणालीमा नवीनताको सृजना गर्नु हो । **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहको विषयवस्तु, वैचारिक भावसघनताजस्ता पक्षमा केन्द्रित रही अध्ययन-विश्लेषण भए पनि शैलीवैज्ञानिक दृष्टिकेन्द्रबाट सो कृतिको अध्ययन-विश्लेषण गरिनु कविता विश्लेषणमा देखापरेको नवीन पाटो पनि हो भन्न सकिन्छ । **दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहमा रहेका ३५ ओटा कविताहरूबाट प्रतिनिधि कवितांश छानेर ती अंशहरूलाई संरचक घटकको आधारमा अध्ययन-विश्लेषण गरिएको छ । कविताको संरचक घटक र तत्त्वका रूपमा देखापर्ने शीर्षक, पङ्क्तिपुञ्ज, वस्तु, भाव, विचार, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यासजस्ता पक्षहरूको सूत्रात्मक सङ्केतनले कविताको शैलीवैज्ञानिक विश्लेषणका लागि मद्दत पुऱ्याएका छन् । कवितांश एवम् कवितामा देखापरेका सौन्दर्यसर्जक पक्षहरू र कविताको गहनतलीय अर्थको सटिक वस्तुसापेक्ष विश्लेषण गरिएको हुँदा कविताको संरचनात्मक विश्लेषणको सङ्क्षिप्त आरेखन भएको ठहरिन्छ ।

**दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रहमा साना-साना अति सूक्ष्म प्राकृतिक, जैविक पक्षहरू र विश्वब्रह्माण्डका विविध सन्दर्भहरू, आद्यव्यवस्था, सांस्कृतिक जीवनपरम्पराजस्ता सम्पूर्ण सूक्ष्मदेखि स्थूल परिवेश र वस्तु अटाएका छन् । यसमा जीवनदर्शन, जीवनइच्छा, आदिम जीववैज्ञानिक आनुवंशिक सन्दर्भ, आनुवंशिकी, मिथक, पुरातात्त्विक र सांस्कृतिक मान्यता, अत्याधुनिक नवीन सन्दर्भहरू, सुख, पीडा, अस्तित्व, स्वत्व, अनुभूति, स्वाभिमान, जीवनसङ्घर्ष, शाश्वत सत्य, युगीन आस्था, मानवीय मूल्य, आदिम संस्कार, मानवताजस्ता विविध कलात्मक, काव्यात्मक, रागात्मक, कोमल काव्यधारमा समेटिन आएको पाइन्छ । कवितासङ्ग्रहमा भएका कविताहरूमा चैतन्यबोध, स्मृति, स्मृत्याभास (नोस्ताल्जिया),

चेतनाका सूक्ष्म जीवन्त तन्तुहरूको समावेश गरिएको छ । अनुभूतिको वृत्तात्मक र वर्तुल विस्तारले कविताहरू प्रगीतात्मक संरचनामा आबद्ध छन् । भावगत आवृत्ति कविताको प्राप्ति हो । कविताहरू सपाट छैनन् । सहज बोधग्राह्य छैनन् कविताको अन्तर्गर्भमा पसेर कवितात्मक मोती बटुल्न पाठकले निकै ठूलो सङ्घर्ष गर्नुपर्ने देखिन्छ ।

**दुर्गम उचाइमा फूलको आँधी** कवितासङ्ग्रह शैलीवैज्ञानिक कोणबाट बढी विश्लेष्य देखिन्छ । कवितासङ्ग्रहका प्रत्येक कविताहरू अग्रभूमीकरणका कसीमा घोटिएका छन् । रुढ, यान्त्रिक, कठोरता र परम्परित मान्यताको साभिप्राय भञ्जनले कवितामा पश्चभूमीकरणको निर्माण गरेको हुन्छ । पश्चभूमीकरणको यथोचित विस्थापन गरेर नवीन मान्यताको स्थापना, जीवन र युगको दिग्दर्शन, समकालीन चेतको प्रविष्टि नै कवितामा अग्रभूमीकरणको निर्माण गर्नु हो । कवितासङ्ग्रहमा भएका कविताहरू समुचित भाषिक विन्यासमा लिप्याङ्कन हुनुले पनि कवितासङ्ग्रह उत्कृष्ट ठहरिएको छ । अनुभूतिको तीव्र वेग र भाव प्रबलतालाई भाषाको परम्परित मान्यतामा आबद्ध मानक व्यवस्था (शब्द व्यवस्था) ले वहन गर्न नसकेपछि कवितामा नवीनता प्रयोगपरक पद्धतिहरू देखिएका छन् । कवितामा विशिष्टीकृत परिवेशमा आएका घनीभूत परिपुष्ट अनुभूतिहरू बिन्दुहरूमा, ध्वनिसङ्केतहरूमा, आरोही-अवरोही चिह्नहरूमा अभिसार गरेको पाइन्छ । भाषाको मानक व्यवस्थाको अतिक्रमण, भाषाको युगसापेक्ष भाव, अनुभूतिको तीव्र पराकाष्ठा, अत्यन्त मिहिन, जटिल, सूक्ष्म संवेदनात्मक विषयवस्तु, सुन्दर शैलीशिल्पजस्ता पक्षहरू समेटिँदा कविता शैलीय तत्त्वका आधारमा विश्लेष्य देखिन्छ । ध्वनि विचलन, लेखिमिक विचलन, कोशीय विचलन, अर्थतात्त्विक विचलन, पदक्रम विचलन, व्याकरणिक विचलनजस्ता पक्षहरू प्रत्येक कवितामा रहेको पाइन्छ ।

कवितामा मानवीय जीवनका शाश्वत सत्यका रूपमा रहेका पीडाहरूलाई कलात्मक शब्दशैय्यामा अर्थसत्ता प्रदान गर्दै राखिएको पाइन्छ । अस्तित्वको सन्धानलाई देखाउन विभिन्न नवीन शब्दहरूको चयन गरिएको पाइन्छ । कवितामा प्रकाश, चेतना, सौन्दर्यशक्ति एवम् जीवनलाई बुझाउन विविध किसिमका बिम्बहरूको आयोजना गरिएको पाइन्छ । निजात्मक, स्नायु संवेदनायुक्त बिम्बविधानले कविताहरू ओजसपूर्ण र प्रभावशाली देखिन्छन् ।

# सन्दर्भग्रन्थसूची

## (क) प्रमुख सन्दर्भग्रन्थसूची

मोमिला, **दुर्गम उचाइमा फूलको आँधी**, (........ : कालचक्र, नेपाल, ईश्वर जोशी, २०६०) ।

## (ख) सहायक सन्दर्भग्रन्थसूची

### (अ) नेपाली पुस्तकसूची

अधिकारी, हेमाङ्गराज, **सामाजिक र प्रायोगिक भाषाविज्ञान,** तेस्रो संस्क., (काठमाडौँ : रत्नपुस्तक भण्डार, २०६२) ।

गौतम, कृष्ण , **आधुनिक आलोचना : अनेक रूप, अनेक पठन**, (ललितपुर : साझा प्रकाशन, २०५०) ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताका प्रवृत्ति**, (काठमाडौँ : पैरवी प्रकाशन, २०६६) ।

दाहाल, दुर्गाप्रसाद, **नरेन्द्रदाइ उपन्यासको शैलीवैज्ञानिक अध्ययन**, (काठमाडौँ : सुनकोशी प्रकाशन, २०६१) ।

नेपाल, घनश्याम, **शैलीविज्ञान**, (गान्तोक : आँकुरा प्रकाशन, सन् १९९२) ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, द्वितीय संस्क., (ललितपुर : साझा प्रकाशन, २०५५) ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२) ।

सम, बालकृष्ण, *फुटेको फूलदान,* **बालकृष्ण समका कविता**, (ललितपुर : साझा प्रकाशन, २०३८) ।

शर्मा, मोहनराज, **शैलीविज्ञान**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५९) ।

______________________, द्वितीय संस्क., (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५९) ।

## (आ) हिन्दी पुस्तकसूची

नगेन्द्र, **शैलीविज्ञान**, (दिल्ली : नेसनल पब्लिसिङ हाउस, सन् १९७६) ।

मिश्र, सावित्री, **अज्ञेयकी गद्यशैली**, (वाराणसी : विश्वविद्यालय प्रकाशन, सन् १९८४) ।

राघवप्रकाश, **शैलीविज्ञान और पाश्चात्य एवम् भारतीय साहित्यशास्त्र**, (जयपुर : हिन्दीग्रन्थ अकादमी, सन् १९८३) ।

सुरेशकुमार, **शैलीविज्ञान,** (नयाँ दिल्ली : वाणी प्रकाशन, सन् २०११) ।

## (इ) अङ्ग्रेजी पुस्तकसूची

कार्टर, रोनाल्ड, **इन्ट्रोड्युस्ड अप्लाइड लिङ्ग्विस्टिक्स,** (लन्डन : पेन्गुइन इङ्लिस, १९३३) ।

म्याथुज, पी.एच्., **अक्सफोर्ड कन्साइज डिक्सनरी अफ लिङ्ग्विस्टिक्स**, (न्युयोर्क : अक्सफोर्ड युनिभर्सिटी प्रेस, १९७७) ।

एन.लिच, जेफ्री, **अ लिङ्ग्विस्टिक्स गाइड टु : इङ्गलिस पोइट्री,** (लन्डन : लङम्यान, सन् १९६९) ।

रिचार्डस, ज्याक एन्ड अदर्स, **लङ्म्यान डिक्सनरी अप्लाइड लिङ्ग्विस्टिक्स**, (इङ्गल्यान्ड : लङ्म्यान, १९८५) ।

## (ग) पत्रपत्रिकासूची

अधिकारी, मोदनाथ, *नेपाली काव्यमा आएको एउटा आँधी : दुर्गम उचाइमा फूलको आँधी,* **सौर्य**, (वर्ष १२, अङ्क १३, वैशाख ७, २०६६), पृ. ६ ।

गिरी, वानीरा, *दुर्गम उचाइमा फूलको आँधी,* **पुनर्जागरण**, (२०६० जेठ ६), पृ. २ ।

भण्डारी, डी.पी., मोमिला र लोचन : झङ्कार दुई लक्ष्य एक, **कान्तिपुर**, (वैशाख ५, २०६१), पृ. ४ ।

# परिशिष्ट खण्ड

‘दुर्गम उचाइमा फूलको आँधी’ कवितासङ्ग्रहको आवरण पृष्ठ

